# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

ऐतिहासिक उपन्यासका क्षेत्रमा सशक्त कलम चलाउने सुन्दरप्रसाद शाह 'दुःखी' को उपन्यासका विषयवस्तुमा जेजति अध्ययनहरू भए ती अध्ययनहरू परिचयात्मक रूपमा भएका छन् । त्यसैले 'दुःखी' का  उपन्यासको गहिराइसम्म पुगेर अध्ययन विश्लेषण हुन आवश्यक देखिन्छ । यही आवश्यकता परिपूर्ति गर्न उपन्यासकार 'दुःखी' को **बहादुर शाह** उपन्यासको औपन्यासिक विधातत्त्वका आधारमा कृतिपरक अध्ययन विश्लेषण गर्नु रहेको छ । ती समस्याहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

क) सुन्दरप्रसाद शाह 'दुःखी' को जीवनी र उपन्यास लेखनका बीच के कस्तो अन्तः सम्बन्ध रहेको छ ?

ख) सुन्दरप्रसाद शाह 'दुःखी' को औपन्यासिक यात्रामा के कस्ता चरणहरू रहेका छन् ?

ग) उपन्यास विधाका  के कस्ता सैद्धान्तिक मान्यताहरू छन् ?

घ) नेपाली ऐतिहासिक उपन्यास परम्परा के कस्तो छ ?

ङ) औपन्यासिक विधातत्त्वका आधारमा  **बहादर शाह** उपन्यासको कृतिपरक अध्ययन के कसरी गर्न सकिन्छ ?

## १.४ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठेका समस्याहरूको निरूपण गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । अर्थात् औपन्यासिक विधा सचेतनाका आधारमा कृतिको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । जसलाई बुँदागत रूपमा यस प्रकार दिइएको छ :

क) सुन्दरप्रसाद शाह 'दु:खी' को जीवनी र उपन्यासलेखनका बीचमा रहेका अन्तः सम्बन्ध उल्लेख गर्नु,

ख) सुन्दरप्रसाद शाह 'दु:खी' को औपन्यासिक यात्राको चरणगत वर्गीकरण गर्नु,

ग) उपन्यास विधाको सैद्धान्तिक मान्यताहरूको अध्ययन गर्नु,

घ) नेपाली ऐतिहासिक उपन्यास परम्परा केलाउनु,

ङ) औपन्यासिक विधातत्त्वका आधारमा **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

सुन्दरप्रसाद शाह 'दु:खी' का बारेमा विभिन्न पत्रपत्रिका र समालोचनात्मक कृतिमा विभिन्न साहित्यकार र समालोचकहरूले फाटफुट रूपमा चर्चा गरेका छन् जसलाई कालक्रमिक ढङ्गले निम्नअनुसार प्रस्तुत गरिएको छ :

- घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५१) मा सुन्दरप्रसाद शाह 'दु:खी' को उपन्यास ऐतिहासिक तथ्यलाई प्रस्तुत गर्ने र औपन्यासिक शिल्पलाई पनि रोचकताका साथ प्रस्तुत गर्न सफल छ[१] भनी चिनारी दिएका छन् ।
- सुकसंक प्रकाशन ले **बहादुर शाह** (२०५२) उपन्यासको प्रकाशकीय भूमिकामा सुन्दरप्रसाद शाहलाई ऐतिहासिक उपन्यासकार भन्दै उनको **बहादुर शाह** उपन्यास नेपाली उपन्यास साहित्यमा महत्त्वपूर्ण प्राप्ति हो[२] भनिएको छ ।

---

[१] घटराज भट्टराई, **नेपाली लेखक कोश**, (काठमाडौँ : नेशनल रिसर्च एसोसियट्स्, २०५१), पृ. ५०० ।

[२] प्रकाशकीय भूमिका, **बहादुर शाह,** (काठमाडौँ, सुकसंक प्रकाशन, २०५२) ।

- त्रिनेत्र, 'बहादुर शाह' **हिमशिखर** (२०५२) मा सुन्दरप्रसाद शाह नेपालको ख्यातिप्राप्त व्यक्तित्व हुनाका साथै उनको **बहादुर शाह** उपन्यासले पुरानो विषयमा सजीवता थपेको र त्यसबखतको वातावरण र धारणालाई चलचित्रको पारामा दर्शाएको ठान्नु उत्युक्ति हुँदैन[३] भनिएको छ ।

- राजाराम सुवेदीले **मधुपर्क** (२०५३) मा 'राष्ट्र प्रेम झल्काउने' कृति शीर्षकको लेखमा **बहादुर शाह** उपन्यासमा औपन्यासिक शिल्प, आकर्षक र ठेट नेपाली भाषाको प्रयोगबाट घतलाग्दो घटनालाई लेखकले पाठकसामु ऐनाजस्तो स्पष्ट र इतिहासको रुखो र खरो घटनालाई सुकोमल बनाउन सफल भएका छन्[४] भनिएको छ ।

- हेमराज पाण्डे 'अभागी' ले **हिमालय टाइम्स** (२०५३) मा बहादुर शाह एउटा इतिहाससम्बद्ध उपन्यास' शीर्षकको लेखमा इतिहासको घटनाक्रमलाई शृङ्खलाबद्ध रूपमा गहिरिएर यथार्थ छर्लङ्ग्याउने सूची बन्नुका साथै उपन्यासको निम्ति आवश्यक खुराक पनि प्रस्तुत गर्न सफल भएको छ[५] भनिएको छ ।

- घटराज भट्टराईले **कान्तिपुर कोसेली** (२०५३) मा 'ऐतिहासिक उपन्यास **बहादुर शाह**' शीर्षकको लेखमा सुन्दरप्रसाद शाहले प्रस्तुत उपन्यासमा वीर विभूतिको जीवनचरित्रलाई जीवन्त रूपमा उतार्न सफल तथा प्रशासनिक बोझ र झमेलाबाट फुर्सद पाई समयको सदुपयोग गर्ने क्रममा लेखिएको प्रस्तुत उपन्यास पठनीय बनेको छ[६] भनेका छन् ।

---

[३] त्रिनेत्र, बहादुर शाह, **हिमशिखर,** वर्ष १, अङ्क २, (काठमाडौँ : फागुन, २०५२), पृ २५ ।

[४] राजाराम सुवर्दी, राष्ट्रप्रेम झल्काउने कृति, **मधुपर्क,** (काठमाडौँ : साउन, २०५३), पृ. १८-१९ ।

[५] हेमराज पाण्डे, 'अभागी', बहादुर शाह एउटा इतिहाससम्बद्ध उपन्यास, **हिमालय टाइम्स,** (काठमाडौँ : मंसीर, १२, २०५३), पृ ५ ।

[६] घटराज भट्टराई, ऐतिहासिक उपन्यास बहादुर शाह, **कान्तिपुर कोसेली**, (काठमाडौँ : माघ, २७, २०५३) ।

- चेतनाथ पौडेलले **सुन्दरप्रसाद शाहको जीवनी व्यक्तित्व र कृतित्त्व** (२०५८) शीर्षकको अप्रकाशित शोधपत्रमा नेपालको इतिहासमा वीर साहसी देशप्रेमी भएर पनि षड्यन्त्रकारीहरूको सिकार बनेर मर्माहित भई जीवनयापन गर्न बाध्य **बहादुर शाह**को जीवनक्रममा घटेका घटनाहरूलाई विषयवस्तुका रूपमा समेटेर **बहादुर शाह** उपन्यास लेखिएको छ[७] भनेका छन् ।

- चूडामणि भट्टराईले **सुन्दरप्रसाद शाह 'दु:खी' को उपन्यासको अध्ययन** (२०५८) शीर्षकको अप्रकाशित शोधपत्रमा भाषिक दृष्टिले समेत हालसम्म प्रकाशित ऐतिहासिक उपन्यासहरूमा 'दु:खी'का उपन्यासहरू उत्कृष्ट देखिएका छन्[८] भनिएको छ ।

यसप्रकार केही चर्चापरिचर्चा भएको देखिए पनि **बहादुर शाह** को कृतिपरक अध्ययन भने कसैले गरेका छैनन् । त्यसैले यस शोधपत्रमा **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य

नेपाली उपन्यास परम्पराको समसामयिक युगका उपन्यासकार सुन्दरप्रसाद शाह 'दु:खी'का इतिहाससम्बद्ध उपन्यास **बहादुर शाह** हो । इतिहासमा घटेका घटनाहरू उपन्यासमार्फत् पाठकलाई दिन सकेकोमा शाहको कदर र **बहादुर शाह** उपन्यासको उचित मूल्याङ्कन हुन आवश्यक छ । यस उपन्यासका बारेमा अग्रज विद्वानहरूले छिटपुट रूपमा टीकाटिप्पणी गरे पनि यसको व्यापक रूपमा अध्ययन नभइसकेको अवस्थामा यस शोधकार्यको औचित्य महत्त्वपूर्ण रहेको छ । **बहादुर शाह** उपन्यासको बारेमा थप अध्ययन विश्लेषण गर्न चाहने जोसुकै व्यक्ति र अध्येताहरूलाई पनि यस शोधकार्यले थप जानकारी र सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको औचित्य बढी रहेको छ । आधुनिक कालमा अन्य कतिपय उपन्यासका तुलनामा यस

---

[७] चेतनाथ पौडेल, **सुन्दरप्रसाद शाह 'दु:खी'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित) शोधपत्र, (काठमाडौँ : २०५८), पृ. १६४ ।

[८] चूडामणि भट्टराई, सुन्दरप्रसाद शाह 'दु:खी'को उपन्यासको अध्ययन, (अप्रकाशित) स्नातक शोधपत्र, काठमाडौँ : २०५८), पृ. २६ ।

उपन्यासको स्थिति प्रायः गुप्त नै देखिन्छ । यसकारण व्यापक रूपमा अध्ययन गरी थप प्रकाशनमा ल्याउनु रहेकोले यसको महत्त्व र उपयोगिता उच्च रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

सुन्दरप्रसाद शाह 'दु:खी'का अन्य विधाहरूको अध्ययन नगरी उपन्यास विधाको र त्यसमा पनि **बहादुर शाह** उपन्यासमा केन्द्रित भई त्यसको कृतिपरक अध्ययन गर्नु यस शोधकार्यको सीमाङ्कन हो ।

## १.८ सामाग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यमा कृतिपरक शोधविधिले अपेक्षा गर्ने खालका पद्धतिहरूको उपयोग गर्दा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । त्यस्तै पत्रपत्रिकामा गरिएका समीक्षा र टीकाटिप्पणीलाई सहायक सामग्रीका रूपमा लिइएको छ । आफू भन्दा पूर्वका शोधकर्ताले र उनका कृतिका बारेमा गरेका शोधपत्रलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । सम्बन्धित क्षेत्रका विद्वान्, प्राध्यापक, समालोचक आदिबाट पनि आवश्यक सल्लाह र सुझाउहरू लिइएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यमा समस्याको समाधानको लागि ऐतिहासिक पद्धति अपनाइएको छ । साथै कृतिको विवेचना गर्ने क्रममा वर्णनात्मक, विवरणात्मक तथा विश्लेषणात्मक पद्धति अपनाइएको छ । यसक्रममा उपन्यास विधा तत्त्वमा आधारित भएर कृतिपरक शोधढाँचाको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार परिच्छेद र शीर्षकमा तयार पारिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : सुन्दरप्रसाद शाह 'दु:खी'को जीवनी र उपन्यास लेखनको सम्बन्ध

तेस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक मान्यता, नेपाली ऐतिहासिक उपन्यास परम्परा तथा सुन्दरप्रसाद शाह 'दु:खी'को औपन्यासिक चरणगत विभाजन ।

चौथो परिच्छेद : औपन्यासिक विधा तत्त्वका आधारमा **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

प्रस्तुत शोधकार्यमा उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन र विश्लेषण गरिएको छ । अन्त्यमा शोधकार्यमा प्रयोग भएका पुस्तक, पत्रपत्रिका शोधपत्रहरूको प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# सुन्दरप्रसाद शाह 'दुःखी'को जीवनी र उपन्यास लेखनका बीच अन्तः सम्बन्ध

## २.१ सुन्दरप्रसाद शाह 'दुःखी'को सङ्क्षिप्त परिचय

### २.१.१ वंशावली

पृथ्वीपति शाहका ६ खोपी १२ टोपीमध्ये जेठो छोरा वीरभद्र शाह हुन् । वीरभद्र शाहका भाइ चन्द्ररूप शाहका सन्तान विष्णुरूप शाह हुन् । विष्णुरूप शाहका छोरा जीवन शाह हुन् । जीव शाहका छोरा प्राण शाह हुन् । प्राण शाहका छोरा फत्येजङ्ग शाह हुन् र फत्येजङ्ग कै भाइ रणेश्वर शाह हुन् । रणेश्वर शाहका छोरा मोहनप्रसाद शाह हुन् र मोहनप्रसाद शाहका छोरा राजेन्द्रप्रसाद शाह हुन् र तिनै राजेन्द्रप्रसाद शाहका छोरा सुन्दरप्रसाद शाह 'दुःखी' हुन् ।[९]

### २.१.२ सुन्दरप्रसाद शाहको जन्म तथा जन्मस्थान

सुन्दरप्रसाद शाह 'दुःखी' साहित्यिक व्यक्तित्व हुन् । चौतारिया खलकसित सम्बन्धित राजेन्द्रप्रसाद शाह तथा पीताम्बरेश्वरी देवी शाहका तेस्रो पुत्रका रूपमा सुन्दरप्रसाद शाहको जन्म वि.सं. १९८८ भाद्र २० गतेका दिन काठमाडौंको ज्ञानेश्वरमा भएको हो । यिनको न्वरानको नाम बोधप्रसाद शाह भए पनि बोलाउने नाम सुन्दरप्रसाद शाह रहन गयो ।[१०]

---

[९] शोध नायकबाट प्राप्त जानकारी ।

[१०] दिनेशराज पन्त, **गोरखाको इतिहास पहिलो भाग**, (काठमाडौं: दिनेशराज पन्त, २०४७) पृ.१६५ ।

### २.१.३ विवाह तथा सन्तान

सुन्दरप्रसाद शाह 'दुःखी'को विवाह वि.सं.२०१९ मा करुणा शाहसँग भएको थियो । विवाहपश्चात् एक छोरा र एक छोरी रहेका छन् जसलाई शाहले उच्च शिक्षा प्रदान गरी शिक्षित बनाएर कर्तव्यपथमा लगाएका छन् ।

### २.१.४ शिक्षा दीक्षा

आफ्नो प्रारम्भिक शिक्षा घरमै पूरा गरेका थिए । लक्ष्मीप्रसाद देवकोटा घरमै ट्युसन पढाउन आउने गर्दथे । मावलीपट्टि पनि भीमनिधि तिवारीसँग राम्रै सम्पर्क थियो । वालकृष्ण समसँग पनि छिमेकी भएकाले आवतजावत राम्रै थियो ।[११] दुःखीले घरमै संस्कृत, नेपाली र अङ्ग्रेजीको प्रारम्भिक ज्ञान प्राप्त गरेपछि एकैचोटि दरबार हाइस्कुलमा नौ कक्षादेखि औपचारिक अध्ययन आरम्भ गरेका थिए । सोही विद्यालयबाट दोस्रो श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेपछि त्रि-चन्द्र कलेजबाट वि.सं. २००७ सालमा दोस्रो श्रेणीमा आई.एस्सी. पूरा गरे । त्यसपछि नेपालमा बी.एस्सी. अध्ययनको व्यवस्था नभएकोले त्रिचन्द्र क्याम्पसमै बी.ए.मा भर्ना भए । २००९ सालमा बी.ए. पनि दोस्रो श्रेणीमा उत्तीर्ण भए । वि.सं. २०११ मा अङ्ग्रेजी विषयमा एम.ए.को अध्ययन प्रारम्भ गरे पनि दोस्रो वर्षको पूरै परीक्षा दिन नसकेका कारण यिनको सो तहको अध्ययन भने अधुरै रह्यो ।[१२]

### २.१.५ साहित्यिक प्रेरणा र प्रभाव

सुन्दरप्रसाद शाह 'दुःखी' सम्पन्न परिवारमा सुखपूर्वक रहे पनि आफूलाई 'दुःखी' उपनामले चिनाउन चाहन्छन् । उनको सोचाइ अनुसार दुःखमा डुबुल्की नमारी कोही पनि सुखी हुन सक्दैन । त्यसैले आफूले 'दुःखी' उपनाम चुनेको धारणा छ ।[१३] 'दुःखी'ले किशोरावस्थादेखि नै नववर्ष, विजयादशमी, दीपावली आदिमा कवितात्मक, शुभकामना

---

[११] शोध नायक, पूर्ववत् ।

[१२] चेतनाथ पौडेल, पूर्ववत्, पृ. १७ ।

[१३] ऐजन, पृ.२४ ।

आदानप्रदान गर्ने गर्थे । यसै कार्यबाट प्रेरित भई सर्वप्रथम कविताका क्षेत्रमा कलम चलाउन थालेका र २००५/००६ सालतिर योगी नरहरी नाथसँगको सम्पर्कको कारण प्रेरित भएर नेपाली साहित्यतर्फ लागेका हुन् । यसका साथसाथै सानैदेखि लक्ष्मीप्रसाद देवकोटा वालकृष्ण समसँग शाहको घनिष्ट सम्बन्ध थियो जसको प्रत्यक्ष 'दुःखी' मा परेको देखिन्छ । यति मात्र नभएर भीमनिधि तिवारीका सरल र सहज कृतिबाट उती वढी प्रभावित भएको पाइन्छ । श्रीमती करुणा शाहले पनि साहित्य लेखनका निम्ति सदैव घच्घच्याईरहने 'दुःखी'को आत्मस्वीकार छ । समग्रमा हेर्दा तत्कालीन साहित्यिक व्यक्तित्वसँगको घुलमेल र पारिवारिक उत्प्रेरणाले 'दुःखी' लेखनमा प्रेरित भएका हुन् ।

## २.१.६ लेखन आरम्भ तथा प्रकाशन

सुन्दरप्रसाद शाहले लेखन आरम्भ १४ वर्षे विद्यार्थी कालदेखि नै गरेका हुन् । उनले वि.सं. २००२ सालमा 'बालक' शीर्षकको कविता लेखेका थिए । उनको कृतिले प्रकाशनको अवसर भने वि.सं. २००४ मा मात्र प्राप्त गऱ्यो । प्रकाशनका दृष्टिले वि.सं. २००४ मा गोरखापत्रमा प्रकाशित 'पंक्षी' शीर्षकको कविता प्रथम हो । त्यसपछि मात्रिक छन्दमा लेखिएको 'झन्किरहोस् झन्कार' वि.सं.२००७ शीर्षकको कविता तारिणीप्रसाद कोइरालाले प्रकाशन गरेको **झन्कार** पत्रिकामा छापियो । यस बाहेक रेडियो नेपालबाट कविता सुनाउने, गीति कहानी सुनाउने कार्य भयो ।[१४] पुस्तककार कृतिमा भने उनको **कविताकामना** (२००९) कवितासङ्ग्रह प्रथम कृति हो । त्यसपछि निरन्तर साहित्यमा साधातारत 'दुःखी'का थुप्रै प्रकाशित तथा अप्रकाशित कृतिहरू छन् जसको विवरण निम्नानुसार दिइएको छ :

**प्रकाशित कृतिहरूः**

क) **कविताकामना** (कवितासङ्ग्रह) वि.सं. २००९

ख) **झागल गुरुङ** (ऐतिहासिक नाटक) वि.सं. २०११

---

[१४] शोध नायक, पूर्ववत् ।

ग)**अन्धविश्वास** (मौलिक पूर्णाङ्की नाटक) वि.सं. २०१३

घ) **कालो बादल** (कहानीसङ्ग्रह ) वि.सं. २०४०

ङ) **प्रतिवाद** (इतिहाससम्बद्ध उपन्यास) २०४०

च) **त्रिफट्** (इतिहाससम्बद्ध उपन्यास) वि.सं. २०४२

छ) **बहादुर शाह** (इतिहाससम्बद्ध उपन्यास) वि.सं.२०५२

ज)**कान्तवती** (इतिहाससम्बद्ध उपन्यास) वि.सं. २०५५

झ) **सानो हजुर** (इतिहाससम्बद्ध उपन्यास) वि.सं.२०६१

**अप्रकाशित कृतिहरू :**

क) जीवन ज्याति (एकाङ्की)

ख) पाँच एकाङ्की (नाटक)

ग) ऐतिहासिक एकाङ्की (एकाङ्की सङ्ग्रह)

घ) कविता रानी (कविता सङ्गंह )

ङ) विशाल नेपाल (ऐतिहासिक नाटक)

च) आधुनिक नेपालसम्बन्धी ऐतिहासिक उपन्यास (नाम नजुराएको )

छ) कथा सङ्ग्रह (नाम नजुराएको )[१५]

'दुःखी'का साहित्य साधना अझै पनि निरन्तर रहेको हुँदा आफ्ना रचनाका पाण्डुलिपिहरू परिमार्जन गरी रहेको जानकारी स्वयम् 'दुःखी'बाट प्राप्त भयो ।

## २.१.७ पेसागत संलग्नता

सुन्दरप्रासाद शाह 'दुःखी' साहित्यिक व्यक्तित्व हुन् तापनि उनी साहित्य लेखनमा मात्र सीमित छैनन् । सम्पन्न परिवारमा जन्मिएकाले आफ्नो जीवन यापनमा

---

[१५] चेतनाथ पौडेल, पूर्ववत्, पृ. २४

कुनै समस्या आएन । प्रशस्त मात्रामा पुर्ख्यौली सम्पत्तिहरू थिए । पोखरा, हेटौडा, काभ्रे र तराईमा यिनका नाममा प्रशस्त घर घडेरी तथा जग्गा जमिन रहेको देखिन्छ ।[१६] आफ्नो एम.ए. को अध्ययन पूरा नगर्दै २५ वर्षको उमेरदेखि नै सरकारी जागिरको सुरुआत गरेका छन् । विशेषतः उनको संलग्नता सरकारी उच्च पदमा रहयो । वि.सं. २०१३ मा सहायक सचिव, २०१५ सालमा संसद सचिवालयको डेपुटी सेक्रेटरी, २०१९ सालमा राष्ट्रिय पञ्चायतको पहिलो सचिव, २०२४ सालमा गृह पञ्चायतको सचिव, २०२६ सालमा सूचना संचार मन्त्रालयको सचिव, २०३० सालमा प्रमुख निर्वाचन आयुक्त, २०३६ साल देखि २०३९ सालसम्म बागमती अञ्चलाधीस जस्ता अनेक पदमा आसीन हुन पुगे भने २०४७ सालदेखि २०५२ सालसम्म राजसभा स्थायी समितिका सदस्य समेत भएका थिए । हाल यिनी राजसभाका सम्मानित सदस्य भने यथावत नै रहेका छन् ।[१७] यसरी उनले सरकारी सेवामा कार्यरत रहँदा नेपालका अधिकांश ठाउँमा घुम्ने अवसर पनि प्राप्त गरेका थिए ।

## २.१.८ रुचि तथा स्वभाव

विद्यार्थी जीवनमा फुटबल खेलप्रति सुन्दरप्रसाद शाहको रुचि थियो । पछि व्याटमिन्टन खेलतिर पनि चासो देखाउन थालेका थिए । सानैदेखि कविता लेख्न अभ्यास गरी रहने उनको चासो पद्यलयप्रति बढ्ता देखिन्छ । पत्रपत्रिका पढ्नु तथा विभिन्न किसिमका ऐतिहासिक ग्रन्थहरू अध्ययन गर्नु उनको रुचिको विषय हो । हिजोआज धार्मिक ग्रन्थ, तन्त्रविज्ञान र ऐतिहासिक तथ्यहरू पढ्नमा ज्यादा रुचि राख्ने गरेको जानकारी पाइन्छ ।[१८] बोल्दा छिट्छिटो बोल्ने, कतै नबुझिए जस्तो तर अत्यन्त हाउभाउ प्रदर्शन गरी बोल्ने मिजासिलो स्वभाव उनमा पाइन्छ ।

---

[१६] ऐजन पृ. २० ।

[१७] ऐजन ।

[१८] शोध नायक, पूर्ववत् ।

### २.१.९ सम्मान तथा पुरस्कार

सुन्दरप्रसाद शाह 'दुःखी' बहुमुखी प्रतिभा भएका साहित्यकार हुन् । साहित्यका कविता, नाटक, कथा एवम् उपन्यास विधामा यिनले कलम चलाएका छन् । यी विधाहरूमध्ये उर्वर विधाका रूपमा उपन्यास विधालाई लिन सकिन्छ । सुन्दरप्रसाद शाह 'दुःखी' साहित्यकार मात्र नभएर एउटा कुशल प्रशासक पनि हुन् । उनले सरकारी विभिन्न उच्च पदमा रहेर सेवा प्रदान गरेका छन् । उनको साहित्य लेखन तथा कुशल प्रशासकीय व्यक्तित्वको कदर गर्दै विभिन्न सम्मान तथा पदकहरूले विभूषित गरिएको छ । ती सम्मान तथा पुरस्कारहरूको सूची निम्नानुसार छन् :

१) खोरखा दक्षिणबाहु प्रथम

२) त्रिशक्ति पट्ट प्रथम श्रेणी

३) नेपाल श्रीपद द्वितीय श्रेणी

४) महेन्द्र राज्याभिषेक पदक

५) वीरेन्द्र राज्याभिषेक पदक

६) जानपद सेवा पदक

७) जनमतसङ्ग्रह पदक

८) वीरेन्द्र रजक जयन्ती पदक

९) वेदनिधि पुरस्कार [१९]

## २.२ सुन्दरप्रसाद शाह 'दुःखी'को व्यक्तित्व

सादा जीवन उच्च विचारका धनी सुन्दरप्रसाद शाह 'दुःखी' को ठूलो निधार, लाम्चो अनुहार तथा सामान्य शरीर रहेको छ । ७६ वर्षको उमेरमा पनि उनी हट्टाकट्टा र फुर्तिला देखिन्छन् । सुगठित शारीरिक बनावट भएका शाहले बोल्दा कहिलेकाही

[१९] ऐजन ।

अड्किने गर्दछन् । यति भइकन पनि बोलीमा शुद्धता र मिठास भने नपाइने होइन । सम्पतिभन्दा इज्जत र प्रतिष्ठा ठूलो हो भन्ने शाहले कहिल्यै अनैतिक कार्य गरेर सम्पति कमाएनन् । समुद्रजस्तै शान्त र गम्भीर स्वभावका धनी 'दुःखी' सुखमा मात्तिने र दुःखमा अत्तिने खालका व्यक्ति होइनन् ।[२०]

## २.२.१ साहित्यिक व्यक्तित्व

सुन्दरप्रसाद शाह 'दुःखी' को व्यक्तित्व जति आकर्षक र प्रेरक छ साहित्यिक व्यक्तित्व त्यो भन्दा कम छैन । साहित्यमार्फत् इतिहासका ताजा तथ्यलाई पनि उजागर गर्नु पर्छ भन्ने शाहको साहित्यिक यात्रारम्भ प्रकाशित रूपमा वि.सं. २००४ बाट भएको हो । त्यो क्रम आजसम्म पनि निरन्तर रूपमा अगाडि बढी रहेको छ । उनले कविता विधाबाट आफ्नो साहित्ययात्रा आरम्भ गरेका हुन् । त्यसपछि आफ्नो कलम विविध विधामा चलाउन  सफल छन् । कविताबाट थालनी भएको उनको साहित्य यात्रा नाटक, कथा, एकाङ्की र उपन्यास विधामा फैलिएको छ । यी विविध विधामा कलम चालाए पनि साहित्यकारको रूपमा भने उनलाई उपन्यास विधाले नै स्थापित गराएको छ । यद्यपि समग्र व्यक्तित्वको चर्चा गर्दा यिनले कलम चलाएका सम्पूर्ण विधाहरूको बारेमा सङ्क्षिप्त रूपमा चर्चा गर्नु आवश्यक छ । यिनका साहित्यिक व्यक्तित्वका विविध पाटाहरूलाई यसप्रकार देखाइएको छ :

### २.२.१.१ कवि व्यक्तित्व

सुन्दरप्रसाद शाह 'दुःखी'को साहित्य आरम्भ कविताबाट भएको हो । उनले वि.सं.२००२ मा 'बालक' शीर्षकको कविता लेखी आफ्नो कवि व्यक्तित्वको परिचय दिइसकेका थिए । त्यसपछि वि.सं. २००४ मा गोरखापत्रमा 'पंक्षी' नामको  कविता प्रकाशित गरे । कविता प्रकाशनकै क्रममा तारिणीप्रसाद कोइरालाले प्रकाशन गरेको **झन्कार** पत्रिकामा वि.सं. २००७ मा 'झन्कीरहोस् झन्कार' शीर्षकमा अर्को कविता

[२०] चेतनाथ पौडेल, पूर्ववत्, पृ. २५ ।

प्रकाशित गरे । यो कविता मात्रिक छन्दमा लेखिएको थियो । फुट्कर कविताहरू पत्रपत्रिकातिर छपाउने र रेडियो नेपालमार्फत पनि सुनाउँदासुनाउँदै सङ्ग्रहको रूपमा वि.सं. २००९ मा **कविताकामना** कवितासङ्ग्रह प्रकाशित भएको छ । त्यसपछि उनले कविता फाटफुट रूपमा मात्र छपाए भने सङ्ग्रहको रूपमा तयारी अवस्थामा रहेको जानकारी प्राप्त छ ।

### २.२.१.२ नाटककार व्यक्तित्व

कविका तुलनामा नाटकमा उनी केही फराकिला छन् । इतिहाससँग सम्बन्धित नाटकको रचना नाटकको प्रमुख क्षेत्र हो । उनका **झाँगल गुरुङ** (२०११) र **अन्धविश्वास** वि.सं. २०१३ प्रमुख नाट्यकृति हुन् ।[२१] विषयवस्तुका दृष्टिकोणले **झागल गुरुङ** ऐतिहासिक देखिन्छ भने अन्धविश्वास मौलिक नाटक हुन् । नाटक श्रव्यविधामा मात्र सीमित नभई दृश्यविधा पनि हो, त्यसैले उनका नाटकपनि मञ्चनयोग्य छन् । यिनका 'जीवन ज्योति' र 'विशाल नेपाल' नाटक प्रकाशोन्मुख अवस्थामा छन् । पूर्णाङ्की नाटकका साथै यिनले एकाङ्कीमा पनि कलम चलाएका छन् । यिनका पाँच एकाङ्की नाटक ऐतिहासिक एकाङ्की शीर्षकका एकाङ्कीसङ्ग्रहहरू तयार भइसकेको भए पनि प्रकाशित हुन सकेको छैनन् ।[२२]

### २.२.१.३ कथाकार व्यक्तित्व

सुन्दरप्रसाद शाह 'दुःखी' ले कथा लेखनमा पनि आफ्नो कलम चलाएका छन् । वि.सं.२००६ सालदेखि कथा लेख्न थालेको देखिन्छ । उनका एक दर्जन कथाहरूको सङ्कलन सन् १९५८मा **कालो बादल** कथासङ्ग्रहको रूपामा प्रकाशित छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा यिनका फाटफुट कथाहरू प्रकाशित भइरहेका छन् ।

[२१] चूडामणि भट्टराई, पूर्ववत्, पृ. ६७ ।

[२२] ऐजन ।

'ठूलो मान्छे' शीर्षकको कथा, **रत्नश्री,** पत्रिकामा छापिएर उत्कृष्टता हाँसिल गरेको हुनाले कथाकार 'दुःखी' लाई 'रत्नश्री' स्वर्णपदकद्वारा सम्मानित गरिएको थियो ।[२३]

### २.२.१.४ उपन्यासकार व्यक्तित्व

सुन्दरप्रसाद शाह 'दुःखी'ले विविध विधामा कलम चलाए पनि उपन्यास विधामा विशेष ख्याति प्राप्त गरेका छन् । यिनका **प्रतिवाद** (२०४०), **त्रिफट्** (२०४२), **बहादुर शाह** (२०५२), **कान्तवती** (२०५५), **सानो हजुर** (२०६१) उपन्यासहरू प्रकाशित छन् । यी उपन्यासहरू ऐतिहासिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण छन् । 'दुःखी' का यी प्रकाशित सबै उपन्यासहरूमा तत्कालीन राजनैतिक आरोह एवम् अवरोहको गहन घटनाहरूको प्रस्तुतीकरण गरेका छन् । 'दुःखी' इतिहासका विषयहरू चाखका साथ निकै खोजविन गरी पढ्ने हुनाले इतिहासको तथ्य घटनाहरू उपन्यासमार्फत बाहिर ल्याउन उनका उपन्यासहरू समर्थ छन् ।

### २.२.१.५ सम्पादक व्यक्तित्व

सुन्दरप्रसाद शाह 'दुःखी' सम्पादक व्यक्तित्वका रूपमा पनि देखिन्छन् । वि.सं. २०१० मा यिनले **कोसेली** द्वैमासिक पत्रिकाको सम्पादन तथा प्रकाशन गरेको पाइन्छ । उनले २०११ सालमा आफ्नै कृति **झागल गुरुङ्**को प्रकाशन आफै गराएका थिए । 'भक्त अम्वरीश र प्रशस्ति रत्नम्' नामक कृतिहरू पनि यिनकै संलग्नतामा प्रकाशित भएका थिए ।[२४] यिनका सम्पादन व्यक्तित्वको समयावधि त्यति लामो देखिदैन तापनि यसप्रति चासो तीब्र देखिन्छ । हाल यिनको आफ्नै 'सुकसंक प्रकाशन' रहेको छ । अधिकांश कृतिहरू यही प्रकाशनमार्फत प्रकाशित गर्ने गरेका छन् ।

### २.२.१.६ साहित्येतर व्यक्तित्व

साहित्यिक विधाबाहेक यिनले साहित्यतर विधामा पनि प्रशस्त कलम चलाएको देखिन्छ । जागिरका क्रममा विभिन्न पदहरूमा आसीन हुनपुग्दा पञ्चायत, भूमिसुधार,

---

[२३] ऐजन ।

[२४] चेतनाथ पौडेल, पूर्ववत्, पृ. ३० ।

निर्वाचनसम्बन्धी अनेक रचनाहरू प्रकाशित भएका छन् ।[२५] इतिहासका गहन अध्येता भएकाले उनका सबै कृतिमा त्यही कुरा झल्किएको देखिन्छ । साहित्यलाई समाजको ऐनाका रूपमा ठान्ने 'दु:खी' सामाजिक, राजनैतिक एवं धार्मिक कार्यमा संलग्न रहेको पाइन्छ । यसरी हेर्दा बहुमुखी प्रतिभाका धनी 'दु:खी' साहित्यकार कुशल प्रशासक एवं प्रतिभाशाली व्यक्तित्वका रूपमा स्थापित भएका छन् ।

## २.३ सुन्दरप्रसाद शाह 'दु:खी' को जीवनी र उपन्यास लेखनको अन्त: सम्बन्ध

कुनै पनि स्रष्टाको आफ्ना रचनाहरूमा  कुनै न कनै रूपमा स्वजीवनको प्रभाव परेको हुन्छ । अर्थात् कुनै पनि साहित्यकारले आफ्नो दैनिक जीवनशैली, समाज संस्कृति र परिवेशबाट अलग रहेर साहित्य सिर्जना गर्न असम्भव देखिन्छ ।

सुन्दरप्रसाद शाह 'दु:खी' ले **प्रतिवाद, त्रिफट्, बहादुर शाह**, **कान्तवती सानो हजुर** गरी पाँचवटा उपन्यासहरू प्रकाशित भएका छन् । विषयवस्तुको स्रोतका हिसावले यी सबै उपन्यासहरू ऐतिहासिक देखिन्छन् । जागिरे जीवनबाट अवकाश पाएपछि जीवनको उत्तरार्धमा यिनका उपन्यासहरू प्रकाशित भएका छन् । सरकारी कार्यालयमा रहँदा आफूले इतिहासका विषयवस्तु प्रशस्त अध्ययन गरेको देखिन्छ । नेपालका अधिकांश भू-भाग र वेतियासम्मको यात्राबाट थुप्रै तथ्यहरू बटुलेका थिए । शाह वंशका आफू पनि भएकाले शाह वंशीय परम्पराको अध्ययन नजिकबाट गरिरहेका थिए । प्रशस्त तथ्यहरूको सङ्कलनपश्चात उपन्यास तयार गरेका छन् । उनका पाँचवटै उपन्यासमा शाहवंशीय नेपाली समाजको चित्रण भएको  पाइन्छ । **प्रतिवाद**मा चौतारिया गुरूप्रसाद शाहको वाद प्रतिवादलाई नै मुख्य विषयवस्तुको रूपमा लिइएको छ भने **त्रिफट्**मा श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका माइला भाइको जीवनकालको सेरोफेरोमा लेखिएको छ । **बहादुर शाह** उपन्यासमा तत्कालीन राजनैतिक परिवेशसँग भारदारहरूको गुटबन्धीले ल्याएको विकराल राजनैतिक

[२५] ऐजन ।

अस्थिरता प्रस्तुत गरिएको छ । **कान्तवती**मा कान्तवतीको चारित्रिक  वर्णनसँग रणबहादुर शाह र कान्तवती  बीचको प्रेम प्रणय देखाउन खोजिएको छ । यसरी हेर्दा सबै विषयवस्तुहरू शाह वंशसँग सम्बन्धित छन् । **बहादुर शाह** उपन्यासका प्रमुख पात्र बहादुर शाह नै हो । जहिले पनि राज्यको लागि आफू मरिमेटेको देखिन्छन् । अत्यन्त धैर्यवान् पात्रका रूपमा देखिन्छ ।  आफ्नो व्यक्तिगत स्वार्थको निम्ति कति पनि कदम चाल्दैन । बरु भारदारहरूको षड्यन्त्रको शिकार भएको देखिन्छ । यसरी हेर्दा सुन्दरप्रसाद शाह 'दु:खी' को प्रत्यक्ष सरोकार चौतारियाहरूसँग रहेको देखिन्छ । अत: आफूले बाँचेको समाज, संस्कृति, वातावरण, उनका उपन्यासमा देख्न सकिने भएकाले उनको जीवनी र उपन्यासका अन्त: सम्बन्ध रहेको छ ।

## २.४ उपन्यासकार 'दु:खी'को औपन्यासिक यात्रा

सुन्दरप्रसाद शाह 'दु:खी'को उपन्यास वि.सं. २०४० देखि प्रकाशन भएको हो । उनी हालसम्म नै उपन्यास लेखनमा साधनारत छन् । उनको अन्तिम उपन्यास वि.सं. २०६१ मा प्रकाशित भएको छ । अरू कृतिहरू पनि प्रकाशनको तयारीमा रहेका देखिन्छन् । यसरी हेर्दा उनको उपन्यास प्रकाशनको समयावधि करिब-करिब २४ वर्षको देखिन्छ । यस समयावधिमा उनका जम्मा पाँचवटा उपन्यासहरू प्रकाशित देखिन्छन् । उनको औपन्यासिक यात्रालाई समयावधिको हिसाबले दुई चरणमा विभाजन गर्न सकिन्छ । उपन्यासकारको पहिलो चरण उपन्यास रचनाकालका हिसाबले सुरुदेखि २०५२ सालसम्मको समयावधिलाई समेट्न सकिन्छ भने दोस्रो चरणमा २०५२ सालदेखि यताको समयलाई लिन सकिन्छ ।

१. पहिलो चरण (२०४०-२०५२ सम्म)

२. दोस्रो चरण (२०५२ देखि यताको समय)

### २.४.१ पहिलो चरण (२०४०–२०५२ सम्म)

सुन्दरप्रसाद शाह 'दु:खी'को औपन्यासिक यात्राको पहिलो  चरणको अवधि वि.सं. २०४० देखि २०५२ सम्मको रहेको छ । यस चरणको पहिलो कृति **प्रतिवाद'** (२०४०) हो । त्यसपछि **त्रिफट्** (२०४२) प्रकाशित भएको छ । यसरी हेर्दा यस चरणमा

उनको जम्मा दुईओटा उपन्यासहरू प्रकाशित भएका छन् । **प्रतिवाद**मा वि.सं. १८९७ देखि वि.सं. १९१३ सम्मका १६ वर्षको समयावधि समेटिएको छ । वि.सं. १९०३ सालको जघन्य कोतपर्व अघि र पछिका राजनैतिक, पारिवारिक घटनाक्रमको वर्णन गर्दै चौतारिया गुरूप्रसाद शाह र जङ्गबहादुर राणाबीचको राजनैतिक, व्यक्तिगत र पारिवारिक द्वन्द्वको सेरोफेरो नै **प्रतिवाद** उपन्यासको विषयवस्तु हो । यसमा जङ्गबहादुर राणाको शासनकालमा चौतारिया गुरूप्रसाद शाहको प्रतिवादलाई समेटेर उपन्यास लेखिएको छ ।

पहिलो उपन्यास प्रकाशित भएर दुई वर्ष नबित्दै **त्रिफट्** (२०४२) मा प्रकाशित भयो । **त्रिफट्**मा वि.सं. १९०३ देखि १९४२ सम्मको ३९ वर्षको समयावधि समेटिएको छ । नायक माहिला साहेबज्यूको जीवनीसँग सम्बन्धित यो उपन्यासको पहिलो चरणको अन्तिम उपन्यास हो । यसमा सत्तासंघर्ष र घरायसी षड्यन्त्र, दाउपेच घातप्रतिघातमा उपन्यासको विषयवस्तुमा आधारित छ । साहेबज्यू उपेन्द्र राजा सुरेन्द्रका माइला भाइ हुन् । जङ्गबहादुरले अन्यायपूर्ण शासन आफ्नो हातमा लिएपछि त्यसलाई आफ्नो हातमा फर्काउन उपेन्द्र शाह चाहन्थे । यस प्रतिशोधको भावना लिन उनी तन्त्र विद्यातिर लागेपछि आफ्ना ज्वाइँ वीरशमशेर प्रयोग गरी जङ्गबहादुर राणाबाट शासन शमशेर खलकमा ल्याइएको घटनाहरू समावेश भएका छन् । यस चरणका जम्मा जम्मी दुईओटा उपन्यासहरू दुवै सुन्दरप्रसाद शाहको पूर्खासितै सम्बन्धित छन् । उपन्यासको विषयवस्तु ऐतिहासिक छ ।

### २.४.२ दोस्रो चरण (२०५२ देखि हालसम्म)

दोस्रो चरणको उनको पहिलो कृति **बहादुर शाह** (२०५२) हो । त्यसपछि क्रमशः **कान्तवती** (२०५५), र **सानो हजुर** (२०६१) प्रकाशित छन् । यसरी हेर्दा उनको जम्माजम्मी तीनओटा उपन्यास यस चरणमा प्रकाशित छन् । **बहादुर शाह** उपन्यास ऐतिहासिक विषयवस्तुमा आधारित छ । जसमा आफ्नो देशको निम्ति मरिमेट्ने निस्वार्थी वीर, साहसी, देशप्रेरी बहादुर शाहको जीवनमा घटेका घटनाहरूको इतिवृत्त प्रस्तुत गरिएको छ । तत्कालीन बडामहाराज प्रतापसिंह शाहको अदुरदर्शी शासनकालमा पटक-पटक जेलजीवन, देशनिकाला एवम् षड्यन्त्रकारीहरूको निर्घात

कुटाइबाट मृत्यु वरण गर्नु परेको घटनामा केन्द्रित रही **बहादुर शाह** उपन्यास लेखिएको छ । यस उपन्यासले निकै लोकप्रियता प्राप्त गऱ्यो । प्राकशनको एक वर्ष नबित्दै अर्को संस्करण प्रकाशित गर्नुपऱ्यो । उपन्यास लेखन क्रममा उपन्यासकारले कुमाउ, गढवाल, श्रीनगरजस्ता भू-भागको स्थलगत भ्रमण पनि गरेका थिए । ती ऐतिहासिक महत्त्वका ठाउँहरूको भ्रमणपछि **बहादुर शाह** प्रकाशित भएको हो ।

अर्को लोकप्रिय उपन्यास **कान्तवती** (२०५५) दोस्रो चरणको उपन्यास हो । **बहादुर शाह** उपान्यासले नसमेटिएका त्यसको लगत्तै पछिको समयसन्दर्भ लिई यो उपन्यास लेखिएको छ । राजा रणबहादुर शाह र कान्तवती बीचको प्रेम प्रसङ्ग एवम् कान्तवतीको जीवनका दुःखसुख साथ अघिबढेको नेपालको राजपरिवारको कथा यसमा प्रस्तुत भएको छ । यही दोस्रो चरणमा अर्को **सानो हजुर** (२०६१) उपन्यास प्रकाशित भयो । यो उपन्यासले पनि इतिहासलाई नै समेटेको छ । यो उपन्यासले पनि निकै लोकप्रियता प्राप्त गर्न सफल भएको छ ।

यसरी हेर्दा उनको उपन्यासलाई समयका आधारमा दुई चरणमा विभाजन गर्न सकिन्छ । दुवै चरणमा उनको उपन्यासको विषयवस्तु ऐतिहासिक नै देखिन्छन् । आफ्नै पुर्खाहरूसँग सम्बन्धित भएर उपन्यास लेखेका छन् । जसमा इतिहाससम्बद्ध पाँचओटा उपन्यासहरू प्रकाशित भइसकेका छन् ।

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक मान्यता तथा नेपाली ऐतिहासिक उपन्यासको परम्परा

## ३.१ उपन्यास शब्दको व्युत्पत्ति र कोशीय अर्थ

उपन्यास संस्कृतबाट नेपालीमा आएको तत्सम शब्द हो । शाब्दिक व्युत्पत्ति केलाउने हो भने 'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र नि उपसर्ग तथा 'घञ' प्रत्यय लागेर बनेको देखिन्छ । उप+नि+अस्+घञ(अ)= उपन्यास । 'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थबोध हुन्छ त्यसैले यसको अर्थ कुनै वस्तु कसैको नजिक राख्नु भन्ने हुन्छ । संस्कृतमा 'उपन्यास' शब्दको प्रयोग 'अर्थको युक्तिपूर्ण प्रस्तुतिकरण' प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु 'प्रदर्शक वाक्य' का अर्थमा गरिएको पाइन्छ । यति भइकन पनि यी कुनै अर्थले अङ्ग्रेजी नोभेल (Novel) ले दिने अर्थ प्रदान गर्न सकेको पाइदैन । तसर्थ संस्कृतबाट लिइएको भएर पनि आज नेपालीमा 'उपन्यास' शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्धविच्छेद गरेर अङ्ग्रेजी नोभल (Novel) सँग नजिकको साइनो गाँसेको छ । उपन्यास शब्द ग्रीसेली रोमान्सबाट रमा+न्यास हुँदै उपन्यास बनेको हो भन्ने पूर्वीय अध्येताहरूको मत छ ।[२६] नेपाली साहित्यमा प्रचलित उपन्यास शब्द अङ्ग्रेजी साहित्यको 'नोबेल' को पर्याय हो । अङ्ग्रेजीमा प्रचलित नोवेल ( Novel) शब्द इटालियन नोबेल (Novelle)बाट आएको हो र यो ल्याटिन भाषाको 'नोबस' (Novews) तथा नोवलस (Novallows) शब्दकै रूपान्तरण मानिन्छ ।[२७] नोबेल शब्दले समाचारलाई जनाउँछ । यस अर्थमा उपन्यासमा जीवन जगत्को सार पाइने हुनाले नेपाली साहित्यको 'उपन्यास' शब्दको व्युत्पत्ति खोज्दै जाँदा ल्याटिन साहित्यसम्म पुग्नु परे पनि आधुनिक उपन्यासको सुरुआत जापानबाट भयो र बेलायतमा पुगेर अङ्ग्रेजी साहित्यको नयाँ विधाको स्थान प्राप्त गरेपछि यसले

---

[२६] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र,** (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. ४ ।

[२७] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** चौथो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. १४ ।

विश्वभर फैलने मौका पायो ।[२८] अङ्ग्रेजी आधुनिक उपन्यासको यही परम्परा वङ्गाली, हिन्दी हुँदै नेपाली साहित्यमा आइपुगेको देखिन्छ ।

नेपाली आधुनिक साहित्यमा उपन्यास नयाँ विधा हो । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, समाचार जे अर्थ्याए पनि आधुनिक साहित्यमा उपन्यासको आफ्नै अर्थ छ । आधुनिक उपन्यासलाई न्यु इन्टरनेशनल डिक्सनरीले यसरी अर्थ्याएको छ : “उपन्यास यस्तो विशाल कल्पित गद्य आख्यान हो जसमा एउटै कथानक अन्तर्गत यथार्थ जनजीवनको विरूपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ” ।[२९]

हिन्दी शब्दकोशले उपन्यासलाई यसरी अर्थ्याएको छ : “उपन्यास त्यो हो जसमा काल्पनिक तथा धेरै लामो कथा, धेरै पात्रहरू र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।” [३०]

बृहत नेपाली शब्दकोशले उपन्यासलाई अर्थ्याउदै भनेको छ : “उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य हो ।”[३१]

यसैगरी नेपाली शब्दसागरले उपन्यासको अर्थ प्रस्ट पार्दै भनेको छ : “उपन्यास काल्पनिक पात्रहरूको जीवनको हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो ।”[३२]

यी माथिका कोशीय अर्थबाट के स्पष्ट हुन्छ भने उपन्यास आख्यान साहित्य हो । यसको आकार कथाभन्दा ठूलो हुन्छ र यो विविध खण्डमा विभाजित रहन्छ । गद्य

---

[२८] ऐजन, पृ. ५ ।

[२९] वेवस्टर, **न्यु इन्टरनेशनल डिक्सनरी**, दो.स., (सि.एण्ड सि. मेरीयमको, सन् १९८४) ।

[३०] द्वारिकाप्रसाद, एस चन्द्र, **हिन्दी शब्द कोश**, (रामनगर नयाँ दिल्ली : एस चन्द एण्ड कम्पनी लि., सन् १९८७), पृ. ११८ ।

[३१] बालकृष्ण पोखरेल र अन्य (सम्पा), **बृहत नेपाली शब्दकोश,** पाँ स, (काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८), पृ. १४२ ।

[३२] बसन्त शर्मा 'नेपाल', **नेपाली शब्द भण्डार,** (काठमाण्डौ : मामा पुस्तक भण्डार, २०५८), पृ. १७५ ।

भाषामा लिखित उपन्यास महाकाव्य समकक्षी साहित्यिक विधा हुनका साथै यसमा काल्पनिक पात्रको माध्यमबाट जीवन जगत्को सर्वाङ्ग चित्रण हुने निष्कर्ष पाइन्छ ।

## ३.२ उपन्यासको परिभाषा

उपन्यास आधुनिक साहित्यको एक नवीन विधा हो । साहित्यका विविध विधाहरू मध्ये गतिशील विधाका रूपमा स्थापित/परिचित यस विधालाई विभिन्न विद्वान्हरूले आफूभन्दा अगाडिका र आफ्ना समयावधिमा प्रकाशित उपन्यासका आधारमा उपन्यासलाई चिनाउने प्रयासहरू गरेका छन् । यहाँ केही पाश्चात्य तथा पूर्वीय विद्वान्हरूले गरेको परिभाषाको उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

पाश्चात्य विद्वान् राल्फ फक्सले उपन्यासलाई यसरी परिभाषित गरेका छन् :

“उपन्यास कोरा कथात्मक गद्यलेखन होइन, यो त मानवजीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो, जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्छ ।”[३३]

त्यस्तै अर्का पाश्चात्य विद्वान् हेनरी फिल्डिङले पनि उपन्यासको यसरी परिभाषा दिएका छन् - “ उपन्यास सुखान्त गद्य महाकाव्य हो ।”[३४]

उपन्यासको परिभाषा विद्वान् ई. एम. फोस्टर यसरी दिन्छन् : “हालको जटिल एवं सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ।”[३५]

यस्तै इन्साक्लोपेडिया इन्टरनेशनलले उपन्यासलाई यसरी परिभाषित गरेको छ : “हामी अहिले सामान्यतः उपन्यासलाई नारी अथवा पुरुषको बाह्य र आन्तरिक जीवनको बिस्तारपूर्वक बयान गरिएको गद्याख्यान भनेर चिन्न सक्छौ ।[३६]

---

[३३] राल्फ फक्स, **द नोभल एण्ड द पिपुल,** (लण्डनः द कोवेल्ट पब्लिसिङ् को.लि.,सन् १९४४), पृ. २० ।

[३४] हुनरी फिल्डिङ, **प्रोफाइल्स इन लिटरेचर,** (दरियागंज : दिल्ली पब्लिकेशन, सन् १९६९), पृ. १४ ।

[३५] इ.एम. फोस्टर, **अर्क्सफोर्ड अफ नोभल**, (इङ्गल्याण्ड : पेनगुइन बुक्स लि.सन् १९८५), पृ. १८३ ।

[३६] **इन्साइक्लोपेडिया इन्टरनेशनल,** भोलम १३, (लेक्सिकन पब्लिकेसन, सन् १९८१), पृ. १९४ ।

भारतीय साहित्यका आख्यानकार प्रेमचन्द उपन्यासको परिभाषा यसरी गर्दछन : "म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्भन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु नै उपन्यासको मूल उद्देश्य हो ।"[३७]

नेपाली समालोचक मोहनराज शर्माले उपन्यासको परिभाषा यसरी दिएका छन् : "विश्व साहित्य र नेपाली साहित्यमा पनि उपन्यास मुक्त, विराट्, उर्वर र विशिष्ट आख्यान विधाका रूपमा हुर्केको छ । यो अत्याधिक प्रयोग बेहोर्ने विधा भएकोले यसमा स्वैरकल्पनाको पनि प्रचुर प्रयोग भएको देखिन्छ ।"[३८]

यस्तै दयाराम श्रेष्ठ उपन्यासलाई परिभाषित गर्दै लेख्छन् : "बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र बिस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।"[३९]

ईन्द्रबहादुर राईले पनि उपन्यासलाई  परिभाषित गर्दै भनेका छन् - "यथार्थसँग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवनवैविध्यमाथि एकरूपता प्रदान, जीवनशिक्षण, व्यक्तित्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।"[४०]

त्यस्तै कृष्णचन्द्रसिंह प्रधान उपन्यासको परिभाषा गर्दै लेख्छन् : " उपन्यास मानवजीवनको  सम्पूर्णताको अभिव्यक्ति हो ।"[४१]

राजेन्द्र सुवेदीले उपन्यासको परिभाषा यसरी दिएका छन : "पूर्वाधार तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"[४२]

---

[३७] प्रेमचन्द, **कुछ विचार,** (इलाहावाद : सरस्वती प्रेस, सन् १९३९), पृ. ४७ ।

[३८] मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, (काठमाडौं : ने.रा.प्र.प्र., २०५५), पृ. ४५१ ।

[३९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चोथो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. ९७ ।

[४०] इन्द्रबहादुर राई, **नेपाली उपन्यास आधारहरू,** द्वितीय संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५०) ।

[४१] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् ।

[४२] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृति**, (वाराणसी : भूमिका प्रकाशन, २०५३)  ।

यसैगरी समालोचकद्वय कृष्णहरि बराल र नेत्र एटम ले उपन्यासको परिभाषा यसरी दिएका छन् : मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्य आख्यानलाई उपन्यास भनिन्छ ।[४३]

उपन्यास रचनाका संरचक तत्त्व कलापक्ष एवं मूल्य निर्धारणका विविध रूपहरू प्राप्त गर्नका लागि विद्वान्हरूले दिएका यी माथिका परिभाषाहरू सहायक सिद्ध पक्कै हुन्छन् तर आधुनिक उपन्यासका सन्दर्भमा भने यी परिभाषाले दिएका सङ्केतहरू सधैँ पर्याप्त भने हुन्छ नै भन्न सकिदैन । विधात्मक भञ्जन (Aeconstruction of genre) उपन्यास, (Antinovel), अधिउपन्यास, (Metafication) तथा नयाँ उपन्यास (New novel) हरूले पुराना स्थापित प्रवृत्तिलाई छाडेका छन् तापनि आज उपलब्ध भएका साहित्यिक विधामध्ये उपन्यासले नै सबैभन्दा यथार्थ र विस्तृत ढंङ्गबाट जीवनको व्याख्या एवं विश्लेषण गर्दछ ।

यसैले उपयुक्त सबै परिभाषालाई समेटेर उपन्यासलाई समग्रतमा यसरी परिभाषित गर्न सकिन्छ :

उपन्यास गद्य भाषामा लिखित, काल्पनिक पात्रको कार्यव्यापारद्वारा कथावस्तु लाई व्यवस्थित र श्रृङ्खलित रूपमा प्रस्तुत गरिएको आवश्यक आयममा आख्यान समेटिएको जीवनजगत्को विस्तृत र यथार्थपरक चित्रण भएको महाकाव्यसमकक्षी नवीन आख्यानात्मक साहित्यिक विधा हो ।

## ३.३ उपन्यासको स्वरूप

उपन्यास आधुनिक साहित्यको नवीन विधाका रूपमा स्थापित छ । साहित्यका विविध विधाहरू जस्तै यस विधाको पनि आफ्नै स्वरूप छ । उपन्यासको जीवन र जगत्का केही महत्त्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सूक्ष्म तत्त्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडेको हुन्छ । स्रष्टाको अनुभूतिको अग्रज स्रोतका कथ्यमा

[४३] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो संस्करण, (ललितपुर साझा प्रकाशन, २०५८), पृ. ९ ।

प्रस्तुतीकरणका अनेकौं सम्भावनाहरू हुन्छन् । जसले उपन्यासको स्वरूपलाई निर्धारित गर्छन ।[४४] बदलिंदो समयको गतिसँगै नवीन प्रवृति र मूल्यमान्यता लिएर देखापर्ने साहित्यको यस विधालाई निश्चित स्वरूप दिनु त्यति सजिलो कार्य होइन । विद्वान्हरू पनि उपन्यासका स्वरूपका बारेमा स्पष्ट र एकमत छैनन् । कसैले एक पक्षलाई जोड दिन्छन् त कसैले अर्को पक्षलाई जोड दिएका छन् । कोही यसको वस्तु पक्षलाई जोड दिन्छन त कोही चरित्रपक्षलाई जोड दिन्छन् । त्यसैले उपन्यासको स्वरूप विस्तृत परिवर्तनशील, प्रयोगधर्मी वा विधिउन्मुख छ ।[४५] साहित्यको यस परिवर्तनशील विधा उपन्यासलाई निश्चित स्वरूपको सीमामा बाँध्न कठिन छ तापनि यसको आफ्नै आधारभूत स्वरूप भने रहेको छ । यसले आन्तरिक तथा बाह्य विषय तथा विधागत थुप्रै सङ्घर्ष गरेको देखिन्छ । कल्पनाका माध्यमले समाजको यथार्थ चित्रण गर्नु यस विधाले समयको अन्तरालसँगै थुप्रै कुरा आफूबाट विस्थापित गरेको छ र आफूमा थुप्रै नयाँ कुरा समाविष्ट गरेको छ । उपन्यासले प्राप्त गरेको यस नवीनतामा प्रकृति, समाज र मान्छेबीचको सम्बन्धको कथाक्रम समाविष्ट भएको पाइन्छ । यसर्थ उपन्यासको स्वरूप समाज, व्यक्ति प्रकृति र इतिहासको स्थितिबोध गराउने सबभन्दा प्रभावकारी साहित्यिक विधाका रूपमा परिचित छ ।[४६]

उपन्यास बृहत् संसार अटाउने गद्य साहित्यिक विधा हो । साहित्यिक विधातत्त्व र वस्तुविन्यासका आधारमा उपन्यासको स्वरूप नाटक, कथा, महाकाव्यसँग केही मेल खाए तापनि यसको आफ्नै प्रकारको स्वरूप छ । कथालाई तन्काएर उपन्यास बन्दैन भने उपन्यास छोट्याएर कथा बन्दैन । यद्यपि यी दुईका अधिकांश गुणहरू मिल्दछन् । कथामा छोटो आख्यान, थोरै पात्र, सानो परिवेश र सीमित उद्देश्य हुन्छ भने त्यसका विपरीत उपन्यासमा उक्त सबै तत्त्वको बृहतता वा व्यापकता हुन्छ । ठूलो आख्यान धेरै पात्र र बृहत परिवेशलाई समेटिएको उपन्यासमा बृहत् जीवजगत्को रहस्योद्घाटन

---

[४४] ऐजन, पृ. ९ ।

[४५] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ३ ।

[४६] ऋषिराज बराल, पूर्ववत्, पृ. १ ।

गरिएको हुन्छ ।[४७] यस्तै उपन्यास र  महाकाव्य दुवै बृहत् आयाम भएको साहित्यिक विधा हुन् । दुवैमा बहुचरित्र, कथानकको व्यापकता आदि पाइन्छ  तापनि उपन्यास गद्यमा लेखिन्छ महाकाव्य पद्यमा लेखिन्छ । महाकाव्यको शास्त्रीय नियमहरू छन् । जुन नियमको पालना गरेर मात्र लेखिन्छ । त्यसैले महाकाव्य बुढो साहित्यिक विधाका रूपमा चिनिन्छ । उपन्यास आधुनिक कान्छो विधा हो । त्यसैले उपन्यासलाई आधुनिक गद्य महाकाव्य भनिन्छ तापनि यसको स्वरूप महाकाव्यभन्दा फरक रहेको छ ।

उपन्यासमा काल्पनिक पात्रहरूका माध्यमबाट यथार्थ घटनाहरूलाई व्यवस्थित तरिकाले अभिव्यक्त गरिएको हुन्छ । वास्तविक संसारमा घटेका घटनाहरूको शृङ्खला र कथिएको कथाको मेल पनि उपन्यासमा सघन तरिकाले भएको हुन्छ । जीवनको सम्पूर्ण भोगाइमा निहित तत्त्वहरू उपन्यासकारका शिल्प चेतनाको शरीरीकरण भएपछि विकीर्ण रूपमा अनुभूत गर्न सकिन्छ । उपन्यासले जीवनका कतिपय यथार्थलाई टिपेर तिनको सूक्ष्म निरीक्षण र विश्लेषण गर्दछ । उपन्यास सामाजिक, आर्थिक, राजनीतिक आदि विषयवस्तुकै सेरोफेरोमा घुमेर मानिसका विभिन्न आन्तरिक तथा बाह्य जीवनको चित्रण गर्ने माध्यम हो । जसको प्रस्तुतीकरण गद्य भाषामा हुन्छ । उपन्यास साहित्यिक विधा भएकोले उपन्यासको भाषामा पदक्रम विचलन, अलङ्कार तथा बिम्ब र प्रतीकको सुहाउँदो प्रयोग पाइन्छ । उपन्यास साहित्यको आख्यानात्मक विधा हो । यसको मूल आख्यानमा स-साना आख्यानहरू समेत समाविष्ट उपन्यासमा आख्यानको श्रृङ्खला क्रमबद्ध हुने भए तापनि आधुनिक प्रयोगात्मक उपन्यासमा यो लागू भएको पाइदैन । आधुनिक उपन्यासमा चक्रात्मक र वृत्तात्मक क्रममा आख्यान अघि बढेको पाइन्छ । समयसँगै परिवर्तनशील बन्ने हुनाले निश्चित सीमामा रहन सक्दैन । त्यसैले उपन्यास लेखनका क्रममा उपन्यासकारको वैयक्तिक शैलीमा वस्तुविन्यास, घटनाको शृङ्खलाबद्ध प्रस्तुतीकरण तथा पात्रको यथार्थपरक चयन नै उपन्यासको खास स्वरूप देखिन आउँछ ।

---

[४७] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ३ ।

## ३.४ नेपाली ऐतिहासिक उपन्यासको परम्परा

शक्तिवल्लभ अर्ज्यालले **विराटपर्व** वि.सं. १८२७ अनुवाद गरेपछि नेपाली साहित्यमा गद्याख्यानको प्रारम्भ भएको मानिन्छ । आधुनिक नेपाली उपन्यास परम्पराको सुरुआत भने सरदार रुद्रराज पाण्डेद्वारा लिखित **रूपमती** (१९९१) बाट भएको हो । नेपाली ऐतिहासिक उपन्यासको जग खोतल्दै जाँदा मुसलमान बादशाह र चित्तौडका राजाहरूले कथा बोकेर गोरखापत्रमा धारावाहिक रूपमा वि.सं. १९६१ मा प्रकाशित भएको **वीर मालोजी भोसले**सम्म पुग्नुपर्छ । यस उपन्यासका लेखक अज्ञात छन् । यसमा वीर मालोजी भोसलेको पूरा कथाको वर्णन नगरी विवाहसम्मको मात्र चर्चा छ । वि.सं. १९८९ मा अम्बालिकादेवी उपाध्यायको बनारसबाट **राजपुत रमणी** कृति प्रकाशित भयो । **राजपुत रमणी** ऐतिहासिक लाग्छ मात्रै, इतिहाससिद्ध होइन । जातीय गौरव, सतीत्व रक्षा, देश र बलिदानको भावना जागृत गर्न ऐतिहासिक पृष्ठभूमि दिएको सम्म हो ।[४८] जगत साहुजी, बुहारी राजपूत रमणी बङ्गालका नबाव सरफजले अपहरण गरेर लगेपछि उनले आफ्नो सतीत्व रक्षा कसरी गरिन् भन्ने कुरालाई यसमा पर्याप्त सामाजिक चरित्रका साथ प्रस्तुत गरिएको छ ।[४९]

औपन्यासिक कलाको अभाव भएको नाटक जस्तो लाग्ने टुकराज मिश्रको **रजबन्धकी** वि.सं. १९९६ मा प्रकाशित भयो । यो कृतिको प्रकाशनपछि मिश्रकै **रामकृष्ण कुवँर राणा** वि.सं. १९९९ मा प्रकाशित भयो । यी दुवै ऐतिहासिक विषयवस्तुमा आधारित छन् । यसमा औपन्यासिक रोचकता,रागात्मकता र चारित्रिक जीवनको वैविध्यपूर्ण यथार्थताको साथै तत्कालीन सामाजिक परिप्रेक्ष्यको नितान्त अभाव छ ।[५०] यसमा कुँवर राणाको वीरता र वि.सं. १८२५ पूर्वको नेपालको वर्णन छ । तैपनि यो ऐतिहासिक उपन्यास भन्न सकिने अवस्था छैन । वि.सं. २००३ मा शोभाचन्द्र खनालको **पाटलीपुत्र** उपन्यास प्रकाशित भयो । कथा सरित सागरमा

---

[४८] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १२८ ।

[४९] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १२९ ।

[५०] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १२९ ।

आधारित यस उपन्यासले घटनाको वर्णन गरेपनि यो पूर्णतः ऐतिहासिक उपन्यास होइन ।

डायमन शमशेर राणाको **वसन्ती** (२००६) उपन्यास प्रकाशित भएपछि नेपाली उपन्यासको ऐतिहासिकताका क्षेत्रमा आधुनिक युग आयो । **वसन्ती** नेपालको इतिहासमा अत्यन्त महत्त्व राख्ने गगनसिंहको दरबारिया चक्चकी महारानीसितको अवैध सम्बन्ध तथा जङ्गबहादुरको उदयसँग सम्बन्धित कथानक भएको उपन्यास हो ।[५१] पृथ्वीनारायण शाहको एकीकरण अभियान सुगौली सन्धि जस्ता विषयवस्तु बोकेको मोहनबहादुर मल्लको **मायावी** (२००९) उपन्यास प्रकाशित भयो । गढवाल शाह वंशजकी छोरी महारानी र पाल्पा सेन वंशजका छोरा ललितको दुःखान्त प्रेम कथा यसमा छ । वि.सं.२०१४ मा बालचन्द्र शर्माले चन्द्रशेखर शास्त्रीको हिन्दी उपन्यास **भृकुटी**को नेपाली अनुवाद गरे । वि.सं. २०१६ मा मायादेवी क्षेत्रीको **गौतम बुद्धको जीवनचरित्र मध्यम** मार्ग प्रकाशित भयो । यो जीवन परिचयात्मक उपन्यास हो ।[५२] ऐतिहासिक उपन्यास लेखनको क्रममा वि.सं. २०२३ मा लैनसिंह वाङ्देलको **रेम्ब्रान्ट** प्रकाशित भयो । यस उपन्यासमा हल्याण्डका विश्वप्रसिद्ध चित्रकार रेम्ब्रान्टको जीवन कथा चित्रित छ ।

केशवराज पिंडालीको **एकादेशकी महारानी** वि.सं. २०२६ मा ऐतिहासिक पृष्ठभूमिमा काल्पनिक घटना र पात्रको प्रयोग गरी प्रकाशित भयो । यो राणादरबार र त्यसैसँग सम्बन्धित भारतीय रजौटाहरूको घिनलाग्दो कुचक्र, अनैतिक व्यवहार र अन्यायको उद्घाटन गर्ने उपन्यास हो । ऐतिहासिकता बोकेर वि.सं. २०३० मा डायमन शमशेर राणाको **सेतो बाघ** उपन्यास प्रकाशित भयो । दरबारिया षड्यन्त्र दाउपेच, लुछाचुँडी, अस्तित्व रक्षाका प्रसङ्ग एवं तिनबाट निष्कर्षित हुने उत्थान पतनका घटनाहरू **सेतो बाघ**का विषय हुन् ।[५३] वि.सं. २०१७ सालको घटनाहरू समेटेर काल्पनिक पात्र

---

[५१] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ११३ ।

[५२] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्म कथाको सैदान्तिक तथा ऐतिहासिक विवेचना,** (काठमाडौं : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान, २०४४), पृ. ९६ ।

[५३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ११३ ।

राखी डायमन शमशेर राणाको **प्रतिवद्ध** (२०३४) प्रकाशित भयो । राणा शासकहरूको चाकरीबाट ठूलठूला पद ओगट्ने सामन्ती खानदानको पतन देखाउदै खगेन्द्र के.सी.को **खानदान** (२०३३) प्रकाशित भयो । वि.सं. २०३८ मा डायमन शमशेर राणाकै **सतप्रयास** उपन्यास पुनः राणाकालीन परिवेश बोकेर देखापऱ्यो । वि.सं. २०३९ मा उत्तरवैदिक कालीन जीवनदर्शन बोकेर मदनमणि दीक्षितको **माधवी** उपन्यास छापियो ।

चौतारिया गुरूप्रसाद शाहको जीवनवृतान्त एवं जङ्गबहादुरसँगको प्रतिवादी भावना बोकेर सुन्दरप्रासाद शाह 'दुःखी' को पहिलो ऐतिहासिक उपन्यास **प्रतिवाद** वि.सं. २०४० सालमा प्रकाशित भयो । नेपालको इतिहासमा भीमसेन थापाको अन्त्यपछि अस्थिर घटनाहरूका सन्दर्भमा जङ्गबहादुरको उदय र उनको शासन कालमा चौतारिया गुरूप्रसाद शाहको वाद प्रतिवाद नै यस उपन्यासको विषय हो । वि.सं. २०४२ मा 'दुःखी' कै अर्को इतिहाससम्बद्ध उपन्यास **त्रिफट्** प्रकाशित भयो यो उपन्यास सत्तासङ्घर्ष, घरायसी षड्यन्त्र दाउपेच एवं घातप्रतिघातमा आधारित छ । यो उपन्यास पनि **प्रतिवाद** कै दोस्रो भागका रूपमा देखिन्छ । यो उपन्यासका नायक माहिला साहेबज्यू उपेन्द्रविक्रम शाहमा केन्द्रित छ । थोरबहुत ऐतिहासिक लिएर डायमन शमशेर राणाकै वि.सं.२०४३ मा **अनिता** देखा पऱ्यो । वि.सं. २०४८ मा आएर टुकराज मिश्रको **रिडि र राँची** (हाँस्दै र रुदै) औपन्यासिक रूप लिएर राणाकालका ५ जना श्री ३ हरूको घटनाक्रमको वर्णनका साथ प्रकाशित भयो । जसमा राणा प्रधानमन्त्री सुरु भएदेखि पद्म शमशेरको राँची प्रस्थानसम्मको घटनाहरू समावेश छन् । इतिहासका अनेकौं किंवदन्ती झैँ लाग्ने घटना र चरित्रलाई संयोजन गरेर श्रीकृष्ण श्रेष्ठको **जङ्गबहादुर** उपन्यास वि.सं. २०५१ मा प्रकाशित भयो । वि.सं. २०५२ सालमा सुन्दरप्रसाद शाह 'दुःखी'को **बहादुर शाह** उपन्यास प्रकाशित भयो । व्यक्ति बहादुर शाहको राजनैतिक जीवनमा घटेका घटनाहरूको इतिवृत्त प्रस्तुत गरेर यो उपन्यास लेखिएको छ । यसमा नेपाल एकीकरणका सहायक बहादुर शाहको देशप्रेमी भावना, युद्ध रणकौशल र निस्वार्थीपना तत्कालीन शासक वर्गले राम्ररी चिन्न नसकेको कुरा उपन्यासमा देखाउन खोजिएको छ ।

दौलतविक्रम विष्टको वि.सं. २०५३ मा **फाँसीको फन्दामा** उपन्यास प्रकाशित भयो । यसमा सहिद धर्मभक्तलाई भद्रगोल जेलमा सारेपछि फाँसी दिँदासम्मको सात दिनको कथावस्तु प्रकट भएको छ ।[५४] वि.सं. २०५५ मा सुन्दरप्रसाद शाह 'दुःखी'को उपन्यास **कान्तवती** प्रकाशित भयो । **बहादुर शाह** उपन्यासले समेट्न बाँकी त्यसपछिको ऐतिहासिक घटनाक्रमलाई यस उपन्यासमा समेट्न खोजिएको छ । उक्त उपन्यासमा कान्तवतीको सम्पूर्ण जीवन कथा र उनीसँग स्वामी महाराज रणबहादुर शाहको २-३ वर्षको प्रेमपूर्ण सहवासलाई प्रस्तुत गरिएको छ । त्यसपछि सन्दरप्रसाद शाह 'दुःखी'को **सानो हजुर** (२०६१) ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास प्रकाशित भयो । वि.सं. २०६३ सालमा कृष्ण अविरलको **रक्तकुण्ड** ऐतिहासिक उपन्यास प्रकाशित भएको छ ।

नेपाली ऐतिहासिक उपन्यास परम्परालाई हेर्दा **वीर मालोजी मोसने**बाट सुरुआत भएको देखिन्छ । यसपछि क्रमैसँग यसको विकास भएको देखिन्छ । डायमन शमशेरको **सेतो बाघ** यसको राम्रो उदाहरण हो । यसपछि सुन्दरप्रसाद शाह 'दुःखी' ऐतिहासिक उपन्यास लेखनका क्षेत्रमा चर्चित नाम हो । उनको **बहादुर शाह** औपन्यासिक शिल्प र कथ्य चयनका दृष्टिले उत्कृष्ट देखापर्दछ । ऐतिहासिक उपन्यास सफल हुनुमा उपर्युक्त सामाजिक रीतिथिति र देशकालको सिर्जनाद्वारा स्वभाविक कथ्यको प्रस्तुतीकरण हुनुपर्दछ । यस किसिमले समसामयिक युगमा ऐतिहासिक उपन्यास लेखनमा केही उपन्यासकारहरूले चासो देखाएका छन् ।

---

[५४] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ.११४ ।

# चौथो परिच्छेद

# औपन्यासिक तत्त्वको आधारमा 'बहादुर शाह' उपन्यासको कृतिपरक अध्ययन

## ४.१ 'बहादुर शाह' उपन्यासको संरचना

वर्तमान युगमा बहुचर्चित र महत्त्वपूर्ण विधाका रूपमा उपन्यास विधालाई लिने गरिन्छ । उपन्यासकारले आफ्ना खारिएका विचार अनुभूति एंव अवधारणालाई घटना र पात्रहरूको एक आपसमा अन्योन्य सम्बन्धको एउटा शृङ्खलाबद्ध योजना बनाई एउटा उपन्यासको आकारप्रदान गर्दछ र जुन आकार नै संरचना हो । संरचनाको अर्थ कुनै वस्तुका आन्तरिक तथा बाह्य उपकरणको अनुशासित र व्यवस्थित व्यवस्थापन हो ।[५५] त्यसैले संरचनाका दुई पाटाहरू रहेका छन् । बाह्य संरचना भनेको कृतिको बनोट, आयाम हो भने आन्तरिक संरचना भनेको कृतिको बुनोट हो । बुनोटभित्र वस्तु सन्दर्भहरू रहेको हुन्छ । यसर्थ **बहादुर शाह** उपन्यासको बाह्य र आन्तरिक संरचनालाई यसरी स्पष्ट पार्न सकिन्छ ।

### ४.१.१ बाहृय संरचना

बाह्य संरचना भनेको कृतिको बाहिरी बनोट हो । बाहिरबाट सरसर्ती हेर्दा उपन्यासको जेजस्तो स्वरूप देखिन्छ त्यो नै बाह्य संरचना हो । जस अन्तर्गत कृतिको आकार, आयाम, परिच्छेदयोजना, पृष्ठ सङ्ख्या जस्ता कुराहरू पर्दछन् । सुन्दरप्रसाद शाह 'दुःखी' को प्रस्तुत **बहादुर शाह** उपन्यासको बाह्य संरचना मझौला आकारमाको छ । दरबारिया सहन सहन, नेपाली दरबारिया समाज एवम् राजनैतिक जोड घटाउको क्रममा भाइ भारदारहरूको गुटबन्दी जसको प्रभावले एउटा सच्चा युगपुरुषलाई अकालमै मृत्युवरण गर्न पुगेको यथार्थ रूपमा प्रस्तुत गर्न सफल यो उपन्यास २३१ पृष्ठमा संरचित छ । वर्णनात्मक शैलीमा लेखिएको यस उपन्यासलाई जम्मा २२

---

५५ ऋषिराज बराल, पूर्ववत्, पृ. २० ।

परिच्छेदहरूमा विभाजन गरिएको छ । एक, दुई, तीन, चारको .......सङ्केत प्रयोग गरी परिच्छेद विभाजन गरिएको यस उपन्यासमा परिच्छेद  छ र परिच्छेद अठारमा XXX-XXX XXX चिह्नले उपपरिच्छेदको सङ्केत गरिएको छ । अतः प्रस्तुत उपन्यासको परिच्छेदमा रहेको अनुच्छेद सङ्ख्या र अनुच्छेदगत आयामलाई निम्नअनुसार तालिकामा देखाउन सकिन्छ ।

| परिच्छेद | पृष्ठदेखि पृष्ठसम्म | जम्मा पृष्ठसङ्ख्या (परिच्छेदले लिएको) | पङ्क्तिका हिसाबले अनुच्छेदगत आयाम | जम्मा अनुच्छेद |
|---|---|---|---|---|
| एक | १-१० | १० | १-१३ | ४२ |
| दुई | ११-२३ | १३ | १-७ | ७५ |
| तीन | २४-३५ | १२ | १-४ | ६७ |
| चार | ३६-४८ | १४ | १-६ | ७४ |
| पाँच | ४९-५५ | ७ | १-७ | ३५ |
| छ | ५६-७३ | १८ | १-७ | ९८ |
| सात | ७४-८३ | १० | १-६ | ५१ |
| आठ | ८४-९६ | १३ | १-११ | ८४ |
| नौ | ९७-१०८ | १२ | १-१० | ६८ |
| दस | १०९-११६ | ८ | १-१० | २५ |
| एघार | ११६-१२५ | ९ | १-९ | ४७ |
| बार | १२६-१४० | १५ | १-९ | ९७ |
| तेर | १४१-१४६ | ६ | १-६ | २७ |
| चौध | १४७-१५६ | १० | १-१५ | ४७ |
| पन्ध्र | १५७-१७१ | १५ | १-१० | ८३ |
| सोर | १७२-१७८ | ७ | १-८ | ३८ |
| सत्र | १७९-१८३ | ५ | १-११ | १२ |
| अठार | १८४-१९३ | १० | १-४ | ४९ |
| उन्नाईस | १९४-२०२ | ९ | १-१४ | ३४ |
| बीस | २०३-२०७ | ५ | १-८ | २२ |
| एक्काईस | २०८-२१३ | ६ | १-९ | १८ |
| बाईस | २१४-२३१ | १८ | १-७ | १०३ |

यस तालिकाबाट परिच्छेदयोजना घटीमा पाँच पृष्ठको देखिन्छ भने बढीमा अठार पृष्ठको देखिन्छ । यसरी हेर्दा परिच्छेदयोजना असन्तुलित झैँ देखिए पनि विषय र प्रसङ्गले परिच्छेदयोजना सन्तुलित देखिन्छ । त्यसैगरी परिच्छेदले लिने अनुच्छेदका हिसाबले हेर्दा एकदेखि बाईसपच्छिेद न्यूनतम अनुच्छेद र अधिकतम अठार देखिन्छ । अनुच्छेदगत आयामका सन्दर्भमा न्यूनतम एक पङ्क्तिका र अधिकतम पन्ध्र पङ्क्तिका अनुच्छेद देखिन्छ । यसरी हेर्दा परिच्छेदहरूमा अनुच्छेद वितरण पात्रको संवाद प्रबलताको कारणले नै एकसमान बन्न सकेको छैन तापनि उपन्यासको बनोट सन्तुलित छ ।

### ४.१.२ उपन्यासको शीर्षकीकरण

प्रत्येक साहित्यिक कृतिको कुनै न कुनै नामकरण गरिएको हुन्छ जसलाई शीर्षक भनिन्छ । शीर्षक कुनै पनि कृतिको महत्त्वपूर्ण अङ्ग हो । यसले प्रारम्भमै सम्बन्धित कृतिको पृष्ठभूमि प्रकट गर्दछ । उपन्यासका सन्दर्भमा यसको विषयवस्तु, पात्र, परिवेश, उद्देश्य, कुनै एकका आधारमा शीर्षकचयन गरिन्छ । कुनै पनि शीर्षक निरर्थक वा कृतिगत सन्दर्भभन्दा बाहिरको अर्थ बहन  गर्ने हुनु राम्रो मानिदैन । शीर्षक निरर्थक भएमा सिङ्गो कृतिको गरिमा घट्न जाने हुनाले कुनै न कुनै रूपमा सार्थक बनाउने प्रयास गरिएको हुन्छ । कुनै पनि कृति वा रचनाको शीर्षक विभिन्न सन्दर्भबाट सार्थक हुने गरी राखिएको हुन्छ ।

विवेच्य उपन्यास **बहादुर शाह**को शीार्षक नायकको नामबाट राखिएको छ । श्री ५ पृथ्वीनारायण शाहका माहिला छोरा बहादुर शाह एक  जाज्वल्यमान व्यक्ति हुन् जसले आफ्नो पिताको अधुरो सपनालाई पूरा गरेका छन् । यस उपन्यासको  प्रमुख पात्र बहादुर शाहले आफू मुख्तियार भएको समयमा नेपालको सिमाना पश्चिमतर्फ अल्मोडा र गढवालसम्म  बढाएर लगेका छन् । तत्कालीन समयको राजनैतिक उतारचढाव, राजाहरूको अल्पायुमा नै मृत्यु हुनु, दरबारिया भारदारहरूको चहलपहल बढनु र त्यही चहलपहलको कारणले द्वैध शासन चलाउने क्रममा राजेन्द्रलक्ष्मीसँग बहादुर शाहको मनमुटाव बढ्नु, भारदार एवं चौतारियाहरू गुटबन्दी भई बहादुर शाहलाई पाखा लगाउने षड्यन्त्र गर्नु, बहादुर शाहले जेल जीवनदेखि देश

निकालासम्मको नियति भोग्नु र अन्त्यमा जेलभित्रै निर्घात् कुटाइ खाई जीवनलीला समाप्त हुनु आदि घटनाका शृङ्खलाहरू आदिदेखि अन्तसम्म बहादुर शाहको राजनैतिक जीवनका घटनाहरू क्रम नटुटाई उपन्यासमा आएका छन् । देश बाहिर आफू रहनु पर्दा पनि देशभक्ति, राजभक्ति, एवं नेपाली जनताप्रति सदैव बफादार रहन्छन् । बहादुर शाह इमान्दार, वीर, साहसी, राष्ट्रप्रेमी व्यक्ति हुँदाहुँदै पनि षड्यन्त्रकारीहरूको शिकार बनी अकालमा नै जीवन गुमाउन पुगेका इतिहास पुरुषको जीवनक्रमका घटनाहरू समावेश गरी उपन्यास लेखिएको हुँदा उपन्यासको शीर्षक सार्थक छ । यस उपन्यासले नेपालको इतिहासकालीन राजनैतिक, सामाजिक, धार्मिक, परिवर्तनसँगै मूलतः बहादुर शाहको जीवनको घटनाको इतिवृत्त प्रस्तुत गर्न सफल भएकोले उपन्यासको शीर्षक सार्थक देखिन्छ ।

## ४.१.३ आन्तरिक संरचना

उपन्यासको बुनोट नै आन्तरिक संरचना हो । उपन्यासभित्रको आन्तरिक संयन्त्र वा वस्तुसन्दर्भहरू आन्तरिक संरचनाअन्तर्गत पदर्छन् । अझ भन्ने हो भने विद्वान्हरूले भन्दै आएका तत्त्व तथा उपकरणहरूको समष्टि नै आन्तरिक संरचना हो उपन्यासका तत्त्वका बारेमा विभिन्न विद्वान्हरूका फरकफरक दृष्टिकोण पाइन्छ । कृष्णचन्द्रसिंह प्रधानले उपन्यासको आधारभूत तत्त्वका रूपमा कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातवरण, उद्देश्य आदिलाई ओल्याएका छन् ।[५६] त्यस्तै ऋृषिराज बरालले उपन्यासका तत्त्वको रूपमा कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशलाई मानेका छन् ।[५७] उपन्यासका तत्त्वका रूपमा परम्परादेखि नै कथानक, चरित्र, संवाद , देशकाल र वातावरण, भाषाशैली र उद्देश्यलाई लिने गरिएको छ ।

त्यसैगरी उपन्यासका लेखकको परिवर्तित सन्दर्भलाई समेट्नेगरी कतिपय विद्वान्हरूले उपन्यासका तत्त्वहरूलाई औंल्याउदै आएका छन् । कृष्णहरि बराल र नेत्र

[५६] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७ ।

[५७] ऋषिराज बराल, पूर्ववत्, पृ. २६ ।

एटमले उपन्यासको तत्त्वलाई आठ प्रकारमा विभाजन गरेका छन् । जसमा कथानक, चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय पर्दछन् ।[५८] राजेन्द्र सुवेदीले विषयवस्तु, कथानक, पात्र, परिवेश, भाषाशैली, द्वन्द्व, कुतुहलता, दृष्टिबिन्दु र विचार गरी नौ तत्त्व मानेका छन् ।[५९] यसरी हेर्दा उपन्यासको तत्त्वका बारेमा विद्वान्हरूले आ-आफ्नै किसिमले प्रस्तुत गरेका छन् । जसमध्ये ऋषिराज बरालले गौण तत्त्वका रूपमा प्रतीक र बिम्ब, भावपरिमण्डल, कार्ययीठिका, चित्तवृत्ति, लय र गति पुनरावृत्ति आदिलाई उल्लेख गरेका छन् । उपर्युक्त विद्वान्हरूको विचारलाई आधार मान्दै प्रस्तुत **बहादुर शाह** उपन्यासलाई कथानक, चरित्र , पर्यावरण, दृष्टिबिन्दु, भाषा र सारवस्तुका आधारमा यसप्रकार विश्लेषण गर्न सकिन्छ ।

### ४.१.३.१ कथानक

कथानक आख्यानको सबैभन्दा महत्वपर्ण तत्त्व हो । आख्यानात्मक कृतिमा वर्णन गरिएका सम्पूर्ण घटनाहरूको कार्यकारण श्रृङ्खलालाई कथानक भनिन्छ ।[६०] त्यसैले जुन रचनामा कुनै कथाको श्रृङ्खलाबद्ध वर्णन हुन्छ त्यो आख्यानातमक कृति हुन्छ । आख्यानभित्रको घटनाहरू क्रमिक र कार्यकारण श्रृङ्खलामा आवद्ध भएपछि कथानकको निर्माण हुन्छ । कथानक आदि, मध्य, अन्त्य शृङ्खलामा अनुस्यूत हुनुपर्दछ आख्यानमा घटनावलीको योजना वा ढाँचालाई कथानक भनिन्छ ।[६१] कथानक बिना उपन्यासको कल्पना गर्न सकिदैँन । यो उपन्यासको आदिदेखि अन्त्यसम्म रहेको हुन्छ । वर्तमान प्ररिप्रेक्ष्यमा कथानकहीन उपन्यासको लेखन गर्ने जमर्को गरे तापनि क्षीण रूपमा भएपनि कथानकको उपस्थित देखिन्छ । घटनाहरूलाई  एक अर्कासित उनेर सम्बन्ध जोड्ने र सुसङ्गठित प्रदान गर्ने काम कथानकले गर्दछ ।[६२] कथानक भनेको

---

[५८] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ .२२ ।

[५९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.२७ ।

[६०] कृष्ण विलास पौड्याल, **त्रि.वि.तीन वर्ष स्नातक प्रथम वर्षको नयाँ पाठ्यक्रमका लागि प्रस्तुत कार्यपत्र**, त्रि-चन्द्र कलेज, २०६२ ।

[६१] मोहनराज शर्मा, **शैलीविज्ञान**, दोस्रो संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५९), पृ. १११ ।

[६२] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७ ।

उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारणसम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् ।[६३] कथानकले घटनाहरूलाई एक अर्कासित उनेर सम्बन्ध जोड्ने र सुसङ्गठितता प्रदान गर्नेगर्दछ । यसको रचनातन्त्रमा प्रारम्भ, मध्य, र अन्त्यको शृङ्खलाबद्ध अनुशासन रहेको हुन्छ जुन चयन र क्रमाङ्कको सिद्धान्तमा आधारित भएको हुन्छ ।[६४] कथानक, चरित्र, विचार बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् । यो घटनाहरूको व्यवस्थित तारतम्य मात्र नभएर विचारको प्रक्षेपणको गति पनि हो जुन द्वन्द्व, अवरोध र गतिका साथ गतिमान हुन्छ ।[६५] कथानकका माध्यमबाट उपन्यासकारले आफ्नो विचार व्यक्त गरिरहेको हुन्छ । अतः कथानक उपन्यासको महत्त्वपूर्ण तत्त्व हो जसमा उपन्यासकारले दिन खोजेको विचार वा अनुभूतिहरू घुमिरहेका हुन्छन् ।

प्रस्तुत **बहादुर शाह** उपन्यास नेपालको इतिहासमा वि.स १८३१ देखि १८५४ बीचको समयवाधिमा बहादुर शाहको जीवनसँग के-कस्ता घटना, परिघटनाहरू घटे भन्ने कुराहरू चित्रण गर्नमा केन्द्रित रहेको छ । नायक पात्र बहादुर शाहका पिता श्री ५ पृथ्वीनारायण शाहको वि.सं. १८३१ साल नुवाकोट दरबारमा स्वर्गारोहण भएबाट उपन्यासको कथानक अगाडि बढ्दै जान्छ । प्रतापसिंहको राज्यकालमा तिब्बतसँग युद्ध गर्ने निर्णय गरेको अभियोग लगाई आफ्नै दाइबाट नुवाकोट दरबारमा थुनिन्छ । पण्डित गजराज मिश्रबाट नजरबन्द मुक्त भई तनहुँका राजाको शरण लिन पुग्छन् । प्रतापसिंहको हर्साको रोगले अल्पायुमै मृत्यु हुन्छ । बहादुर शाहले बेतियाबाट आएर राजेन्द्रलक्ष्मीसँग द्वेध शासन चलाउछन् । राजेन्द्रलक्ष्मीको मृत्युपछि, रणबहादुर शाहलाई राजगद्दीमा राखिन्छ । पुनः बहादुर शाहको नेपाल आगमन, काका भतिजाका बीचमा तालमेल नमिल्नु, बहादुर शाहलाई विष्णुमती पुलको पूर्वको जीर्ण किल्लामा लगेर थुनेर अन्त्यमा त्यही कुटी-कुटी मृत्युवरण गराएपछि उपन्यासमा एकपछि अर्को घटनाक्रमसँगै विकास भई लक्ष्य प्राप्तिमा पुग्न सफल भएको छ । उपन्यासको सुरुमा

---

[६३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २२ ।

[६४] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग ४**, दोस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १० ।

[६५] ऋषिराज बराल, पूर्ववत्, पृ. ६ ।

पृथ्वीनारायण शाहको नुवाकोट दरबारमा मृत्युशैय्यामा छट्पटाइरहेको र मुत्युवरण गरेको देखाइएको छ । पृथ्वीनारायण शाहको मृत्युसँगसगैं रानी नरेन्द्रलक्ष्मीले पनि सति जान तयार हुन्छिन् । सति जान अगाडि बहादुर शाहलाई केही अर्ती र उपदेश दिन्छिन् । उत्तराधिकारीको रूपमा वसन्तपुर दरबारमा प्रतापसिंहले राजगद्दी सम्हाल्छन् भने बहादुर शाह नुवाकोट दरबारमा बुबाको किरिया बस्छन् । बहादुर शाहको वीरता र योग्यताको रिस गर्ने र उनीसँग टिक्न सक्दिनँ भन्ने ठान्ने षड्यन्त्रकारी भाइदारहरूले बहादुर शाहलाई दरबारमै आउन नदिने षड्यन्त्र गर्न थाल्छन् । यस षड्यन्त्रका प्रमुख पात्रका रूपमा काजी स्वरूपसिंह कार्की, पण्डित ब्रजनाथ पौड्याल र सर्वजीत रानामगर देखिएका छन् । बिस्तारै राजकाजको वातावरण गुटवन्दीतिर धकेलिन थाल्छ । पुराना, वीर, र राष्ट्रभक्त योद्धाहरू बहादुर शाहलाई मन पराउन थाल्छन् । प्रतापसिंह शाह असारको नवरात्रमा पुनश्चरणमा लाग्छन् । राजकाज चलाउने अख्तियारीको जिम्मा बहादुर शाह र दल मर्दन शाहलाई दिइएको हुन्छ । पृथ्वीनारायण शाहको मृत्युको खबर तिब्बततिर पनि पुगिसकेकाले तिब्बतले नेपालसँग निहुँ खोज्ने र नेपालीमाथि दूर्व्यवहार गर्ने कार्य गर्दछ । यसले गर्दा बहादुर शाह तिब्बतसँग युद्ध गर्ने तयारी सुरु गर्छन् र खबर तिब्बत पठाइन्छ । यसै विषयलाई निहुँ बनाई ब्रजनाथले प्रतापसिँहललाई पुनश्चरणको साङ्गेका दिन कुरा लगाउँछन् र दुई देशको बीचमा कुनै अधिकार नै नभई लडाइँ गर्ने निर्णय गरेको अभियोगमा बहादुर शाहलाई पक्राउ गरिन्छ । बहादुर शाहलाई नुवाकोट लगी थुनामा राखिन्छ । दलजीत शाहलाई नसियत दिइन्छ । दलमर्दन शाह भेष बदलेर मुग्लान पस्छन् । बहादुर शाहले थुनिनुको कारण माग गर्दै पत्र लेख्छन् । केही प्रत्युत्तर नआएपछि गुरु गजराज मिश्रलाई पत्र लेख्छन् । गजराज मिश्र दरबारमा आई बहादुर शाहलाई जेलमुक्त गरी चेपेपारि पठाइन्छ । तनहुँका राजा कमारीदत्त सेनले शरण दिन्छ । छविलाल जैसीले भूत र भविष्य बताइ दिन्छ । त्यसपछि वेतिया प्रश्थान गर्छन् । वेतियामा रहँदा दाजुको मृत्युको खबर पुग्छ । दु:खद खबरले मर्माहित बन्न पुग्छन् । बहादुर शाह पुनः नेपाल फर्कने सोच बनाउँछन् । त्यो खबर थाहा पाएपछि राजेन्द्रलक्ष्मीले १३ दिन सम्म नआउनु भन्ने खबर पठाउछिन् । बहादुर शाह आउने नाकामा सेना तैनात गरिन्छ । बहादुर शाहमा नेपाल आउने र नआउने कुरामा दोमन हुन्छ । पिताको अन्तिम इच्छा पूर्तिको निम्ति

आउने अठोट गर्दछन् । बहादुर शाहको चुम्बकीय व्यक्तित्वले गर्दा भारदारहरू आकर्षित हुन्छन् । बहादुर शाह र राजेन्द्रलक्ष्मीको द्वैध शासन चल्न थाल्छ । बहादुर शाहको समर्थन बढ्दै जान्छ तर राजेन्द्रलक्ष्मी पन्छाउन चाहन्छिन् । त्यसैले सीमावर्ती क्षेत्र बाईसी र चौबीसी राज्यहरूको अवस्था बुझेर आउने आदेश दिन्छिन् तर बहादुर शाह जान चाहँदैन । षड्यन्त्रको जालो बन्दै जान्छ । बहादुर शाह र दलजीत शाहलाई थुनामा राख्न अगावै राजेन्द्रलक्ष्मीलाई दलजीत शाहद्वारा हनुमान ढोकामा पल्टन जम्मा गराई महारानीलाई नजरबन्दमा राखिन्छ । महारानीलाई बेलुकी घाम डुबेपछि चौतारियाहरू साथ नलिई भारदारहरूसँग भेटेको आरोप लगाइन्छ । त्यसपछि दस महिनासम्म नायवी शासन बहादुर शाहले चलाउँछन् । आफू नजरबन्दको पीडाबाट छुट्कारा पाउन बलभद्र शाहका पिता महोद्दमकीर्ति शाहलाई पत्र लेख्छिन् । महोद्दमकीर्ति शाह भेष बदलेर भरदारी सभामा एक्कासी प्रमुखको कुर्सीमा बसी महारानीलाई जेलमुक्त गर्न सफल हुन्छन् । घटनाले अर्को रूप लिन थाल्छ । बहादुर शाह यो खबर सुन्ने बित्तिकै गोरखाबाट वेतिया लाग्छन् । दलजीत शाहलाई धपाइन्छ । धार्के पन्तको मुख च्यातिन्छ । कसैलाई हात्तीको पयरमा लगाइन्छ कसैलाई सुली चडाइन्छ । बहादुर शाहको निर्वासन जीवन चलिरहेको बेला महारानीलाई टी.वी. अर्थात् राजयक्ष्मा रोगले छुन्छ । यही कारण राजा रणबहादुर शाहको ब्रतबन्ध १ वर्ष अगाडि सारिन्छ । वि.सं. १८४२ माघमा ब्रतबन्ध गरिने तय हुन्छ । बहादुर शाहलाई पनि निम्ता पठाइन्छ । ब्रतबन्धको काम गोर्खामा सकिएपछि बहादुर शाह पुनः वेतिया फर्किन्छन् । रोगले च्याप्दै गएपछि महारानीले बहादुर शाहको आवश्यकता महसुस गर्छिन् । सुसारे जुरेलीसँग आफू र आफ्नो पतिले बारम्बार अन्याय गरेको स्वीकार्छिन् र जुरेलीलाई आफू मरेपछि आफ्नो छोराको गद्दीको रक्षार्थ बहादुर शाहको प्राण प्यारी बन्न आग्रह गर्छिन् । बहादर शाहको सन्तान नजन्माउन जे जस्तो कुकर्म पनि गर्नु भन्ने आदेश दिन्छिन् । रोगले च्याप्दै लगेको राजमाता राजेन्द्रलक्ष्मीको वि.सं. १८४२ साउन २ गते देहावसान हुन्छ । बहादुर शाहले पुनः नायवी चलाउनु पर्छ । बहादुर शाहले आफ्ना विरोधी सबैलाई किनारा लगाउँछन् । उनलाई आफ्नो भविष्यका बारेमा सबैकुरा बताइदिने छविलाल जैसीको सम्झना आउँछ तर दूर्भाग्य नायबी लिएकै दिन मृत्यु भइसकेको हुन्छ । यसरी शिर पाउ दिन नपाउँदा थकथकी मान्दछन् । बहादुर

शाहको पाल्पाको राजकुमारी विद्यालक्ष्मीसँग विवाह हुन्छ । नेपालको राज्य बिस्तार गर्ने शुर कस्छन् । गुल्मी हान्न जीव शाह पठाइन्छ । रेसुङ्गा, चन्द्रकोट, अर्जुङ्गा, बाग्लुङ, घुर्ताङ्ग र खाँचीमाथि पनि विजय हात पार्छन् । पश्चिम विजय गर्न बहादुर शाह फौज लिएर आफैं निस्कन्छन् । आफ्ना सेनाको मनोबल जाँच्न तिलङ्गाको भेष बदल्छन् । यता बहादुर शाह हराए भनेर सेनामा हाहाकार मच्चिन्छ । कर्णाली प्रदेशको राजालाई धम्क्याउने उद्देश्य सहित भेष बदलेका कर्णाली प्रदेशको भेषधारी तिलङ्गालाई पक्राउ गरिन्छ, सोधखोज गरिन्छ र पछि भेष बदलेका तिनै तिलङ्गा बहादुर शाह भएका सावित हुन्छ । यति भएपछि कर्णालीमा पनि विजयश्री प्राप्त हुन्छ । उनलाई किङ् पुरुषको सम्मान मिल्छ । विजय उत्सव धुमधामसँग मनाइन्छ । बहादुर शाहलाई दोसल्ला, जगजीत, अमरसिंह थापा र गोलैया खवासलाई दोसल्ला सहित जग्गा जमिन महाराज रणबहादुर शाहद्वारा मान दिइन्छ । तिब्बतसँग पनि लड्नुपर्ने अवस्था आउँछ । सुरुमा चिनियाँ फौजले जित्दै जान्छ तर पछि उनीहरूको कुनै सीप लाग्दैन । चिनियाँ फौज भाग्छन् । काठमाडौंमा पुनः विजय उत्सव मनाइन्छ । चीनद्वारा सम्मान स्वरूप राजा रणबहादुरलाई वाङ र बहादुर शाहलाई कुङ्गको उपाधि प्रदान गरिन्छ । बिस्तारबिस्तार रणबहादुरमा यौवन अवस्था देखापर्छ । काकाबाट सत्ता आफ्नो हातमा लिन्छन् । शासनमा उद्दण्डता, अराजकता छाउन थाल्छ । यस प्रवृत्तिलाई खप्न नसकी बहादुर शाह पशुपतिको धर्मशालामा बस्न थाल्छन् । त्यहाँ महात्माले दुःख दिनेले पनि त्यस्तै नियति भोग्नुपर्ने बताउँछन् । त्यहाँ पनि बस्न वाक्क भएपछि चीनमा गई बस्नको लागि चिनियाँ सम्राटसँग अनुमतिको लागि चिठी पठाउन खोज्छन् । यस खबरले रण बहादुर आगो हुन्छन् । काठमाडौं छोडेर कही नजाने आदेश हुन्छ । रणबहादुर शाहले काकासँग निहुँ खोज्ने उद्देश्यले भोटको लडाईमा भएको खर्चको हिसाबकिताब माग्छन् । त्यसपछि बहादुर शाहलाई पक्राउ गरी भीसेनस्थानमुनि विष्णुमती पुलपूर्वको भग्न पुरानो किल्लामा लगेर थुनिन्छ । जेलपरेपछि हीनताबोध हुँदै जान्छ । पाप सम्झेर आत्महत्या गर्न पनि सक्दैन । यो खबर जुरेलीले बारम्बार देवीदत्तबाट लिई रहन्छे । जुरेली पनि चिन्तित हुन्छिन् । रणबहादुर शाहमा काकाले आफूलाई राजा मानेनन् भन्ने भ्रम रहिरहेको हुन्छ । उनले बहादुर शाहका नाममा राज मान्ने कि नमान्ने ? राजाले भनेको मान्ने कि नमान्ने भनी दुई प्रश्न सहितको गोप्य

पत्र पठाउँछन् । त्यसको जवाफ नपठाउँदा रणबहादुर रिसले चुर हुन्छ । साँढे तह लगाउने महसुर झपटवीरलाई काका तह लगाई प्रश्नको उत्तर ल्याउने काम जिम्मा लगाइन्छ । केही नखाएका बहादुर शाहलाई मखुण्डो धारीले पिट्दापिट्दै मृत्यु हुन्छ । उपन्यास टुङगिन्छ ।

यसरी उपर्युक्त विषयवस्तुलाई उपन्यासकारले शृङ्खलीकरण गर्दै घटनावलीहरूलाई कथानकभित्र उनेका छन् । यसरी हेर्दा उपन्यासको कथानक शृङ्खलाबद्ध रहेको देखिन्छ ।

**बहादुर शाह** उपन्यासमा श्री ५ पृथ्वीनारायण शाहको स्वर्गारोहण, नयाँ राजा प्रतापसिंह शाह र भारदारी चहलपहल, बहादुर शाहको नीति बहादुर शाहको तनहुँ निर्वासन प्रतापसिंह शाहको निधन, देवर भाउजूको द्वैध शासन, नायव महारानीसँग मनमुटाव महारानीको कारागार मुक्ति, रणबहादुर शाहको ब्रतबन्ध, राजमाता राजेन्द्रलक्ष्मीको रुग्ण अवस्था, राजेन्द्रलक्ष्मीको देहान्त, बहादुर शाहको विवाह, बहादुर शाहको विजय अभियान, बहादुर शाहको गुप्त भेष र अलप प्रसङ्ग, जुम्ला, कुमाउ र गढवालसँग नेपालको बिस्तार प्रसङ्ग, नेपाल भोट चीन युद्ध, श्री ५ रणबहादुर शाहको बिकृत व्यवहार, बहादुर शाहका बिरुद्ध षड्यन्त्र, बहादुर शाहलाई बन्दीगृहमा दिइएको अमानवीय यातनाका प्रसङ्ग र नायक बहादुर शाहलाई दानबीय व्यवहारबाट मारेको प्रसङ्ग आदि प्रमुख घटना बनेर प्रस्तुत भएका छन् ।[६६]

### ४.१.३.१.१ कथानकको स्रोत

उपन्यासकारले उपन्यास तयार गर्दा कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । त्यस्ता स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तर्मिश्रण गर्नाका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेर मात्र कथानकको सिर्जना गर्दछ ।[६७] कथानकका स्रोतका बारेमा मोहनराज शर्माले ४ प्रकार उल्लेख

---

[६६] चेतनाथ पौडेल, पूर्ववत् ।

[६७] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २४-२५ ।

गरेका छन् : इतिहास, यथार्थ, रागभाव र स्वैरकल्पना ।[६८] त्यस्तै कथानकको स्रोतका बारेमा कृष्णहरि बराल र नेत्र एटमले ५ प्रकार उल्लेख गरेका छन् । इतिहास, यथार्थमूलक, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना ।[६९] परम्परागत रूपमा प्रख्यात र उत्पाद्य गरी कथनाकका दुई स्रोत उल्लेख गरिएको पाउन सकिन्छ ।

प्रस्तुत **बहादुर शाह** उपन्यासको कथानकको स्रोत प्रख्यात र इतिहासमूलक हो । यस उपन्यासमा नेपालको एकीकरणको ऐतिहासिक तथ्यलाई चित्रण गरिएको छ । पृथ्वीनारायण शाहद्वारा एकीकरणको कार्य अगाडि बढाइएको थियो । त्यस कार्यलाई पूर्णता दिने काम बहादुर शाहले गरेका छन् । तत्कालीन राजनैतिक उतारचढावको कारण र राजाहरूको अल्पायुमै स्वर्गारोहण हुनाले कसैले पनि लामो समयसम्म राजकाज सञ्चालन गर्न पाएनन् यद्यपि आफ्नै दाजुभाइ, काकाभतिजा र देवर भाउजूका बीचमा मत एकता नहुँदा जहिले पनि भारदारहरूले बढी चलखेल गर्ने मौका पाइरहन्थें । भारदारीहरूको असली चरित्र शासकवर्गले राम्ररी बुझ्न नसक्दा खराब नियति भोग्नुपरेको छ । शासकवर्गमा पनि शक्ति सञ्चय गर्ने र आफ्नो शक्ति बढ्नासाथ दाउपेचको राजनीति गर्ने कुरा नाटकीय ढङ्गमा प्रस्तुत गरिएको छ । बहादुर शाहले तिब्बतसँग लडाई लड्ने र फौज एकत्रित गर्ने निर्णय गरेकै कारणले राजा प्रतापसिंहद्वारा जेल राख्ने आदेश दिइएको छ । अनुनयविनय गरेर चिट्ठी लेख्दा समेत बहादुर शाहको चिट्ठीको सुनुवाइ गर्न चाहदैनन् । प्रतापसिंहको अल्पायुमै मृत्यु भएकाले बहादुर शाह र राजेन्द्रलक्ष्मीले नायवी द्वैध शासन चलाउने अवसर पाउँछन् । जसमा शक्ति सञ्चय गरी एकले अर्कालाई पन्छाउने कार्य गरेका छन् । जसले ईर्ष्या र वैमनश्यको भावना बढीभन्दा बढी उत्पन्न भई प्रतिशोध भावना उत्पन्न भएको छ । यसको असर राजेन्द्रलक्ष्मी नजरबन्दमा करिब १० महिनासम्म बस्नु परेको छ । जब राजेन्द्रलक्ष्मीलाई जेल फुकुवा गरियो तब बहादुर शाहका गुटहरू पलायन हुनु पुगेको छ । काका बहादुर

[६८] मोहनराज शर्मा, पूर्ववत्, पृ. ११३ ।

[६९] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २५ ।

शाह र भतिज रणबहादुर शाहका बीचमा पनि वैमनश्यता उत्पन्न भई दुःखद् नियतिको सिकार बहादुर शाह बन्नु पुगेका छन् । बहादुर शाहको रणकौशलले गर्दा पश्चिममा सीमा अल्मोडासम्म पुगेको छ भने बाईसी र चौबीसी राज्यहरूलाई एक ढिक्का बनाउन सफल भएको छ । यस उपन्यास पढ्ने जोसुकै पाठकले पनि उपन्यास पढेपछि एक चोटि राज्य एकीकरणका इतिहास सम्झने गर्दछन् । जसलाई उपन्यासकारले औपन्यासिक शिल्पद्वारा औपन्यासीकरण गरेका छन् । त्यसैले यस उपन्यासको कथानक इतिहासमा आधारित छ ।

**बहादुर शाह** उपन्यासको कथानक इतिहासमा आधारित छ । सुन्दरप्रसाद शाह 'दुःखी'ले नेपाली शाह वंशीय परम्परामा देखेका, सुनेका र तथ्यमा आधारित भएर उपन्यासमा यथार्थ रूपमा प्रस्तुत गरेका छन् । आफैले पनि इतिहाससम्बद्ध उपन्यास भनी उल्लेख गरेका र वस्तुतः उपन्यासको विषयवस्तु पनि ऐतिहासिक भएकोले कथानक पनि इतिहासमा आधारित छ ।

### ४.१.३.१.२ **कथानकका आवश्यक उपकरणहरू**

कथानक मूल रूपमा अगाडि बढाउने कार्य द्वन्द्व र क्रियाले गर्दछ । द्वन्द्व र क्रिया कथानक घटनाहरूको कार्यकारण सम्बन्धमा आबद्ध भएको शृङ्खला भएकोले यसमा द्वन्द्व र त्यसमा उत्पन्न हुने क्रियाको सर्वाधिक महत्व रहन्छ । [७०] वास्तवमा द्वन्द्वविना कथानकले गति लिन सक्दैन । यसमा द्वन्द्व र अवरोध तथा द्वन्द्व र गतिको सिद्धान्त अबलम्बन हुन्छ । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तरजटिलताको सूचक हो । यो तीन तहमा विभक्त हुन्छ - मान्छेको बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व, मान्छेमान्छेका विषमताका कारणले दुबैमा वैमनस्य जन्माउने द्वन्द्व र मान्छेको आफैभित्र देखा पर्ने तनाउमूलक द्वन्द्व ।[७१] यी तीन किसिमका द्वन्द्वको चर्चा पाइए तापनि मूलतः आन्तरिक र बाह्य गरी दुई किसिमका द्वन्द्वको चर्चा गर्न सकिन्छ । आन्तरिक द्वन्द्वअन्तर्गत मान्छेको मनभित्र हुने द्वन्द्व पर्दछ भने बाह्य

---

[७०] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २६ ।

[७१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८ ।

द्वन्द्वअन्तर्गत व्यक्ति र व्यक्तिका बीच, व्यक्ति र समाजका बीच र समाज र समाजका बीच हुने द्वन्द्व पर्दछन् । कथानकमा आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वका कारण नयाँ क्रिया उत्पन्न हुने हुनाले कथानकको विकास र गतिका लागि द्वन्द्व र क्रिया अपरिहार्य वस्तु ठहर्छन् ।

विवेच्य **बहादुर शाह** उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रबलता देखिन्छ । बहादुर शाह, राजेन्द्रलक्ष्मी, प्रतापसिंह शाहमा देखा परेको मानसिक द्वन्द्व आन्तरिक द्वन्द्व हो भने महारानी राजेन्द्रलक्ष्मी र बहादुर शाहको वार्तालाप, छेडछाड, महारानी थुनिदाको परिस्थिति, बहादुर शाह खेदिनु, एकीकरण गर्दाको युद्ध, तिब्बतसँगको युद्ध, बाह्य द्वन्द्वका रूपमा देखा पर्दछ ।

उपन्यासमा बाह्य द्वन्द्व जति सबल छ त्यतिनै पात्रहरूको मनमा उत्पन्न हुने मनोद्वन्द्वहरू पनि प्रशस्त रहेका छन् । बहादुर शाहलाई नुवाकोटमा थुनिएकाले थुना मुक्तिका निम्ति गजराज मिश्र काठमाडौं वसन्तुपर दरबारमा आएपछि वार्तालापमा देखिएको प्रतापसिंहको मनोद्वन्द्वको एक अंशः *के गर्नु गुरुज्यू, राजकाजमा मन नलागेको कुरा पनि गर्नुपर्दो रहेछ म के गरौं* (पृ.४७) । भारदारहरूको षड्यन्त्रलाई राम्ररी नकेलाइ एक्कासी बहादुर शाहलाई तिब्बतसँग लडाई गर्ने निर्णय गरेको अभियोगमा थुनेर कतै गल्ति नै पो गरिएको हो कि ? भन्ने आभास भेटिन्छ । गजराज मिश्रको प्रयासबाट जेल मुक्त गरी चेपेपारि पठाउने आदेश भयो । यस क्रममा बहादुर शाह चेपे नदीको छेउमा रहेको बेला उत्पन्न आन्तरिक मनोद्वन्द्वको एक अंश यसप्रकार छ :

*चेपेको सहज प्रस्फूटित शब्दहरूको चोट बहादुर शाहको आत्मामा ठक्कर खान थाल्यो । उनी अलिक गर्माए, उकुश-मुकुश भएर भाउन्न हुन थाल्यो ।*

*बहादुर शाहको मनले सोध्यो "तिमीले मसँग कुरा गरिरहेको कि मेरो मुटुलाई दुख्ने गरी टोकेको ?* (पृ. ५१) ।

राजेन्द्रलक्ष्मीको मनमा पनि अनेक किसिमका मनोद्वन्द्वहरू देखा पर्दछन् । आफू विधुवा भइकन पनि विधुवाको आभास उनमा पाइदैन तर षड्यन्त्रकारी र अवसरवादी भारदारहरूको मनोभावना राम्ररी बुझ्न नसक्दा बहादुर शाहसँग मनमुटाव सिर्जना भई

रहन्थ्यो । पछि आफू राजयक्ष्मा रोगले ग्रसित भइसकेपछि कतै देवरप्रति अन्याय त गरिएन भनेर उनको मनमा उत्पन्न भएको मनोद्वन्द्वको एक अंश: *म देवर बहादुर शाहलाई नानीको राजकाजको मुख्तियारी सुम्पने पक्षमा छु । उ नभई नहुने भयो के गर्नु उ नभई पनि भएन, उ भएर पनि भएन । के गर्नु मेरो पुर्पुरो पनि यस्तै उसको पुर्पुरो पनि उस्तै* (पृ. १३४) ।

उपन्यासमा कथानकलाई अगाडि बढाउन बाह्य द्वन्द्वले पनि ठूलो भूमिका निर्वाह गरेको छ । प्रतापसिंह शाह आफू महाराज भएको आफ्नो औकात देखाउन कुनै यथार्थ विषयवस्तु थाहा नै नपाई भोटको लडाइ लड्ने निर्णय गर्‍यौँ भनेर कडा स्वरले कराउन पुग्छ । *के निर्णय गर्‍यौं तिमीहरूले के भोटसँग लडाइँ छेड्ने निर्णय गर्‍यौं रे हैन ?* (पृ. ३२) । .......... *वाइहात भयो वाइहात भयो* (पृ. ३३) ।

बाह्य द्वन्द्वकै रूपमा शेरबहादुर शाहले रणबहादुर शाहलाई उक्साएर बहादुर शाह जेल लगिन्छ । विष्णुमतीको किनार पूर्वपट्टिको किल्लाभित्र बसिरहँदा नकाव लगाएर आएका नकावधारीहरूसँग जेलभित्र भएको सङ्घर्षको एक अश:

*यो राजकाजी मामला हो, राजाको हुकूम नमान्ने निमक हरामलाई तह लगाउन म खटिएर आएको हुँ । हिम्मत छ फूर्ती गर्ने, हैन मैले जे भन्छु मान्ने, सहीछाप ठोक्ने !!*

*मैले यस अवस्थामा फूर्ती गर्ने कुरा पनि गर्दिनँ, कसैले जे भन्छ त्यसलाई मान्ने कुरा पनि आएन* (पृ. २२७) ।

प्रतापसिंह शाह र बहादुर शाह बीच भएको ठाकठुक, राजेन्द्रलक्ष्मी र बहादुर शाह बीच द्वैध शासन चलाउँदा उत्पन्न मनमुटावले ल्याएको द्वन्द्व र रणबहादुर शाहले बहादुर शाहमाथि गरेको अन्यायमा बाह्य द्वन्द्व पाइन्छ । त्यस्तै एकीकरणको सिलसिलामा गोरखाली फौज र बाईसी चौबीसी राज्यका फौज बीच भएको युद्धलाई पनि बाह्य द्वन्द्वको रूपमा लिन सकिन्छ । नेपालको भूभाग माथि विजय गर्दै आएको चिनियाँ फौजमाथि नेपाली फौजले जाइकटकको रणनीति त्यागी झिकीकटकको रणनीति अपनाउँदा भएको द्वन्द्व बाह्य द्वन्द्वको नमुनाहरू हुन् । **बहादुर शाह** उपन्यास

राज्य एकीकरणसँगसम्बद्ध विषयवस्तुलाई लिएर लेखिएको उपन्यास भएकोले उपन्यासै भरि द्वन्द्वको गन्ध आइरहन्छ तर यस उपन्यासमा लडाइमा भएको द्वन्द्वको यथार्थ प्रस्तुतिभन्दा सूच्य प्रस्तुतिलाई नै महत्त्व दिइएको छ ।

अतः यस उपन्यासमा पात्र पात्रका बीचमा भएको द्वन्द्व, देश र देशका बीचमा भएको द्वन्द्व बाह्य द्वन्द्व हो भने मनोग्रन्थिले ग्रसित अधिकांश पात्रहरूमा मनोद्वन्द्वको अवस्था सिर्जना भएको छ । यी दुबै किसिमको द्वन्द्वको उपस्थितिले गर्दा उपन्यास पढ्दा एकपछि अर्को कुतूहलताको सिर्जना भएको छ । उपन्यास रोचक एवं कथानकलाई अगाडि बनाउनमा द्वन्द्वले टेवा पुऱ्याएको छ । उपन्यासमा मोड परिवर्तन गर्ने कार्यमा द्वन्द्वले सघाउ पुऱ्याएको छ ।

#### ४.१.३.१.३ कथानकको आङ्गिक विकास

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । त्यसैले आदि, मध्य र अन्त्यका अवस्थाबाट विकसित रहेको कथनाक आङ्गिक दृष्टिले पूर्ण हुन्छ । यसमा आरम्भ, सङ्घर्षमा विकास, चरम, सङ्घर्षह्रास र उपसंहार जस्ता चरणहरू पारगर्दै पूर्ण भएको हुन्छ ।[७२] कथानकको पूर्णताले उपन्यासको अन्त्यमा पाठकका सम्पूर्ण जिज्ञासाहरूको समाधान गरेको हुन्छ ।

**बहादुर शाह** उपन्यासमा परम्परालाई नतोडी कथनाकको आदि, मध्य र अन्त्यको क्रमिकतामा जोड दिइएको छ । यस उपन्यासको कथानकको सुरुआत नुवाकोट दरबारबाट भएको छ । कथानकको मध्य बसन्तपुर दरबारलाई बनाइएको छ भने अन्त्य पनि यही दरबारको आसपास र विष्णुमती छेउको बन्दीगृहमा आएर भएको छ । पृथ्वीनारायण शाहको नुवाकोट दरबारमा मृतयुशैय्यामा छट्पटाइरहेको र मृत्युवरण गरेबाट उपन्यासको कथानक सुरु भएको प्रस्तुत उपन्यासको पहिलो परिच्छेददेखि पाँचौं परिच्छेदसम्म आदि भागअन्तर्गत राख्न सकिन्छ । यस भागमा कथानकको आरम्भ र विकासको शृङ्खला पनि सुरु हुन्छ । नुवाकोट दरबारमा

---

[७२] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ २६-२७ ।

पृथ्वीनारायण शाहको मृत्यु भएपछि वसन्तुपर दरबारमा प्रतापसिंह शाह उत्तराधिकारीको रूपमा अगाडि आएका छन् । बहादुर शाह तेर दिनसम्म किरिया बसेर वसन्तपुर आउँछन् । त्यसपछि बहादुर शाहको अगाडि टिक्न सक्तिनँ भन्ने भारदारहरूले षड्यन्त्र बुन्दै जानु, भारदारी चहलपहलले ठूलै ठाउँ ओगट्नु, बहादुर शाहले तिब्बतसँग लड्नै पर्ने अवस्थाको सिर्जना भएकाले लडाई गर्न आदेश दिनु, प्रतापसिंहले पुनश्चरणको साङ्गेका दिन लडाइँ लड्ने खबर प्राप्त हुनु, रिसले आगो बन्नु, सबै पहिलाको निर्णय रोक्न लगाउनु, सेनाद्वारा बहादुर शाहलाई कब्जा गर्न लगाई नुवाकोट दरबारमा लगेर थुन्नु, आफू थुनिनुको कारण सहित दाजुलाई पत्र कोर्नु, गजराज मिश्रले छुट्काराको निम्ति राजालाई भेट्नु, चेपेपारी पठाउनु, प्रतापसिंहलाई हर्साको रोगले भेट्नु र मृत्युवरण गर्नुसम्मको कथानकलाई यस भागमा राख्न सकिन्छ । उपन्यासको नायक बहादुर शाहले टक-ढकको विषय र नेपालीमाथि तिब्बतीहरूले गरेको दुर्व्यवहारको प्रतिशोधको निम्ति युद्ध लड्ने निर्णय गर्दा प्रतापसिंहलाई त्यस निर्णय अनुकूल बन्दैन । त्यसपछि कुतूहलता अब के हुने भन्ने प्रश्नहरू अगाडि देखा पर्दछ । प्रतापसिंहको असामयिक निधनले राजकाजमा झन् समस्या देखा पर्दछ । त्यसबेला राजकाज नै खतरामा पर्ने हो कि भनेर कुतूहलता उत्पन्न हुन्छ । त्यसैले यस उपन्यासको प्रारम्भिक अवस्थासँगै विकास अवस्थाको समेत सुरु हुन्छ । यो नै यस उपन्यासको आदि भाग हो ।

प्रस्तुत उपन्यासको छैँटौ परिच्छेददेखि अठारौँ परिच्छेदसम्मको भागलाई मध्य भागअन्तर्गत राख्न सकिन्छ । जसमा कथानकले सङ्घर्ष विकासका शृङ्खलाहरू र चरम अवस्था पार गर्छ । महारानी राजेन्द्रलक्ष्मी र देवर बहादुर शाह दुबै मिलेर नायवी शासन चलाउन थाल्नु, भाइ भारदारको कुराले देवर भाउजूका बीचमा मनमुटाव उत्पन्न हुनु, भाइभारदार गुटबन्दीतिर लाग्नु, बहादुर शाहलाई राजकाजबाट अलग राख्ने उद्देश्यले बाईसी चौबीसी राज्यका राजा रजौटाको गतिविधि बुझ्न पठाउनु तर नजानु, महारानीलाई घाम डुबेपछि एक्लै भारदारीलाई भेटेको भनी अभियोग लाग्नु, जेल पर्नु, १० महिना पछि नाटकीय ढङ्गबाट जेल मुक्त हुनुले औपन्यासिक घटनाक्रममा तीव्र, सङ्घर्ष र कुतूहलताका साथ कथानक फराकिलो बनेको छ ।

महारानीको मृत्युपश्चात् वेतियाबाट बहादुर शाह पुनः नेपाल फिकाइन्छ र बहादुर शाहले नायवी शासन चलाउँछन् । चौधौं परिच्छेदमा बहादुर शाहको नयाँ जीवन सुरु हुन्छ । पन्ध्रौं परिच्छेदमा पुगिसकेपछि बहादुर शाहले आफ्ना पिताको अधुरो सपना पूरा गर्ने उद्देश्यले बाईसी र चौबीसी राज्यतिर आँखा लागाउँछन् र विजय पनि हात पार्छन्, विविध रणनीतिहरू लगाएर गढवालसम्म नेपालको सीमा बिस्तार गर्छन् । यस उपन्यासमा नायकको सफलता पनि यही पन्ध्र र सोरौँ परिच्छेदमा देखिन्छ । यस बेला बहादुर शाहले आफूले नायवी शासन खुला रूपमा चलाउन पाएका छन् । उपन्यासको कथानकको सफलता भने अठारौं परिच्छेदमा प्राप्त हुन्छ । भोटसँगको लडाईंमा बहादुर शाहको रणकौशल जाइकटक नगर्नु फिकीकटक गर्नु भन्ने नीतिले सफलता पाए पछि उपन्यासको विकास अवस्था चरम रूपमा पुगेको देखिन्छ । घटनाक्रममा अनेक किसिमका कुतूहलताहरू पैदा हुन्छ एकपछि अर्को समस्या थपिदै जान्छ, नायकले संयमता लिएको देखिन्छ । रणबहादुरको बिकृत व्यवहार देखिन थाल्छ । कथानक बिस्तार साँघुरो हुँदै गएको देखिन्छ । कथानकले फैलिने अवसर त्यति पाउँदैन ।

उपन्यासको उन्नाईसौ देखि बाईसौं परिच्छेदसम्मको भागलाई अन्त्यभागअन्तर्गत राख्न सकिन्छ । यस भागमा कथानक ओरालो लाग्दै अन्त्यावस्थामा पुगेर टुङ्गिन्छ । सङ्घर्षह्रास तथा उपसंहारजस्ता अवस्था यस भागमा देखिन्छ । रणबहादुर शाहको उद्दण्ड व्यवहार, अराजकताले वाक्क भएपछि नायक बहादुर शाह पशुपतिको धर्मशालमा स-परिवार जान्छन् । पशुपतिको पवित्र जलमा दैनिक स्नान गर्छन् । नायकको मनमा सङ्घर्ष गर्ने जाँगर आउँदैन । एकान्तमा गएर बस्ने सौँच आउँछ । चीन गएर बस्ने विचारसहित पत्र लेख्न खोज्छन् तर त्यसको प्रतिक्रियास्वरूप आफ्ना भतिजाबाट काठमाडौं छाडेर कतै जान नपाउने हुकुम हुन्छ । भोटको लडाईंमा भएको खर्चको हिसाब मागिन्छ । आफ्ना पुराना भारदारहरू मरिसकेका हुन्छन् । विष्णुमती पुलपूर्वको पूरानो किल्लामा लगी जेलमा राखिन्छ । षड्यन्त्रको जालो बन्दै जान्छ । अन्त्यमा नकावधारीद्वारा त्यही जेलभित्र निर्मम तरिकाले हत्या गरिन्छ । त्यसैले यी परिच्छेदहरूले बहन गरेको घटनाक्रम मूल समस्या द्वन्द्व वा सङ्घर्षका साथ पराकाष्ठामा पुगी समाधानतर्फ उन्मुख रहेको देखिन्छ । उपन्यासको अन्तिम परिच्छेद उपंसहारका रूपमा

लिन सकिन्छ । यस अवस्थामा **बहादुर शाह**लाई केही नखाई मौन भई बन्दी जीवन बिताइरहेको हुन्छ । आफूभित्र हिनताबोध उत्पन्न भएको छ । त्यसैक्रममा नकाब लगाएका नकाबधारीहरूले बहादुर शाहलाई देहलीला समाप्त पारिदिएको छ र उपन्यासले विश्रान्ति लिएको छ ।

यसरी उपन्यासको आरम्भ पृथ्वीनाराण शाहको देहान्त र बहादुर शाहले दिएको दागवत्तीसँगैको प्रसङ्गबाट भएको छ । कथानक अगाडि बढ्दै जाँदा विभिन्न उपकथानकहरू पनि जोडिएर आएका छन् । बहादुर शाह र प्रतापसिंहको कथानक सकिन नपाउँदै राजेन्द्रलक्ष्मी र बहादुर शाहसँगको प्रसङ्ग, राजेन्द्रलक्ष्मीको अवसान पश्चात् रणबहादुर शाह र बहादुर शाहको कथानक जोडिन गएको छ । तेस्रो परिच्छेदमा भोटसँग लडाइँ गर्ने निर्णय लिएकोमा नुवाकोट दरबारको रत्नदुर्गमा बन्दी भई बस्नु पर्दा बहादुर शाहप्रति पाठकहरूको सहानुभूति जागेर आउँछ भने बाईसौ परिच्छेदमा जेलभित्र नौं दिनसम्म केही नखाएका र नकावधारीद्वारा पिटिँदा नायक बहादुर शाहप्रति पाठकहरूको त्यही नियति दोहोरिन्छ । उपन्यासमा आदिदेखि अन्त्यसम्म नै बहादुर शाहले संयमता देखाएको छ । जसले कथनाक टुट्न दिएको छैन । यसरी बहादुर शाह उपन्यासको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा अनुस्यूत भएको छ ।

### ४.१.३.१.४ कथानकको ढाँचा

उपन्यासको आदिदेखि अन्त्यसम्म घटनाहरूको विन्यास कसरी गरिएको छ, त्यसैलाई कनाथक ढाँचा भनिन्छ । कथानकको ढाँचाहरू रैखिक र वृत्ताकारीय गरी दुई किसिमका हुन्छन् । परम्परागत उपन्यासमा रैखिक ढाँचाको प्रयोग गरिन्थ्यो तर पछिल्ला चरणमा वृत्ताकारीय ढाँचाको प्रयोग गर्ने चलन बढेर गएको छ । रैखिक ढाँचामा कथानकका अङ्गहरूलाई क्रमबद्ध गरी सीधा अगाडि बढाउँदा त्यसले रेखाका

रूपमा आदि, मध्य र अन्त्यलाई जोड्दछ भने वृत्ताकारीय ढाँचामा चाहिँ कथानक भुमरी झैँ घुमेको अवस्थामा प्रकट हुन्छ ।[७३]

विवेच्य **बहादुर शाह** उपन्यास परम्परागत शैलीमा लेखिएको उपन्यास भएकाले यसको कथानक रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । यसको कथानक पृथ्वीनारायण शाहको मृत्युसँगै अगाडि बढ्छ । कथानकको सुरु पनि पृथ्वीनारायण शाहको मृत्युबाट र अन्त्य पनि बहादुर शाहको मृत्युबाट भएकाले यसको कथानक दुःखान्त छ । कथानकका विकास अवस्थामा पनि प्रतापसिंहको मृत्युले कथानक दुःखान्तक बनाएको छ भने राजेन्द्रलक्ष्मीको निधनले पनि कथानक दुःखान्तक बनाएको छ । बहादुर शाहसँग मूल कथानक जोडिएर आएको छ भने गौण कथानकका रूपमा भाइ, भारदार एवं जुरेली आदिको कथानक आएका छन् । गौण कथानकले मूलकथानकलाई कुनै पनि असर गरेको देखिदैन । एकपछि अर्को घटनाक्रमले गर्दा कुतूहलताको सिर्जना गरेको छ । यसरी मूल कथानकलाई नै आदि, मध्य र अन्त्य हुँदै परिणतिको अवस्थामा पुऱ्याइएकाले यस उपन्यासको कथानक रैखिक ढाँचामा प्रस्तुत भएको छ ।

यस उपन्यासको मूल लक्ष्य तत्कालीन अवस्थाको राजनीतिक, सामाजिक वस्तुस्थितिको चित्रण गर्नु रहेको छ । आदिदेखि अन्त्यसम्म सलल बगेको कथानक भएकाले यसको कथानकीय ढाँचा रैखिक छ । कालक्रमका दृष्टिले आदि, मध्य र अन्त्य भागमा आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास तथा उपसंहारजस्ता पाँच चरण पार गरी कथानकले विश्रान्ति लिएको छ ।

### ४.१.३.२ चरित्रचित्रण

आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ ।[७४] उपन्यास भित्र कुनै पनि विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग

---

[७३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २८ ।

[७४] मोहन राज शर्मा, पूर्ववत्, पृ. ११४ ।

गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ ।[७५] पात्रले उपन्यासको कथानकलाई नयाँ मोडमा पुऱ्याउनका साथै गति प्रदान गर्ने कार्य गर्दछ । व्यक्तिका अन्तर तथा बाह्य संरचना चरित्रकै माध्यमबाट प्रकट हुन्छन् ।[७६] कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम चरित्रहरू हुन् ।[७७] साथै चरित्रका माध्यमबाट त्यहाँको समाज, संस्कृति, चालचलन तथा पात्रले बाँचेको समग्र परिवेशको उद्घाटन हुन्छ । त्यसैगरी चरित्रकै माध्यमबाट उपन्यासकारले आफ्नो विचार वा चिन्तनलाई प्रस्तुत गरेको हुन्छ । खास परिस्थितिमा अल्झेको विचार वा चिन्तनलाई प्रस्तुत गरेको हुन्छ । खास परिस्थितिमा अल्झेको व्यक्ति कतिखेर कुन भावनाद्वारा प्रेरित हुन्छ, त्यस प्रेरणाका फलस्वरूप उसले के खोज्छ, के बोल्छ, के गर्छ आदि कुराहरू सजीवताका साथ देखाउनु चरित्रचित्रण हो ।[७८] जसरी उपन्यासमा सिङ्गो मानव सभ्यताको स्वरूप चित्रण गरिएको हुन्छ त्यसरी नै उपन्यासलाई जीवन्त बनाउन र मान्छेका शाश्वत सत्यको उद्घाटन गर्न पनि चरित्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा मानवीय तथा मानवेतर दुबै खाले पात्रको प्रयोग गरिएको हुन्छ । उपन्यासमा प्रयुक्त सबै पात्रका आ-आफ्ना चारित्रिक विशेषता हुन्छन् । तिनै चारित्रिक विशेषताका आधारमा चरित्रको विश्लेषण गर्नुपर्ने हुन्छ । अतः उपन्यासको घटनासँग सम्बन्धित व्यक्तिलाई पात्र भनिन्छ । पात्रलाई चरित्र पनि भनिन्छ । पात्रले उपन्यासमा विविध कार्यहरू सम्पन्न गरेका हुन्छन् त्यस कार्यलाई देखाउने ढाँचालाई चरित्रचित्रण भनिन्छ ।

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भहरूबाट टिपिने र ती चरित्रहरूको आफ्नै किसिमका प्रवृत्ति र विशेषता हुने भएकाले उपन्यासमा विभिन्न प्रकारका चरित्रहरू प्रयोग हुन सक्छन् । जस्तैः गतिशील र गतिहीन, यथार्थ र आदर्श,

---

[७५] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ ३० ।

[७६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७ ।

[७७] डा. ऋषिराज बराल, पूर्ववत्, पृ. ३२ ।

[७८] मोहन राज शर्मा, पूर्ववत्, पृ. ११४-११५ ।

अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक ।[७९]

**क) गतिशील र गतिहीन**

परिस्थितिअनुसार आफ्नो चारित्रिक विशेषता बदल्ने पात्र गतिशील हुन्छ भने आद्यान्त एकै किसिमको जीवन बिताउने अर्थात् चारित्रिक दृष्टिले भिन्नता नआउने पात्र गतिहीन हुन्छ ।

**ख) यथार्थ र आदर्श**

पाठकको संवेदनालाई छोइ समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने पात्र यथार्थ हुन्छ भने उच्च आकाङ्क्षा बोकेको र नीति नियमको बाटो सिकाउन खोज्ने पात्र आदर्श हुन्छ ।

**ग) अन्तर्मुखी र बहिर्मुखी**

बाह्य जीवन तथा संसारदेखि टाढा रहने र आफ्नै अपनत्वमै सीमित रहने पात्र अन्तर्मुखी हुन्छ भने आफ्ना मनका कुरा अरूलाई भनिहाल्ने, बाहिरी सम्पर्कमा रम्न खोज्ने र जीवनलाई रमाइलो अनुभवका रूपमा लिने पात्र बहिर्मुखी हुन्छ ।

**घ) गोला र च्याप्टा**

क्षणक्षणमा विशेषता परिवर्तन गरी जीवनलाई जटिल रूपले भोग्ने पात्रलाई गोला भनिन्छ । यस्ता पात्रहरू स्वाभाविक किसिमका हुन्छन् । जीवनलाई सरल किसिमले भोग्ने र चरित्रलाई सजिलैसित बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ । गोला पात्रले जीवनलाई आफै भोग्ने र चरित्रका विभिन्न आयाम हुने भएकाले ती बढी प्रभावशाली हुन्छन् भने च्याप्टा पात्रले उपन्यासमा त्यति प्रभावकारी भूमिका निभाउन सक्दैन ।

---

[७९] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ ३० ।

**ङ) सार्वभौम र आञ्चलिक**

जतातते उही रूपले ग्रहण गर्न सकिने पात्रलाई सार्वभौम भनिन्छ । यस्तो पात्र जुनसुकै क्षेत्र र वातावरणमा सुहाउने किसिमको हुन्छ । त्यस्तै एउटै क्षेत्र र वातावरणमा मात्र सुहाउने किसिमको पात्रलाई आञ्चलिक भनिन्छ । यस्ता पात्रमा आफ्नै खाले निजी संस्कार र विशेषता हुन्छन् ।

**च) पारम्परिक र मौलिक**

पूर्व परिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा चल्ने पात्र पारम्परिक हुन्छन् । यस्ता पात्रले भविष्यमा गर्ने कार्यको पहिल्यै अनुमान लगाउन सकिन्छ । त्यसैगरी स्रष्टाले नयाँ सिर्जना गरेको पात्रलाई मौलिक भनिन्छ । जो तत्कालीन समाजको प्रतिनिधित्व गर्ने खालको हुन्छ ।

उपन्यासका चरित्रको वर्गीकरण गर्ने अन्य आधारहरू पनि छन् । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता पर्दछन् ।[८०]

**क) लिङ्गका आधारमा**

उपन्यासमा प्रयुक्त पात्रहरू पुरुष वा नारी के हो भनेर चिन्ने पहिलो आधार लिङ्ग हो । यस आधारबाट हेर्दा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमबाट पात्रहरूलाई छुट्याउन सकिन्छ । पात्रको बाह्य वर्णन, बोलीचाली, उसको शारीरिक बनोट, नामकरण, पहिरन र पात्रका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो आधार छुट्याउन सकिन्छ ।

**ख) कार्यका आधारमा**

उपन्यासमा प्रयुक्त पात्रहरू सबै एउटै कार्यमा आएका हुँदैनन् । त्यसैले प्रत्येक पात्रहरूले विभिन्न भूमिका निर्वाह गरेका हुन्छन् । कार्यका दृष्टिले पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गमा राखिन्छ । सबैभन्दा बढी कार्य भूमिका भएको पात्र प्रमुख पात्र हो । उपन्यासमा यस किसिमका पात्रको नाम पटकपटक पुनरावृत्ति भएको

---

[८०] मोहन राज शर्मा, पूर्ववत्, पृ. ११५ ।

हुन्छ । त्यसैगरी प्रमुख पात्रको भन्दा केही कम कार्यमूल्य भएको पात्रलाई सहायक पात्र भनिन्छ । यस्ता पात्रले प्रमुख पात्रको भूमिकामा सघाउ पुऱ्याएका हुन्छन् । उपन्यासमा ज्यादै थोरै मात्र कार्यमूल्य भएको पात्र गौण हो । यस्ता पात्रहरू छिनमै देखिने र छिनमै हराउने हुन्छन् । यस्ता गौण पात्रलाई उपन्यासबाट हटाइदिँदा पनि कथानकमा त्यति असर पर्दैन ।

**ग) प्रवृत्तिका आधारमा**

यस आधारमा अनुकूल र प्रतिकूल गरी दुई वर्गका पात्रहरू हुन्छन् । उपन्यासमा जुन पात्रले सकारात्मक कार्य गर्दछ त्यो पात्र अनुकूल हो भने जुन पात्रले नकारात्मक कार्य गर्दछ त्यो पात्र प्रतिकूल हो । अनुकूल पात्रले उपन्यासको उद्देश्य प्राप्तिका लागि उपयुक्त भूमिका खेलेको हुन्छ भने प्रतिकूल पात्रले खलपात्रको भूमिका निर्वाह गरी उपन्यासको उद्देश्य विपरीत लागेका हुन्छन् ।

**घ) स्वभावका आधारमा**

यस आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई किसिमका हुन्छन् । आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी स्थितिअनुकूल बन्ने पात्रहरू गतिशील वर्गमा पर्छन् भने आद्यान्त उस्तै स्वभाव, सिद्धान्त र जीवनधारालाई लिएर देखापर्ने पात्र गतिहीन वर्गमा पर्दछन् ।

**ङ) जीवन चेतनाको आधारमा**

उपन्यासमा पात्रहरूलाई जीवनचेतनाका दृष्टिले वर्गगत र व्यक्तिगत गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । कुनै वर्ग विशेषको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गगत र विशिष्ट प्रकारको व्यक्तिको प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्तिगत अन्तर्गत राख्न सकिन्छ ।

**च) आसन्नताका आधारमा**

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई नै आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई वर्गमा छुट्याउन सकिन्छ । उपन्यासमा मञ्चीय पात्रहरू वर्गका रूपमा प्रत्यक्ष रूपमा आँउछन् भने नेपथ्य पात्रहरू परोक्ष

रूपमा वा सूच्य रूपमा मात्र आउँछन् । प्रायजसो नेपथ्य पात्रहरू पूर्ववर्ती कालमा हुन्छन् भने मञ्चीय पात्रहरू वर्तमान समयमा आएका हुन्छन् ।

**छ) आबद्धताका आधारमा**

आबद्धताका आधारमा उपन्यासका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । जुन पात्रलाई झिक्दा कृतिको संरचना खज्मजिन्छ त्यस्तो पात्रलाई बद्ध भनिन्छ भने जुन पात्रलाई कृतिबाट हटाउँदा पनि कृतिको संरचना खज्मजिदैन वा कथानकमा खासै हलचल उत्पन्न हुँदैन । त्यस्तो पात्रलाई मुक्त पात्र भनिन्छ ।

**बहादुर शाह** उपन्यासमा प्रमुख, सहायक र गौण गरी लगभग ७० जना भन्दा बढी पात्रहरू समाविष्ट छन् । ती पात्रहरूमध्ये धेरैजसो इतिहासका पात्रहरू छन् । केही मात्र कल्पित पात्रहरू छन् । कल्पित पात्रहरूको थर खुल्न सकेको छैन ।

विवेच्य उपन्यासमा समावेश गरिएका पात्रहरूमा बहादुर शाह, प्रतापसिंह शाह, राजेन्द्रलक्ष्मी, पृथ्वीनारायण शाह, दलमर्दन शाह, दलजीत शाह, ब्रजनाथ पौडेल, स्वरूपसिंह कार्की, विद्यालक्ष्मी, अमरसिंह थापा दामोदर पाण्डे, विष्णुरूप शाह, सुरथ भण्डारी, रणसिंह शाह, गङ्गाधर पन्त, चामु रोकाया, पद्मावती, श्रीहर्ष पन्त, सर्वजीत रानामगर, जसकर्ण बोहरा महोद्दमकीर्ति शाह, कीर्तिराज राजोपाध्याय, मैजू महारानी, गजराज मिश्र देवीदत्त पाठक, जुरेली, श्रीकृष्ण शाह, वाणीविलास, विदुर शाह, सुखीर थापा, मोहनचन्द्र, मोहिन्द्र सिंह, लालसिंह, शक्तिबल्लभ अर्याल, गलैया खवास, शेरबहादुर शाह, उजीर टुङ्थाङ्, तुलाराम पाण्डे, कामरीदत्त सेन, रणसिंह शाह, नरेन्द्रलक्ष्मी, जसकर्ण बोहरा, महेश्वर वैद्य, छविलाल जैशी, कुलनन्द ढकाल, कृष्णनन्द पौडेल, केपुचिन पादरी, भोटु पाण्डे, परशुराम रानामगर, भीम खवास, हसिना, पम्फा, जाई, कमलचम्फा, धन खवास, बलभद्र खवास, गौरीकान्त, नारायण अर्याल, जयभद्र बोहरा, चक्रपाणि अर्याल, हरिदत्त उपाध्याय, शिवराम खत्री, जीव शाह, बलपन्त जैसी, माधव प्रियादेवी, जगजीत, लालसिंह, लक्ष्मीदेवी आदि दर्जनौ रहेका छन् । अतः यी उल्लिखित केही पात्रहरूको चारित्रिक विशेषता निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**पात्रविधान तालिका :**

| क.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १. | बहादुर शाह | पुलिङ्ग | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| २. | प्रतापसिंह शाह | पुलिङ्ग | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ३. | राजेन्द्र लक्ष्मी | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ४. | रणबहादुर शाह | पुलिङ्ग | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ५. | स्वरूपसिंह कार्की | पुरुष | सहायक | प्रतिकुल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ६. | ब्रजनाथ पौडेल | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| ७. | दलमर्दन शाह | पुरुष | सहायक | उभयमुखी | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ८. | दलजीत शाह | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ९. | विद्यालक्ष्मी | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १०. | जीव शाह | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ११. | राजराजेश्वरी | स्त्री | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| १२. | विष्णरूप शाह | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १३. | सर्वजीत रानामगर | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १४. | जसकर्ण बोहरा | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १५. | चामु रोकाय | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६. | गङ्गाधर पन्त | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १७. | श्रीहर्ष पन्त | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १८. | विदुर शाह | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १९. | महोद्दमकीर्ति शाह | पुरुष | सहायक | उभयमुखी | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| २०. | जुरेली | स्त्री | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २१. | पम्फा | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | नेपथ्य | मुक्त |
| २२. | कमल चम्फा | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | नेपथ्य | मुक्त |
| २३. | रणसिंह शाह | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| २४. | पृथ्वीनारायण शाह | पुलिङ्ग | गौण | उभयमुखी | स्थिर | वर्गगत | नेपथ्य | मुक्त |
| २५. | नरेन्द्रलक्ष्मी | स्त्री | गौण | उभयमुखी | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| २६. | पद्मावती | स्त्री | गौण | उभयमुखी | स्थिर | वर्गगत | नेपथ्य | मुक्त |
| २७. | वाणी विलास | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| २८. | तिले खवास | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| २९. | कमारिदत्त सेन | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| ३०. | अमरसिंह थापा | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | नेपथ्य | मुक्त |
| ३१. | दामोदर पाण्डे | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | नेपथ्य | मुक्त |
| ३२. | कुलानन्द ढकाल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |
| ३३. | कुलानन्द पौडेल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | मुक्त |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४. | केपुचिन पादरी | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३५. | लक्ष्मीरमण उपाध्याय | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ३६. | भोटु पाण्डे | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ३७. | परशुराम रानामगर | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ३८. | नारायण अर्याल | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ३९. | विदुर शाह | पुरुष | गौण | प्रतिकुल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ४०. | हर्षदेव | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ४१. | छविलाल जैसी | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ४२. | हसिना | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ४३. | भोटु पाण्डे | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ४४. | महेश्वर बैद्य | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ४५. | शक्तिवल्लभ अर्याल | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ४६. | मोहनचन्द्र | | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | नेपथ्य | मुक्त |

उपर्युक्त पात्रविधानगत तालिकाका आधारमा **बहादुर शाह** उपन्यासको प्रमुख एवं केही सहायक पात्रहरूको चरित्रचित्रण निम्नानुसार छन् ।

### ४.१.३.२.१ प्रमुख पात्रहरू

**बहादुर शाह**

**बहादुर शाह** उपन्यासको नायक बहादुर शाह हुन् । बहादुर शाह लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा शासक वर्गको प्रतिनिधि पात्र, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

बहादुर शाह कल्पित पात्र नभई ऐतिहासिक पात्र हुन् । पृथ्वीनारायण शाहका माइला छोरा, प्रतापसिंह शाहका भाइ, राजेन्द्रलक्ष्मीका देवर तथा रणबहादुर शाहका काका हुन् । उनी आफ्ना पिता राष्ट्रनिर्माता पृथ्वीनारायण शाह जस्तै दूरदर्शी, निडर, विद्वान् चलाख र कुशल योद्धाका रूपमा देखिएका छन् । उनी आज्ञाकारी पनि थिए । आमाको अन्तिम अर्तीको सदैव शिरोपर गरेर राखेका छन् । यस प्रसङ्गलाई यसरी वर्णन गरिएको छ : *बहादुर शाहको आफ्नो दाजुले अख्तियार गरेको नीतिसँग विल्कुल मतभेद थियो तर पनि दाजुको अनुशासन र आफ्नो आमाको अन्तिम अर्तिको सच्चा पक्षधर भएकोले राजाका हुकुम निर्देशनलाई पालन गरी संयम व्रतमा नै बसेका थिए ।* (पृ. २५) ।

बहादुर शाहको शारीरिक बनोटका बारेमा उपन्यासमा वर्णन भएअनुसार *सानो दारको शरीर भएका बहादुर शाह मोटाएका भने थिएनन्* (पृ. ७५) । आफू नुवाकोटमा थुनिनु पर्दा होस् वा वेतियाको प्रवासमा रहँदाहोस् उनी हरबखत नेपालको शासन प्रणालीमा देखिएको स्वतन्त्र राज्यविरोधी विदेशी अङ्ग्रेज एवं इसाईहरूको गतिविधि बुझी राजा प्रतापसिंहलाई सूचना दिइरहनुले पनि राष्ट्रभक्तिको भावना प्रचुर मात्रामा देखिन्छ । यसरी निष्कपट रूपमा आफ्नी अर्धाङ्गिनी धर्मपत्नीसँग समेत विमुख भई फिका र निरासको जीवन भोगाइमा अफगानिस्तानसम्म राष्ट्रिय ध्वजा फहराउने महत्वकाङ्क्षा लिई स्वर्गीय बुबा (पृथ्वीनारायण शाह)ले छोडेको भूमिलाई एकतिहाई

भूभाग बनाउने जुन ऐतिहासिक श्रेयसँगै ऐतिहासिक वीर पुरुषको रूपमा अथवा इतिहासका नायकका रूपमा बहादुर शाहलाई चिनिन्छ ।[८१] निस्वार्थी र त्यागी थिए भन्ने कुरा यसरी राजमाताको अभिव्यक्तिबाट पनि बुझ्न सकिन्छ । *बहादुर शाह जस्तो निश्वार्थी त्यागी र साँच्चिकै बहादुर व्यक्ति नै राजकाज चलाउन र छोरा नानीलाई सघाई सिक्लाई पार्न आवश्यक छ । यो मलाई पक्का थाहा छ । ससुराज्यूलाई पनि यो भरोसा मनमा थियो । देवर आफ्नो लागि यो ढुङ्गोको वर्खिलाप जान्न* (पृ. १३६) ।

बहादुर शाह यथार्थ र सत्यको पक्षधर देखिन्छन् । बरु जेल बस्छन्, देश निकाला हुन्छन् तर आफ्नो शिर झुकाउँदैनन् । आफ्नो ज्यानसमेत लिने उद्देश्यले आएका नकावधारी षड्यन्त्रकारीहरूसँग कति पनि शिर नझुकाई *मलाई मार काट जे गर्छस् गर म केही पनि गर्ने पक्षमा छैन भन्न पुग्छन्* (पृ. २२९) । आफ्नो हातमा शासनको बागडोर हुँदा उनले देखाएको वीरता र साहस यस उपन्यासको महत्त्वपूर्ण पक्ष हो । बहादुर शाह युद्ध, कूटनीतिका ज्ञाताका रूपमा पनि देखा परेका छन् । नेपाल एकीकरणको क्रममा पश्चिमा बाईसी र चौबीसी राज्यहरू कब्जा गर्नु तथा कर्णाली प्रदेशमा आक्रमण गर्नु अघि तिलङ्गाको भेष बदलेर त्यहाँको वस्तुस्थिति बुझी युद्ध जित्नुका साथै चीनसँगको लडाईंमा चिनियाँ फौजले पेल्दै ल्याउँदा उनले देखाएको कुट्नैतिक रणकौशल तारिफ योग्य छ ।

नेपाल एकीकरणको महान् सपना बोकेका वीर योद्धा बहादुर शाहले आफ्नो जीवनमा जति दुःख, बाधा, वेदना र समस्याको सामना गर्नु पर्‍यो नश्वर शरीरलाई असमयमै गुमाउनु पर्‍यो ।[८२] सफलताको अभियानमा शारीरिक मानसिक दुःखकष्ट र झमेला के कति व्यहोर्न परे होलान् स्वयं उपन्यास मात्र हैन नेपालको इतिहास नै साक्षी छ ।[८३] नयाँ नेपालको संरचना गर्ने कार्यमा सहनायक र उपन्यासको नायक बहादुर शाह वास्तवमा एक सच्चा देशभक्त इमान्दार जो समयलाई राम्ररी बुझ्न सक्ने

---

[८१] हेमराज पाण्डे : अभागी, पूर्ववत् ।

[८२] घटराज भट्टराई, पूर्ववत् ।

[८३] हेमराज पाण्डे, पूर्ववत् ।

महान त्यागी व्यक्तित्वका रूपमा देखा पर्दछ । अतः उपन्यासको आदिदेखि अन्त्यसम्म नै महत्त्वपूर्ण भूमिका निर्वाह भएकाले र बहादुर शाहकै सेरोफेरोमा कथानक घुमेकाले तथा पुनरावृत्तिका हिसाबले पनि उसकै नाम पटकपटक सबैभन्दा बढी दोहोरिएकाले बहादुर शाह यस उपन्यासको प्रमुख पात्र हो । अझ भन्नु पर्दा उपन्यासको प्रारम्भ बहादुर शाहबाट हुन्छ भने अन्त्य पनि बहादुर शाहबाट नै हुन्छ । कसैको भूमिकामा चोट पुऱ्याउने उद्देश्य नभएकाले ऊ अनुकूल पात्र हो । राजा प्रतापसिंहले बन्दी बनाउँदा पनि उसले प्रतिवाद गर्दैन बरु विनम्रता प्रदर्शन गर्दछ । उपन्यासको आदिदेखि अन्त्यसम्ममा उसको चरित्रमा पटकपटक परिवर्तन देखिएकाले ऊ गतिशील चरित्र हो । जीवनचेतनाका हिसाबले ऊ शासक वर्गको प्रतिनिधि पात्र हो । उपन्यास भरि नै शासक वर्गको प्रतिनिधित्व गरेको छ । शाहवंशको प्रतिनिधि पात्र हो । समाजबाट टिपिएका पात्र नभई ऐतिहासिक पात्र हो । यस उपन्यासमा आद्यान्त उसको उपस्थिति भएकाले मञ्चीय र उसलाई हटाउँदा उपन्यास उपन्यासका रूपमा नै नरहने हुँदा बद्ध पात्र हो ।

### प्रतापसिंह शाह

**बहादुर शाह उप**न्यास नायक बहादुर शाहका दाइ पृथ्वीनारायण शाहको जेठा छोरा तथा राजेन्द्रलक्ष्मीको श्रीमान् प्रतापसिंह शाह स्वनिर्णय क्षमता कम भएका शासकका रूपमा देखापरेका चरित्र हुन् । उपन्यासभित्र उनको विशेषता यसरी वर्णन गरिएको छ : *प्रतापसिंह शाह सरल प्रकृतिका, शान्तिप्रिय र उच्च आदर्शको अनुशरण गर्ने खालका व्यक्ति थिए* (पृष्ठ ११) । युद्धप्रतिको नकरात्मक दृष्टिकोण सदैव उनमा देखिन्छ । युद्ध गर्न नरुचाउने पूजाआजा वा धार्मिक कार्यप्रति बढ्ता रुचि थियो । आफ्नो स्वभाव पनि लडाकू नभएका कारण युद्ध गर्दा आफ्नो राजगद्दी नै जाल कि भन्ने सोचाइले युद्ध गर्न नचाहेको देखिन्छ । *राजकाज भनेको दैवको इच्छाले चल्ने हो* (पृष्ठ ३३) भन्ने सोचाइ थियो । आफ्ना भाइ बहादुर शाहलाई राम्ररी चिन्न नसक्नु जीवनको एउटा महाभूल थियो किनभने निस्वार्थभावले राजकाजमा लागेका भाइलाई युद्ध गर्ने निर्णय गरेको भनी जेलमा राख्ने देशबाटै बाहिरन बाध्य तुल्याउने कार्यले पुष्टि गर्दछ । आफूले सत्यतथ्य राम्ररी नबुझी भारदारहरूको नियत विचार नगरी काम गर्दा

चाकडीबाज र चाप्लुसी गर्नेहरूका गोटीका रूपमा उपन्यासमा देखिएका छन् ।

प्रतापसिंह शाह उपन्यास को परिच्छेद एकदेखि परिच्छेद सातसम्म प्रत्यक्ष वा परोक्ष रूपमा देखापरेका छन् । आफ्ना भाइमाथि केही अन्याय गरेपनि कसैको भूमिका प्रति चोट पुऱ्याउने उद्देश्य नरहेको कारण अनुकूल पात्र हो । उपन्यासमा आदिदेखि सातौं परिच्छेदसम्म आफ्नो चरित्रमा देखिएको परिवर्तनले गर्दा ऊ गतिशील पात्र हो । उसका क्रियाकलापलाई सहजरूपमा बुझ्न सकिदैन । त्यसैले, ऊ गोलो पात्र हो । नायक इतिहाससम्बद्ध पात्र भएकाले जीवनचेतनाको हिसाबले ऊ शासक वर्गको प्रतिनिधि पात्र हो । उपन्यासमा उसको भूमिका वैयक्तिक पटक्कै छैन । समाजबाट टपक्क टिपेर राखिएको मौलिक पात्र होइन साथै उपन्यासमा प्रत्यक्ष उपस्थिति देखिएकाले मञ्चीय र उसलाई हटाउँदै उपन्यास अपूरो रहने हुँदा बद्ध पात्र हो । त्यसैले प्रतापसिंह शाह पनि प्रमुख पात्रका रूपमा उपन्यासमा देखा पर्दछन् ।

**राजेन्द्रलक्ष्मी**

राजेन्द्रलक्ष्मी उपन्यासको प्रमुख नारी एवं उपन्यासमा नायक पछि शसक्त भूमिका निर्वाह गर्ने पात्रका रूपमा देखा पर्छिन् । नारी भइकन पनि राजकाज कुशल ढङ्गले चलाउन सफल छिन् । नेपालको एकीकरणमा तीन जनाको नाम लिनु पर्दा राजेन्द्रलक्ष्मीको नाम पनि आउने गर्छ । निर्णय गर्ने क्षमता भइकन पनि स्वार्थी भारदारहरूको फन्दामा फसेकी छिन् । विपतमा बहादुर शाहलाई सम्झन पुग्छिन् भने आफ्नो सामिप्य पर्दा सशङ्कित भई पन्छाउन चाहन्छिन् । उनले पनि आफ्ना पतिले झैँ उपन्यासका नायक बहादुर शाहलाई पीडा दिन्छिन् । उनको विश्वास पात्रका रूपमा स्वरूपसिंह कार्की देखिएको छ । तिनै कार्की जस्ताको भनाइमा लाग्दा आफू थुनिनु पर्छ । सूर्य डुबेपछि कुनै चौतारियालाई साथ नराखिकन जथाभावी भारदारलाई भेटेको भनी बात लाग्छ । उनी शङ्कालु स्वभावकी छिन् । आफ्ना सहोदर देवरको विवाहको कुरा चलेदेखि नै उनको मनमा ठूलो ताप पर्दछ । बहादुर शाहको व्याइते रानीबाट सन्तान भयो भने आफ्नो छोराको राजगद्दी मै सङ्कट उत्पन्न हुन्छ कि भन्ने शङ्काले घेरिएकी छिन् । आपनी प्रिय पात्र जुरेलीलाई बहादुर शाहको व्याइते रानीबाट

टुनामुना, तन्त्रमन्त्र, झारफुक जुनसुकै विद्या कुविद्या प्रयोग गरेर भएपनि जायजन्म हुन नदिनु भन्ने कुराले पुष्टि गर्दछ । आफू राजक्ष्यमा रोगले ग्रसित  भई अन्तिम क्षणमा आफ्नो जीवनको यथार्थ बोध हुन्छ । जुरेलीसँगको कुराकानीमा आफू र पतिद्वारा राष्ट्रसेवक वीर योद्धा बहादुर शाहलाई अनावश्यक दुःख दिइएको स्वीकारेकी छ । *हेर देवर बहादुर शाहलाई मेरो खसम महाराज र मैले अन्याय नै गर्‍यौँ । त्यो त्यागी हो, तपस्वी हो, त्यो मेरो ससुराको जेठो छोरो भएर मुकुट लगाउने भएर जन्मनु पर्ने वीर हो  । तर पुनसको कमाइले सो हुन सकेन त्यसैले राज्यमा दगा आफ्नो लागि गर्दैन त्यसमा म दृढ निश्चत छु* (पृ.१३५) ।

उपन्यासको प्रमुख नारी पात्रका रूपमा आएकी र उपन्यासको उद्देश्य प्राप्तिमा सकारात्मक भूमिका निर्वाह गरेकीले अनुकूल पात्र हो । केही भारदारहरूको कुरामा लागेर नायक बहादुर शाहलाई दुःख दिन खोजे  तापनि त्यो आफ्नै स्वविवेकले नगरेको स्वीकारेबाट त्यो प्रतिकूल नभई अनुकूल बनेको छ । उनी शासकको प्रतिनिधि पात्र भएकीले उनमा वर्गीय विशेषता पाइन्छ । त्यसैले उनी शासक वर्गको  प्रतिनिधि पात्र हुन् । मञ्चमा प्रत्यक्ष सहभागी भएकी र उनलाई हटाउँदा उपन्यासको उद्देश्य प्राप्तिमा बाधा उत्पन्न हुने भएकाले ऊ मञ्चीय र बद्ध पात्र हो ।

**रणबहादुर शाह**

रणबहादुर शाह यस उपन्यासको प्रमुख पात्रमध्ये एक हो । यिनी सानैदेखि जिद्दीवाल देखिन्छन् । सँधै मोजमस्तिमा रमाउन चाहने आमाको मृत्युपछि त छाडा नै हुन थालेका देखिन्छन् । सुरुमा सत्पात्रको भूमिका गर्दागर्दै अन्त्यमा खलपात्रको भूमिकामा पनि यिनी देखापरेका छन् । उट्पट्याङ् काम  गर्ने र जङ्गी स्वभाव यिनका थप दुर्गुण पक्ष थिए । आफूले शासनको वागडोर लिने बित्तिकै  शेरबहादुर जस्ता खलपात्रलाई विश्वास गरेर यिनले इतिहास मै ठूलो भूल गरे । रणबहादुर शाहलाई उक्साएर भोटको लडाईंमा भएको खर्चको विवरण काका बहादुर शाहसँग माग्न लगाए । स्वतन्त्र रूपमा पशुपतिको धर्मशालामा बसिरहेका काकालाई जेल हाली कुटीकुटी मार्न लगाए । जसरी पिता प्रतापसिंह शाह र माता राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई पीडा दिने कार्य गरे यसबाट स्वयं रणबहादुर शाह पनि अछुतो रहेनन् ।

क्षणिक स्वार्थ, कामुकता, स्वार्थी दरबारिया भारदारको जालमा रणबहादुर शाह राम्ररी जाकिन पुगेका छन् ।

चारित्रिक विशेषताका हिसाबले सुरुमा अनुकूल पात्रका रूपमा देखिन्छन् भने अन्त्यतिर प्रतिकूलतातिर ढल्किएको पाइन्छ । यति भइकन पनि बढी अनुकूलताले ओगटेको छ । स्वभावका हिसाबले गतिशील पात्र हो भने ऊ शासक वर्गको प्रतिनिधि पात्र हो । मञ्चीय पात्र भएकाले उपन्यासमा ऊ प्रत्यक्ष सहभागी भएको छ । उपन्यासबाट झिक्दा कथानकीय संरचनामा खलल पर्ने भएकाले बद्ध पात्र हो । उपन्यासको उद्देश्य पूर्तिमा महत्त्वपूर्ण भुमिका रहेको छ ।

### ४.१.३.२.२ सहायक पात्रहरू

**स्वरूपसिंह कार्की**

प्रतापसिंह शाहका राजनीतिक गुरुका रूपमा यस उपन्यासमा देखापर्दछन् । पृथ्वीनारायण शाहको पालादेखि नै भारदार कार्कीको चुरिफुरी भने प्रतापसिंह राजा भएपछि बढेर गएको छ । उनी यस उपन्यासको सहायक पुरुष पात्र हुन् । बहादुर शाहको अगाडि आफू टिक्न नसक्ने हुनाले बहादुर शाहका शासनकालमा रहदैनन् । आफ्नो स्वार्थपूर्तिको लागि प्रतापसिंह शाहलाई हरेक किसिमका चुक्ली लगाएर बहादुर शाहलाई नुवाकोटमा थुनाउने र पछि पनि राजेन्द्रलक्ष्मीलाई बुद्धि दिई बहादुर शाह धपाउने अभियानमा लागेका हुनाले खलपात्रका रूपमा देखापर्दछन् । महारानी राजेन्द्रलक्ष्मीको नायबी कालमा काठमाडौँ नै फिर्ता बोलाएकी हुन्छे र उनको घनिष्टता महारानीसँग रहेको हुनाले उनको भुमिका दह्रो देखिन्छ । पछि उनी पनि काटिएर मारिन्छन् । आफ्ना चारित्रिक विशेषताका कारणले गर्दा उनी प्रतिकूल पात्र हुन् । स्वभावको आधारमा गतिशील पात्र हुन् भने उपन्यासमा प्रत्यक्ष आएकाले उनी मञ्चीय पनि हो । उपन्यासबाट झिक्दा कथानकसँग सम्बद्ध भएकाले र क्रम बिग्रने हुदाँ उनी बद्ध पात्र हुन् ।

**जुरेली**

जुरेली उपन्यासकी सहनायिका हुन् । महारानी राजेन्द्रलक्ष्मीकी सुसारे जुरेलीको तत्कालीन रानीतिमा ठूलो हात देखिन्छ ।  सुसारे भइकन पनि महारानीको विश्वास पात्र बन्न सफल भएकीछिन् । स्वरूपसिंह कार्कीका कुरा महारानीलाई बढ्याइ पारीपारी सुनाउने जुरेली बहादुर शाहलाई धपाउने अभियानकी चरित्र हो । महारानीको जीवनसङ्गी भएकीले महारानी ले जे काम अह्राए पनि उनले आज्ञाकारिता देखाउँथिन् । *के हुकूम छ सरकार, हुकूम होस् ! म जैरी सेविकाले सरकारबाट हुकूम बक्सेको कुरा प्राणप्राणले गर्छु नि ! यसमा कुनै संदेह संकोच नहोस् प्रभु* (पृ. १२७) महारानीकै आज्ञा मुताविक बहादुर शाहकी  रखौटी स्वास्नी हुन पुग्छे सुरुमा महारानीको कण्ठप्यारी जुरेलीपछि बहादुर शाहको सङ्गतले बहादुर शाहलाई अत्यन्त श्रद्धा गर्न पुग्छे । बहादुर शाहलाई विष्णुमतीपारिको जेलमा बन्दी बनाइँदा हरेक पलपलमा खवर लिई बहादुर शाहले के गरेको छ त्यही कार्यगरी आत्मीयता मात्र नभएर पतिभक्ति प्रकट गर्छिन् । मञ्चीय पात्र हुन् । उपन्यासबाट उसलाई पात्रलाई निकालिदिएमा कथानकको क्रम विग्रन गई उद्देश्य प्राप्तिमा बाधा पुग्ने भएकाले बद्ध पात्र हो ।

**दलजीत शाह**

बहादुर शाहलाई सहयोग गर्ने सत्पात्रका रूपमा दलजीत शाह यस उपन्यासमा देखापरेका छन् । नायकलाई सहयोग गर्ने पात्र भएकाले उनी सहायक पात्र हुन् । उनी 'गोरखा देशमा गमखानू' भन्ने भनाइलाई आफूमा लागू गर्न खोज्ने व्यक्ति हुन् । भोटसँग युद्ध गर्ने निर्णय गरेको निहुँमा नुवाकोट, तनहुँहुँदै वेतिया पुगेका बहादुर शाह प्रतापसिंह शाहको मृत्युपश्चात नेपाल फर्कने क्रममा साथ दिने पात्र हुन् । स्वदेश फर्कदा बाटामै रोकिएका बहादुर शाहलाई गोप्य पत्रमार्फत बल दिएर काठमाडौं भित्र्याउने व्यक्ति दलजीत शाह हुन् । बहादुर शाहलाई बाईसी र चौबीसी राज्यको गतिविधिको निहुँ पारी राजधानी बाहिर पठाउने निर्णयको विरुद्ध उल्टै फौज लिएर महारानीलाई नै यिनले थुनामा पारेका छन् ।  महारानी नजरबन्दबाट मुक्त भएपछि यिनी पनि मुग्लान पस्न बाध्य भएका छन् । चारित्रिक विशेषताका हिसाबले उनी अनुकूल पात्र हुन् । स्वभावका हिसाबले गतिशील पात्र हुन् । जीवनचेतनाका हिसाबले

शासक वर्गकै प्रतिनिधि पात्र भएकाले यिनी व्यक्तिगत पात्र नभई वर्गगत पात्र हुन् । मञ्चमा प्रत्यक्ष सरोकार राख्ने पात्र भएकाले यिनी मञ्चीय पात्र हुन् । यिनको उपस्थिति बिना उपन्यासको कथानकमा खलल पर्ने हुनाले यिनी बद्ध पात्र हुन् ।

**दलमर्दन शाह**

उपन्यासको सहायक पात्रका रूपमा दलमर्दन शाह देखापरेका छन् । नेपाल एकीकरणको निम्ति बहादुर शाहलाई सक्दो साथ एवं सहयोग पुऱ्याउन खोज्ने सत् पात्रका रूपमा देखापर्दछन् । दरबारिया राजनीतिको नजिक रहेका तथा एकीकरणका पक्षपाती देखिन्छन् । तिब्बतसँग लडाईंको निम्ति निर्णय गर्ने क्रममा बहादुर शाहसँगसँगै यिनको पनि ठूलो भूमिका रहेको छ । त्यही निर्णय गरेको सजाय स्वरूप आफ्नो भेष बदलेर मुग्लान भाग्नुपर्ने तीतो यथार्थ दलमर्दन शाहमा छ । लिङ्गका आधारमा पुरुष पात्र, कार्यका आधारमा सहायक पात्र हुन् । चारित्रिक विशेषताका आधारमा यिनी उभयमुखी पात्र हुन् । स्वभावका आधारमा गतिशील देखापर्दछन् । जीवनचेतनाका आधारमा यिनी वर्गगत पात्र हुन् । उपन्यासमा मञ्चीय पात्रका रूपमा देखापर्दछन् । भने आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**शेरबहादुर शाह**

शेरबहादुर शाह यस उपन्यासका खलपात्र हुन् । यिनले नायक बहादुर शाहको विरोधमा अनेक किसिमका कुकार्यहरू गरेका छन् । बहादुर शाहलाई जेल पार्ने काम समेत यिनले गरेका हुन् । *काकाले पृथ्वीमातालाई नाप्ने नकाम गरे, पापकाम गरे-हेरी फोरि तिमी हामीलाई वास्ता व्यास्ता गरेनन्  राजालाई समेत हेरी टेरपुच्छर लाएनन्, मनमाफिक हेरी गर्न लागे चीनको अम्बा र बादशाहसँग आफ्नो विशेष सम्बन्ध राख्दै कसैलाई पनि तृष्णा बरावबर गनेनन्* (पृ. २०५) । शेरबहादुर यसरी बहादुर शाहका विरुद्धमा विदुर शाहसँग संवाद गरे । बहादुर शाहलाई अन्त्यमा जेल हालेर मरणासन्न हुने गरी पिटाउने र चुक्ली लगाउनेमा  यिनको प्रमुख भूमिका छ । यिनी कार्यका हिसावले सहायक, चारित्रिक प्रवृत्तिका हिसाबले प्रतिकूल पात्र हो । जीवनचेतनाका हिसाबले शासकवर्गको प्रतिनिधि पात्र, आसन्नताका आधारमा मञ्चीय पात्र साथै आवद्धताका आधारमा बद्ध पात्र हुन् ।

यस उपन्यासमा आएका अन्य पात्रहरूमा पृथ्वीनारायण शाह मृत्युशैय्यामा रहेको वाक्य बसिसकेका पात्रका रूपमा उपस्थित छन् भने नरेन्द्रलक्ष्मी बहादुर शाहलाई अर्ती दिने पात्राका रूपमा मात्र देखा परी पतिसँगै सती जान्छिन् । उपन्यास आरम्भमा यस घटनाको वर्णनले गर्दा कारुणिकता देखापर्दछ । ब्रजनाथ पौडेल प्रतापसिंह शाहका गुरु हुन् । उनी पनि स्वरूपसिंह कार्की झै राजाका वरिपरि घुमेका छन् । राजालाई घुमाउन सक्ने व्यक्तिका रूपमा रहेका छन् । बहादुर शाहलाई थुनाउने र निर्वासित गराउन यिनको ठूलो भूमिका छ । बहादुर शाह ले नजिकबाट यिनका गतिविधिलाई नियालिरहेका थिए । त्यसैले पछि यिनी चार पाटा मुडिएर देश निकाला हुन पुग्छन् ।

गजराज मिश्र पनि सहयोगी पात्रका रूपमा देखिन्छन् । उनले नुवाकोट जेलमा रहेका बहादुर शाहलाई जेल मुक्त गराई सत्यको पक्षमा वकालत गरेका छन् । उनी राजगुरु हुन् । छविलाल जैसी उपन्यासकारको तान्त्रिक एवं आध्यात्मिक चिन्तनको अभिव्यक्ति दिने चरित्र हुन् । उनी फलित ज्योतिषमा कहलिएका छन् । उपन्यासकारको विश्वास अनुरूप नै जैसीका कथन बहादुर शाहको जीवनमा  बढ्दै र पूरा हुँदै आएका छन् । त्यस्तै एक महात्मालाई जीवनको उत्तरार्धकालमा पनि पशुपतिमा अर्का भविष्य द्रष्टाका रूपमा उपस्थित गराइएको छ । विद्यालक्ष्मी बहादुर शाहकी पत्नी हुन् । पाल्पाकी राजकुमारी विद्यालक्ष्मीसँग र बहादुर शाहको विवाह भएकाले पश्चिम विजयको निम्ति बहादुर शाहलाई ठूलो टेवा मिलेको छ । बहादुर शाहलाई सदैव प्रेरणा दिने पतिब्रता नारीका रूपमा देखा परेकी छिन् । उपन्यासको अन्त्यमा उनको भूमिका गौण देखिन्छ । अमरसिंह र दामोदर पाण्डे सत् पात्रका रूपमा उपन्यासमा आएका छन् ।  यस उपन्यासमा नेपाल एकीकरणको मैदानमा देखापरेका छन् । बहादुर शाह कर्णाली प्रदेशमा भेष बदली हराउँदा खोजी गरेका छन् । आफ्नो कर्तव्यलाई इमान्दारी साथ पूरा गरेका छन् ।

### ४.१.३.२.३ गौणपात्रहरू

बहादुर शाह उपन्यासमा प्रमुख तथा सहायक पात्रका अतिरिक्त गौण पात्रहरू पनि छन् । उपन्यासका मञ्चीय तथा नेपथ्य दुवै प्रकारका गौण पात्रहरू छन् । यस

किसिमका पात्रहरूमा पृथ्वीनारायण शाह, हसिना, जाइ, कमलचम्पा, कमारीदत्त सेन, शक्तिवल्लभ अर्याल, राजराजेश्वरी, दामोदर पाण्डे, पद्मावती, अमरसिंह थापा आदि पर्दछन् । यी पात्रहरूको चरित्रचित्रण गरिएको छैन ।

**बहादुर शाह** उपन्यासमा नारीको तुलनामा पुरुष पात्रहरू प्रशस्त उपस्थित भएका छन् । उपन्यासमा वहुपात्रको प्रयोग भएको छ । बहादुर शाह, प्रतापसिंह शाह, राजेन्द्रलक्ष्मी, रणबहादुर शाह मुख्य चरित्र हुन् भने स्वरूपसिंह कार्की पनि उपन्यासको निकै लामो अवधिसम्म सक्रिय देखिएका छन् । सत् पात्र र असत् पात्रको माध्यमबाट कथानक अगाडि बढाउने क्रममा सुसारे, केपुचिन पादरी र सिपाहीहरू गौण पात्रका रूपमा उपन्यासमा वर्णित छन् । दलजीत शाह, शेरबहादुर शाह, दलमर्दन शाह व्रजनाथ पौडेल, सर्वजीत रानामगर आदि सहायक पात्रहरू उपन्यासका घटनाक्रम अगाडि बढाउन क्रियाशील छन् ।

### ४.१.३.३ पर्यावरण

कुनै पनि औपन्यासिक कृतिमा पर्यावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पर्यावरण भन्नाले देश, काल र वातावरण भन्ने बुझिन्छ । यो स्थानिक, कालिक र मानसिक हुन्छ । पर्यावरणलाई परिवेश पनि भनिन्छ । उपन्यासमा पात्रहरूले कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ ।[८४] जहाँ रहेर पात्रहरू कार्य गर्दछन् त्यस्तो ठाउँ र समय वरिपरिको आन्तरिक र बाह्य स्थितिलाई देश, काल, र वातावरण भनिन्छ । परिवेश उपन्यास संरचनाका क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो । औपन्यासिक पात्रले कुन स्थानमा कार्य गरेको छ र घटनाहरू कुन स्थानमा घटेका छन् त्यसलाई देश, पात्रले गरेको समय तथा घटना घटेको समयलाई काल भनिन्छ । देशकालको समुचित विन्यासमा घटित स्वयं वर्णित घटना र चरित्रहरूले गर्ने कार्यहरू विश्वसनीय बन्दछन् । उपन्यासमा दृश्यात्मक पद्धतिका माध्यमबाट चित्रण गर्दा देशकालको प्रस्तुति हुन्छ । त्यसैगरी तत्कालीन समयको र त्यस ठाउँको

[८४] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत, पृ. ३६ ।

सामाजिक, सांस्कृतिक, धार्मिक र राजनैतिक परिस्थितिलाई वातावरण भनिन्छ । यसले समाजका असल, खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई इङ्गित गर्छ ।[८५] त्यसैले औपन्यासिक कार्यव्यापारले पाठकमा छाड्ने प्रभाव तथा उपन्यास अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुख, दुःख, घृणा, क्रोध, जस्ता भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो । यसरी देश, काल स्थानीय र कालिक हुन्छ भन्ने वातावरण मानसिक हुन्छ । परिवेशको प्रस्तुतिले औपन्यासिक कथानक विश्वसनीय बनाउन चारित्रिक यथार्थको पुष्टि गर्न र औपन्यासिक प्रभाव सिर्जना गर्न महत्त्वपूर्ण सहयोग गरेको हुन्छ । **बहादुर शाह** उपन्यास परिवेशको हिसाबले महत्त्वपूर्ण छ । **बहादुर शाह** उपन्यासमा दरबारिया परिवेशमै घटेको घटनाको वर्णन छ । **बहादुर शाह** मूलतः इतिहास सम्बद्ध उपन्यास भएकाले यसको धरातल पनि नेपालको राजनैतिक इतिहास नै हो । यस उपन्यासमा नेपालको इतिहासमा घटेको बहादुर शाहको जीवनकाल खास गरी वि.सं. १८३१ सालदेखि १८५४ सम्मको २३ वर्से घटनाक्रमलाई समेटेको छ । त्यसैले उपन्यासको सम्पूर्ण पर्यावरण त्यही समयावधिमा सीमित रहेको छ । मुख्य रूपमा वसन्तपुर दरबार केन्द्रविन्दु बनाइएको छ भने पाँचौ र छैटौं परिच्छेदमा क्रमशः चेपे नदीको आसपास र तनहुँको परिवेश चित्रण गरिएको छ । उपन्यासमा वेतिया प्रसङ्गदेखि तिब्वतको प्रसङ्गसमेत वर्णन गरिएको छ ।

उपन्यासमा चित्रित नेपाली भूभाग वसन्तपुर, पुशपति मन्दिर आसपास, नुवाकोट, लमजुङ्ग, गोर्खा, तनहुँ, पाल्पा, गुल्मी, प्युठान, दाङ, भेरी, जुम्ला, कुमाउँ, गडवाल, धुन्चे, स्याप्रुवेसी, भीमफेदी तथा विष्णुमतीको आसपासका स्थानहरू महत्त्वपूर्ण छन् । श्री ५ पृथ्वीनारायाण शाह र नरेन्द्रलक्ष्मीको समाधिस्थल नुवाकोट हो । राजकाजको प्रमुख केन्द्रविन्दु वसन्तपुर दरबार रहेको छ । शुभकार्य गर्ने स्थानका रूपमा गोर्खा दरबारको वर्णन भएको छ । तत्कालीन शासनप्रणालीमा भारदारी प्रथाले महत्त्वपूर्ण स्थान ओगटेको छ । गुटबन्दी र स्वार्थी भारदाहरूको चलखेलले शासकमा ल्याएको अस्थिरताको परिवेश उपन्यासमा राम्ररी चित्रण भएको छ ।

---

[८५] कृष्ण चन्द्रसिंह प्रधान, पूर्ववत, पृ. १० ।

पृथ्वीनारायण शाहको निधनको घटनाबाट उपन्यास प्रारम्भ हुन्छ र बहादुर शाहको दुःखद् निधनसँगै उपन्यास टुङ्गिन्छ । यस उपन्यासमा तत्कालीन इतिहास, संस्कृति र राजनीतिका परिवेशहरू भरमग्दुर रूपमा पाउँन सकिन्छ । प्रतापसिंह शाहको आध्यात्मिकताप्रतिको मोह र परम्परागत रूपमा गरिदै आएको विविध पूजा आजको प्रसङ्ग पनि सुरुदेखि अठारौ परिच्छेदसम्म नै देखिन्छ ।

यसरी पात्रहरूको प्रायः सबै क्रियाकलाप यही नेपाली माटोमा भएको छ । उपन्यासको आदि, मध्य र अन्त्य पनि यसै स्थानमा भएकाले यस उपन्यासमा शाह वंशीय छाया स्पष्ट झल्किन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानलाई बहादुर शाहले झण्डै तेब्बर बनाउन सफल भएका छन् । नेपालको सीमाना पश्चिममा अलमोडा र कुमाउसम्म पुऱ्याएको तथा भोट र चीनसँग पनि युद्ध जितेको प्रसङ्गको परिवेश चित्रित छ ।

**बहादुर शाह** उपन्यासमा त्यस बेलाको सतीप्रथाको जीवन्त चित्रण गरिएको छ । त्यस किसिमको परिवेशको उदाहरण यस प्रकार देखाउन सकिन्छ : *रत्नदुर्गाबाट बडामहाराजका साथ सती गई सहभागिनी हुन चाहने नौ जना भित्रिनीहरूलाई पनि त्यहाँ ल्याइयो । तिनीहरूले बडामहाराजको शवको टाढैबाट दर्शन गरी कँकला शब्द गर्दै एउटा भयानक हृदयविदारक दृश्य खडा गरिदिए* (पृ. ७) ।

*नरेन्द्रलक्ष्मीले आफूलाई दनदन बलिरहेको चितामा चढाउने इशारा गरिन् । बज्यैहरूले तिलहरी, पोते, नथ्य, शाहीमुद्रा, वेरुवा औंठींबाहेक नरेन्द्रलक्ष्मीको सबैं गहनाहरू गुरु आमा शतरूपाको भाग छुट्टाइदिए । बहादुर शाहले आमालाई अन्तिम ढोग गरे । बडामहारानीले अभय मुद्राले आशिष दिइन् । अनि गह्रुँगो मनले नरेन्द्रलक्ष्मीलाई चितामा चढाइयो आगोको लप्काले महारानीको पोशाक अनि कपाललाई चाट्यो, छिनभरमा नै नरेन्द्रलक्ष्मी निस्प्राण भइन्* (पृ. ९)।

प्राकृतिक परिवेशको वर्णन यस उपन्यासमा यसरी गरिएको छ : *हिमालयबाट दूधकुण्ड, दूधकुण्डबाट मिश्रित भएर बगेको नदी हो चेपे, अनि तल गएर मर्स्याङ्दीमा मिल्न पुग्छ चेपे, प्रकृतिको पाखा पखेरा, डाँडाकाडाँ खोच, चट्टान, आली, धाँजा, किनार*

*पाखासँग मित लगाएर आफ्नो अस्तित्वको हैकम जमाई वेगसँग बगिरहेको चेपे* (पृ.५०) ।

नेपाल एकीकरणका क्रममा धेरै सेनाहरूले आफ्नो ज्यान गुमाए, धनजनको क्षति भयो । युद्धको भयानक परिवेशको एउटा उदाहरण यसप्रकार छ :

*घोर घमासान युद्ध भयो । नेपाली फौज ४०/५० जवान खेल परे, विपक्षीको २०० भन्दा बढी फौज सोत्तर भए* (पृ. २६०) ।

यस उपन्यासमा धार्मिक परिवेशले राम्रै ठाउँ पाएको छ । छविलाल जैसी एक प्रतिनिधि पात्र हुन भने प्रतापसिंहको पुनश्चरण पनि धार्मिक परिवेशका उदाहरणहरू हुन् । त्यस्तै पशुपतिका भट्टहरूले गर्ने पूजाआजा र बहादुर शाहले देखाएको धार्मिक चासोलाई धार्मिक परिवेशको रूपमा लिन सकिन्छ । जसको एक अंश यस प्रकार छ :

*..............आध्यात्मिक अध्ययन जप पाठतर्फ लागेपछि बहादुर शाहलाई मानसिक शान्ति पनि क्रमशः प्राप्त हुन थाल्यो । त्यसै अवस्थामा बहादुर शाहले श्री पशुपतिनाथको पूजा पद्धतिको पनि राम्ररी अध्ययन गरे । सोमबार कृष्ण चतुर्दशी र प्रदोषमा बहादुर शाहको निजी खर्चमा श्री पशुपतिनाथको सबै पूजाहरू चालु गरियो । श्री पशुपतिनाथको आगममा पनि बहादुर शाहको बेलाबखत नैमित्यिक पूजाआजा हुने गर्दथ्यो* (पृ.१९७) ।

प्रतापसिंहको पालादेखि शाहवंशमा खट्पट सुरु हुन थालेको थियो । रणबहादुर शाहको शासनकालमा अझ चर्को रूप लिन पुग्यो । रणबहादुर शाहले शेरबहादुर शाहको षड्यन्त्र राम्ररी नबुझ्दा बहादुर शाहको जीवनलीला नै समाप्त भइदियो त्यस किसिमको कारुणिक परिवेशको चित्रण यस उपन्यासमा पाइन्छ । यसको एक अंशः

*मलाई मार काट, जे गर्छस गर म केही पनि गर्ने पक्ष छैन। उनले घरमगाउँदै उठदै भने ।*

*यो तातो वाक्य सुन्ने वित्तिकै त्यो नकावधारीले बहादुर शाहको डडाँल्नोमा एक कठबाँस चखाएर हिर्कायो । ठूलो हुरीको झोक्का आउँदा अजंगका रुख पनि नुहेर टाउको र हातहरू हल्लाएर कुप्रिन्छन् अनि पुराना, कमजोर पात पतिङ्गरहरू आँसु*

*चुहिए झैँ लाछिएर झर्दछन्, बहादुर शाहको आक्रान्त शरीर पनि त्यस्तै भएर बजारिन पुग्यो भुईंमा"* (पृ. २२९) ।

यसरी प्रस्तुत उपन्यासको वातावरणको चित्रणले हरेक नेपाली पाठकको मस्तिष्कमा नेपाल एकीकरणकालीन राजनैतिक बिम्ब तयार हुन्छ । उपन्यासको पहिलो परिच्छेदमा श्री ५ पृथ्वीनरायण शाहको परलोक गमन, दोस्रोमा नवराजा प्रतापसिंह शाह र भारदारीहरूको चहलपहल, तेस्रोमा बहादुर शाहको नीतिमा प्रकाश, चौथोमा तनहुँ निर्वासन, सातौँमा श्री ५ प्रतापसिंहको देहावसान आठौंमा राजेन्द्रलक्ष्मी र बहादुर शाहको संयुक्त शासन, नवौमा नायव महारानीसँग मनमुटाव, दसौँमा नायव महारानीको कारागारमुक्ति, एघारौमा रणबहादुर शाहको ब्रतबन्ध, बाह्रौमा राजमाताको रुग्णावस्था, तेह्रौमा राजमाताको देहान्त, चौधौंमा नायव बहादुर शाहको विवाह, पन्ध्रौंमा बहादुर शाहको विजय अभियान, सोह्रौंमा बहादुरशाहको गुप्त भेष र अलप प्रसङ्ग, सत्रौँमा जुम्ला, कुमाउँ र गढवालसम्म नेपालको सीमाविस्तार प्रसङ्ग, अठारौँमा नेपाल भोट, चीन युद्ध, उन्नाइसौंमा श्री ५ रणबहादुर शाहको विकृत व्यवहार, बीसौंमा बहादुर शाहका विरुद्ध षड्यन्त्र, एक्काईसौंमा बहादुर शाहलाई बन्दीगृहमा दिइएको अमानवीय यातनाको प्रसङ्ग र अन्तिम परिच्छेदमा नायक बहादुर शाहलाई राक्षसी व्यवहारबाट मारेको प्रसङ्ग र वियोगान्त परिवेशको यथार्थ प्रस्तुति गरिएको छ ।

### ४.१.३.४ दृष्टिबिन्दु

आधुनिक उपन्यासमा दृष्टिबिन्दुलाई पनि एक महत्त्वपूर्ण तत्त्व मानिन्छ । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँदछ ।[८६] यसबाट कथायिताले कसरी घटना एवं चरित्रहरूको उपस्थापना गर्दछ भन्ने कुराको निर्धारण हुन्छ । दृष्टिबिन्दुकै माध्यमबाट उपन्यासकार वा कथाकारले आफ्ना धारणा वा अनुभूति पाठक सामु पुऱ्याउँछ । अतः दृष्टिबिन्दुलाई उपन्यासकार वा कथाकार र पाठकबीचको सम्बन्धसूत्र मानिन्छ । वास्तवमा दृष्टिबिन्दु

---

[८६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३९ ।

कसरी कथा भन्दा प्रभावकारी हुन्छ भन्ने प्रविधिगत परिपाटी हो । यो साध्य होइन साधन हो ।[८७] आफूले लिएको विषयवस्तुलाई कतिसम्म प्रभावशाली बनाउने भन्ने सन्दर्भमा उपन्यासकारले एउटै उपन्यासमा विविध दृष्टिबिन्दुको प्रयोग गर्न पनि सक्छ । कतै कथयिताले आफू नै औपन्यनासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्ण ओकल्ने छुट पाएको हुन्छ ।[८८]

दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथमपुरुष गरी दुई प्रकारका हुन्छन् । उपन्यासकार 'म' का माध्यमबाट कथानक प्रस्तुत गर्दछ भने त्यो आन्तरिक वा प्रथमपुरुष दृष्टिबिन्दु हो । यस्तो दृष्टिबिन्दु भएको उपन्यासमा कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्र संलग्न गराएको हुन्छ । त्यस्तै उपन्यासकार घटनास्थलभन्दा पृथक् रहेर पात्रका माध्यमबाट कथानक प्रस्तुत गर्दछ भने त्यसलाई बाह्य वा तृतीयपुरुष दृष्टिबिन्दु भनिन्छ । आन्तरिक दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । केन्द्रिय दृष्टिबिन्दुमा स्वयम् उपन्यासकार वा अरू कुनै पात्र 'म' का रूपमा प्रमुख पात्र भई कथा वर्णन गर्दछ भने परिधीय दृष्टिबिन्दुमा चाहिँ कथावाचन गर्ने प्रथम पुरुष 'म' पात्र गौण भूमिकामा रही अन्य कुनै पात्रलाई मुख्य भूमिकामा प्रस्तुत गरिन्छ र सोही म पात्रले कथावाचन गर्छ । त्यसैगरी बाह्य दृष्टिबिन्दु सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारका हुन्छन् । सर्वदर्शी दृष्टिबिन्दुमा उपन्यासकारले प्रायःसबै पात्रका भावनाप्रति क्रिया, विचार आदि समष्टि गरी ती पात्रको आन्तरिक जीवनको चिनारी दिइन्छ । सीमित दृष्टिबिन्दुमा चाहिँ केवल एकमात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । त्यसैगरी वस्तुपरक दृष्टिबिन्दुमा चाहिँ कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुदैंन ।

**बहादुर शाह** उपन्यासमा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसमा भएको सम्पूर्ण घटना, क्रिया र द्वन्द्वलाई बाहिरैं बसेर स्वयम् उपन्यासकारले

[८७] ऋषिराज बराल, पूर्ववत्, पृ. ४५ ।

[८८] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३९ ।

वर्णन गरेका छन् । कुनै एउटा पात्रमा मात्र केन्द्रित नभई सबै घटना क्रियाकलाप, संवाद तथा कुनै पात्रमा देखिएका मानसिक उथलपुथलसमेत उपन्यासमा भन्दा वाहिरै बसी कथयिताले वणंन गरेका तथा पात्रहरूमार्फत् वर्णन गराएकाले यसमा तृतीय पुरुष अन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग हुन गएको छ । यस उपन्यासमा उपन्यासकारले पृथ्वीनारायण शाहको निधन भएबाट कथानकको सुरुवात गर्दै प्रतापसिंह शाहको राज्यरोहण काल, बहादुर शाह र राजेन्द्रलक्ष्मीको द्वैध शासन एवं बहादुर शाहको दुःखद मृत्युसम्मको कथानक प्रस्तुत गरेका छन् । उपन्यासमा बहादुर शाह अनाहकमा जेल परी निर्वासित हुनु र जेल भित्र नै अमानवीय तरिकाले कुटीकुटी मारिनुले पाठकको मनमा सहानुभूति जागेर आउँछ । उपन्यास भित्रका यी विभिन्नखाले घटनाहरूलाई लेखक आफैले तथा पात्रहरूका माध्यमबाट तृतीयपुरुष दृष्टिबिन्दुमा प्रस्तुत गरेका छन् ।यसर्थ उपन्यासको सुरु, मध्य र अन्त्यका केही उदाहरण यसप्रकार देखाउन सकिन्छ :

उपन्यासको प्रारम्भ मै पृथ्वी नारायणशाहको मृत्युशैय्यामा छट्पटाइरहेको एक प्रसङ्ग यस्तो छ :

*वडामहाराजलाई श्वास कस्दै ल्यायो, महेश्वर वैद्यले गुरु पुरोहितलाई अन्त्य अवस्थाको संकेत दिए । गुरुज्यूले बडामहारानी र बहादुर शाहलाई जलदान दिन बिन्ति गरे । दुवैले सुनको चम्चाले एक एक थोपा गंगाजल मुखारविन्दुमा हालिदिए, पुरोहित शक्तिबल्लभले आतुरी गरी दसदान, उत्क्रान्ति र वैतरणी दान गराई दिए । गुरुज्यूले दाहिने कानमा ब्रह्मतारक मन्त्र सुनाइदिए । अन्ततोगत्वा पृथ्वीनारायण शाह अन्तिम सास फेरि परम धाम गए* (पृ. २) ।

*अर्को उदाहरण : साहेबको यस्तो चर्तिकला, सुझबुझ एवं कुटनीति र बहादुरी देखेर माहिला साहेवलाई त्यहाँको रैति दुनियाले 'किंपुरुष' भन्ने विरुदावलीले विभूषित गरेछन् त्यो अहिले थाहा हुन आयो* (पृ.१७३) ।

बहादुर शाह र रणबहादुर शाह बीचमा भएको खटपटको वर्णन गरिएको उपन्यासको अन्तिम परिच्छेदको एक उदाहरण यस्तो छ :

*जुन कुरामा बहादुर शाह बोरिन चाहन्नथे त्यही कुरामा रणबहादुर शाह उनलाई सहमत गराउन चाहन्थे । त्यही पारिवारिक एवं मुलुकी विषयमा काका र भतिजाको शीतयुद्ध अथवा खिचातानी तीव्र रूपमा चलिरहेको र अब चरम विन्दुमा पुगेको छ* (पृ. २१६) ।

यसरी उपन्यासकारले आरम्भदेखि अन्त्यसम्म नै बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर उपन्यास तयार गरेका छन् । उपन्यासको कथानक उपन्यासकारका प्रत्यक्ष निगरानीमा बहादुर शाह, प्रतापसिंह शाह, राजेन्द्रलक्ष्मी, जुरेली, रणबहादुर, व्रजनाथ पौडेल, सुरथ भण्डारी, गजराज मिश्र, शेरबहादुर शाह आदि पात्रका माध्यमबाट अगाडि बढेको छ । बहादुर शाह, राजेन्द्र लक्ष्मी, प्रतापसिंह शाह, रणबहादुर शाह प्रमुख भुमिकामा देखिए तापनि अन्य पात्रहरू पनि उत्तिकै महत्त्वपूर्ण छन् । यिनै पात्रहरूका माध्यमबाट शाहले आफ्ना विचार तथा अनुभूतिहूरु प्रस्तुत गरेका छन् । यसरी पात्रहरूप्रति उपन्यासकारको समान दृष्टि परेकाले यस उपन्यासमा तृतीयपुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१.३.५ सारवस्तु

सारवस्तु उपन्यासको एक महत्त्वपूर्ण तत्त्व हो । सारवस्तुलाई विचार, उद्देश्य, सन्देश, जीवनदर्शनजस्ता शब्दले चिनाउने गरिन्छ । औपन्यासिक कृतिमा उपन्यासकारले कुनै न कुनै रूपमा आफ्नो विचारलाई प्रस्तुत गरेका हुन्छन् । त्यही विचारका आधारमा कथानकको संरचना तयार भएको हुन्छ । उपन्यासमा समाविष्ट यही केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ ।[८९] सारवस्तु उपन्यास रचनाको उद्देश्यसँग सम्बन्धित हुन्छ । कुनै पनि औपन्यासिक कृति पाठकमा निश्चित प्रभाव छाड्नका लागि लेखिएको हुन्छ । त्यसैले समग्र उपन्यास पढिसकेपछि त्यसले प्रदान गर्ने भावार्थ वा अभिप्राय नै सारवस्तु हो । सारवस्तुमा नै पात्रहरूले खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् । लेखकले तिनै पात्रका माध्यमबाट आफ्ना धाराणा प्रस्तुत गरेको हुन्छ । उपन्यासकारले कथानक चरित्र र भाषामार्फत विचारको पनि संरचना

---

[८९] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३९ ।

गर्दछ त्यही विचारको निष्कर्ष नै सारतत्त्व हो ।[९०] सारवस्तुलाई उपन्यासमा उपन्यासकारको रुचिअनुसार कतै विचार वाक्यको रूपमा वा प्रत्यक्ष रूपमा कतै प्रच्छन्न रूपमा प्रस्तुत गरिएको हुन्छ । यसरी प्रच्छन्न रूपमा प्रस्तुत गरिएको सारवस्तुलाई ग्रहण गर्न पाठकमा बढी वौद्धिक क्षमताको आवश्यकता पर्दछ । अतः उपन्यासमा सारवस्तु मानव शरीरको रक्तसञ्चार प्रणाली झैँ सर्वव्याप्त हुन्छ । यसको स्थिति शाश्वत र प्रसङ्गविषयक गरी दुई प्रकारको हुन सक्तछ ।[९१]

विवेच्य बहादुर शाह उपन्यास ऐतिहासिक उपन्यास हो । त्यसैले तत्कालीन अवस्थाको राजनीतिक, सामाजिक, धार्मिक विषयक विविध वस्तुस्थितिको यथार्थ चित्रण गर्नु यसको मुख्य उद्देश्य रहेको छ । विशाल नेपालको एकीकरणमा आफ्ना पिता पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई साकार पार्ने बहादुर शाह उपन्यासको प्रमुख पात्र हो । उपन्यासमा एक पछि अर्को जटिल परिस्थिति र डर लाग्दो सङ्कटमा नायक परिरहन्छ तापनि नेपाल र नेपालीका निम्ति मरिमेट्ने युगपुरुष बहादुर शाहको राष्ट्रप्रतिको वफदारिता देखाउनु नै यस उपन्यासको मूल सार हो । नायक आफ्नो इमान्दारिता र वफदारिताप्रति इमान्दार रहदारहँदै पनि षड्यन्त्रकारीहरूको पञ्जाबाट उम्कन सक्दैन । यस ऐतिहासिक दुःखद् घटनाले देशप्रति इमान्दार जोसुकै महापुरुषहरूको पाउ अन्त्य पाशविक बलको निर्मम प्रहारबाट हुनुपर्ने बाध्यताले इतिहास नजीर मात्र बनेन । अखण्ड नेपालको स्वाभिमान अस्तित्व सधैँसधैँ निमित्त टुहुरो हुनु जस्तै अनुभूति खड्किरहेको शिक्षा र सन्देश पनि प्रस्तुत उपन्यासले दिएको छ ।[९२]

यस उपन्यासमा नेपालमा तत्कालीन अवस्थामा रहेको सतीप्रथा तथा राजदरबारमा व्याइते रानीभन्दा रखौटीहरू धेरै रहने यर्थाथको सङकेत दिइएको छ । यसको उदाहरणका रूपमा पृथ्वीनारायण शाहका सत्मा नौवटी सती जानु, र बहादुर

---

[९०] ऋषिराज बराल, पूर्ववत्, पृ. ३७ ।

[९१] दयाराम श्रेष्ठ, २०६०, पृ. १२ ।

[९२] हेमराज पाण्डे, 'अभागी', पूर्ववत् ।

शाहको व्याइते रानी विद्यालक्ष्मी हुँदाहुदै पनि जुरेलीजस्ता रखौटीहरू राख्नुले पुष्टि हुन्छ । तत्कालीन समाजमा पनि पूजाआजा गरियो भने सङ्कट हट्छ भन्ने मान्यता यथावत् थियो । चिना हेर्ने प्रचलनको प्रस्तुति पनि पाइन्छ । दरबारमा पुरोहित वैंद्यहरू रहने प्रचलन पनि कायमै देखाइएको छ । यी विविध यथार्थको प्रस्तुति सहित नेपाल एकीकरणका सवालमा  वि.सं. १८३१ देखि वि.सं. १८५४ सम्मको करीब २३ वर्से समयावधिमा बहादुर शाहलाई तत्कालीन समाजले खेप्न बाध्य पारेका दु:ख कष्टहरूको यथार्थ प्रस्तुति गर्नु यस उपन्यासको उद्देश्य रहेको छ । उपन्यासका नायक बहादुर शाह नेपालको इतिहासमा एक विभूतिका रूपमा अमर छन् । जस्तो सुकै विषय परिस्थितिमा पनि देश र जनताको लागि मरिमेट्ने एक वीर योद्धा दूरदर्शी शासक, देशभक्त व्यक्तित्व भएका बहादुर शाहका जीवनका विविध पाटाहरू र तिनै कुराको सेरोफेरोमा तत्कालीन नेपालको राजनीतिक उतारचढाव, आरोह अवरोह, घात प्रतिघात आदिलाई प्रकाश पार्नु नै बहादुर शाह उपन्यासको मूल उद्देश्य हो ।[९३] सारवस्तुको रूपमा उपन्यासकारले आफ्ना बिचार अप्रत्यक्ष रूपमा यसरी व्यक्त गर्दछन् : जीवनमा दुई कुरा हुन्छन् जोड्नु र अर्को छोड्नु, दुवै वास्तविकता, अझ भनौँ सामाजिक वास्तविकता ! पाउनु र गुमाउनु दुवै सामाजिक वास्तविकता हुन् । एउटाले पाउँदा अर्कोले गुमाउनु पर्दछ र अर्काले पाउँदा एउटाले गुमाउनु पर्दछ । त्यही जोडघटाउ यस उपन्यासमा पनि भेटाउन सकिन्छ ।

अत: नेपालको एकीकरणकालीन समयको राजनीति, सामाजिक, धार्मिक, रहनसहन, आदिलाई यथार्थ रूपमा ऐनाजस्तै प्रस्तुत गर्नु बहादुर शाह उपन्यासको उद्देश्य हो ।

### ४.१.३.६ भाषा

समाजका व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ ।[९४] भाषाका माध्यमबाट नै साहित्यको सिर्जना

---

[९३] चेतनाथ पौडेल, पूर्ववत्, पृ. १७८ ।

[९४] चुडामणि बन्धु, **भाषा विज्ञान,** छैटौ संकरण, (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. १ ।

हुन्छ । शैलीविज्ञानले साहित्यलाई शाब्दिक कला र कृतिलाई कलात्मक भाषिक प्रतीक ठान्छ । साहित्य भाषा र कला दुवै भएकाले यसमा भाषालाई प्रशस्त खेलाएर त्यसको विशिष्ट प्रस्तुति पनि गरिएको हुन्छ । उपन्यास पनि भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा प्रयोग गरेको भेटिन्छ । उपन्यासमा भाषा सारा संरचनागत अवयवहरूको सम्बन्धको माध्यम हो ।[९५] उपन्यासमा उपन्यासकारका विचार तथा अनुभूतिलाई मूर्तता दिने काम भाषाले नै गरेको हुन्छ । जीवनजगत्को यथार्थ अभिव्यक्ति हुने भएकाले उपन्यासमा गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट गरिएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ यो लेखकीय स्तर अनुरूप बढी कलात्मक औपचारिक र मानक किसिमको हुन्छ । दोस्रो किसिमको भाषा पात्रहरूबीच भएको संवादमा प्रयोग गरिएको हुन्छ । यसमा पात्रअनुसार फरकफरक किसिमको भाषा प्रयोग गरिएको हुन्छ । यस्तो किसिमको भाषा अनौपचारिक र बोलचालमा आधारित हुन्छ ।

प्रस्तुत **बहादुर शाह** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । ऐतिहासिक विषयलाई कलात्मक पाराले साहित्यिक रोगन दिनु नै उपन्यासकारको प्रमुख विशेषता हो । उपन्यासमा पात्रहरूको भाषा विशिष्ट प्रकृतिको छ किनभने भाषा दरबारिया, सभ्य तथा उच्च परिवारले बोल्ने भाषाको प्रयोग भएको छ । यद्यपि प्रत्येक पात्रहरूले सभ्य भाषा बोल्न पुग्दापुग्दै पनि केही क्षुद्र भाषाको पनि प्रयोग भएको पाइन्छ । पात्रहरूका बीचमा संवाद गराएका छन् । यस उपन्यासमा चिना हेर्ने ज्योतिषशास्त्रको चित्रात्मक भाषाको प्रयोग पाइन्छ । भारदारी सभामा निर्णय गर्ने तथा कवितात्मक भाषा पाइन्छ । त्यसैले यो उपन्यासलाई काव्यन्यास पनि भन्न सकिन्छ । ठेट नेपाली भाषा, उच्च दरबारिया भाषा, तत्सम शब्द, अनुकरणात्मक शब्द, आगन्तुक शब्द, उखानटुक्का तथा निपातको प्रयोगले उपन्यासमा भाषिक मिठास आएको छ ।

---

[९५] बराल, पूर्ववत्, पृ. ५३ ।

उपन्यासमा छोटा-छोटा संवादको प्रयोग प्रशस्त पाइन्छ । रणबहादुर शाह बिरामी भएपछि एक प्यादा बहादुर शाहलाई उठाउँन जाँदा बहादुर शाह र प्यादाबीच भएका छोटा संवादको एक अंश:

*को ?*

*म*

*को म भनेको नाम भनन* (पृ. १२२) ।

*महाराजलाई आरम नभएर मुर्द्धा परिबक्सेकाले सवारी होस् रे*

*महाराजलाई कि महारानीलाई* (पृ. १२३) ।

बहादुर शाह नुवाकोट दरबारको रत्न दुर्गबाट थुनामुक्त भई तनहुँ निर्वासित भएपछि दाजुको मन आफूप्रति सकारात्मक भयो होला भनी पत्र लेखेका थिए । त्यही पत्रको प्रतिउत्तरमा प्रतापसिंह शाहद्वारा लेखिएको पुरानो दरबारिया भाषामा चिठीलेखन शैलीको एक अंश:

*श्री मन्महाराजधिराज श्री ५ प्रतापसिंह शाह सदा समर विजयीनाम् -*

*राजकुमार बहादुर शाहके पत्रम् आगे यहाँ कुशल ताहा कुशल चाहिए ।*

राजपरिवारमा प्रयोग हुने भाषाको केही उदाहरण :

*राम्रो आखत हेर्न लगाउनुहोस् ज्योतिषीसँग । मैले हजुरलाई योग्य, साँच्चिकै बहादुर एवम् कुशल योद्धा र प्रशासक संझेर नै हजुरबाट यो सबैबाधा अवरोध साम्य हुन्छन् भन्ने निस्तुक गरेर नै पठाउन लागेको हो । यसको लागि के के आख्त्यारनामा, के कति कुराको वरबन्दोवस्तको लालमोहर चाहिन्छ हजुरले भारदारीबाट म कहाँ बक्साईस्यला* (पृ.९९-१००) ।

*हेरिबक्स्योस् महारानी, म राजदरबारदेखि नै रीतिस्थितिको सुर मिलाउन चाहन्थे* (पृ.१००)।

*लौ लौ, म महाराजलाई बाहिर घुमाउन लग्छु, लौ सवारी होस्* (पृ.११५) ।

*गाथमा के हुन्छ र यस्तो हुकुम भएको* (पृ. १३६) ।

*हुकूम पाउँ हुकूम शिरोपर गर्छु* (पृ.१३६) ।

*ल स्यावास, ल स्यावास, तिम्हेरुले श्रीपाउ पाउने भइस्. दज्यार्नी पाउँछस्* (पृ.१६७) ।

**बहादुर शाह** उपन्यासमा स्वरूपसिंह कार्की र जुरेलीका बीच संवाद हुँदा केही क्षुद्र भाषाको पनि प्रयोग भएको छ तर पनि त्यस किसिमको भाषा स्वाभाविक नै देखिन्छ । त्यस उदाहरणको केही अंश:

चूप लाग बजिनी । बढ्ता बढ्ता नबोल, जथाभावी थुत्नो नचला ... (पृ. ९२) ।

*लौ कुरो अब चुनीमा पुगिसकेछ छ त ! अब भुत्रो खाउली, तिमीले ......* (पृ.९४) ।

उपन्यासकारको काव्यात्मक चेत उपन्यासमा पनि देख्न सकिन्छ । त्यस किसिमको काव्यात्मकताले उपन्यासमा अझ स्वाद थपेको छ ।

*कुनै आदिम पुरुषको हिमालदेखि हलो चलाएर भूमिलाई डोब लगाएर चीरा पारेर त्यसैबाट चेपे नदी बगै झैँ अनुभूति भयो बहादुर शाहलाई ! हिमालबाट दुधकुण्डबाट मिश्रित भएर बगेको नदी हो चेपे ! अनि तल गएर मर्स्याङ्दीमा मिल्न पुग्छ चेपे । प्रकृतिको पाखापखेरा, डाडाँकाँडा, खोच चट्टान, आली धाँजा, किनार पाखासँग मित लगाएर आफ्नो अस्तित्वको हैकम जमाई बेगसँग बगिरहेको चेपे* (पृ. ५०) ।

*चित्र विचित्रको प्राकृतिक संयोगले भरिपूर्ण चेपेघाट र त्यसको परिवेश । हिउँको पातलो घुम्टो उघारेर, लाज नमानेर खुलेर बगेको चेपे नदी .....* (पृष्ठ ५१) ।

यसरी भाषामा कवितात्मक सौन्दर्य र साङ्गीतिकताको सृष्टि गरी उपन्यासलाई कलात्मक बनाउन उपन्यासकारले भाषामा विचलन गरेको पाइन्छ । अभिव्यक्तिको प्रस्फुटनमा बिम्ब संयोजन पनि उपन्यासकारले राम्ररी गरेका छन् । उदाहरणका रूपमा:

*घाम लागेपछि सीतको अस्तित्व हराए झै* (पृ. ११२)

*पखेटा काटिएकी चरीसरी* (पृ. ११२)

उपन्यासको भाषा सहज र स्वाभाविक किसिमको छ । भाषामा तत्सम शब्दहरूको प्रयोग पाइन्छ जस्तै भातृ, मुहूर्त, किंकर्तव्यविमूढ, सत्यमेम जायते, कलान्वय, ज्योतिर्लिङ्ग, शत्रुभञ्जन, रुद्री, अस्थिपञ्जर, महामृत्युञ्जय, आदि । भाषामा ठेट शब्दको प्रयोग पनि उत्तिकै मात्रामा पाइन्छ । त्यस किसिमका केही शब्दहरू: बकम्फुसे, गर्जुबाजे, पेटपुछुवा, मुख्त्यार क्याँरु, घाँघड, जोहो, बजिनी च्याङठ्याङ आदि । दरबारी विधि व्यवहारको निम्ति प्रयोगमा आउने कथ्य शब्दहरूको प्रयोग पनि गरिएको छ ।

उपन्यासमा आगन्तुक शब्दहरूको प्रयोग पनि पाइन्छ । रिजिमण्ट, डबल, इष्ट इष्डिया, हेल, पुल्टिस जस्ता अङ्ग्रेजी मूलका शब्दहरू पाइन्छन् । त्यस्तै अरवीमूलका शब्दहरू प्रयोग भएका छन् । जस्तै खार्तिजाम, मुनासिब, खलल, नुर, इजलास, ताजुप, इस्तिहार, आदि । नादान र अख्तियार जस्ता फारसी मूलका शब्दहरू पनि प्रयोग भएका छन् ।

यस उपन्यासमा प्रयोग भएका अनुकरणात्मक शब्द, उखानटुक्काहरू तथा निपातयुक्त वाक्यहरूको नमूना यहाँ यसरी देखाउन सकिन्छ ।

**अनुकरणात्मक शब्द**

ढ्याम्म (पृ. २)

चिट्चिट् (पृ. २)

थचक्क (पृ. ३)

फनक्क (पृ. ५)

कटक्क (पृ. ५)

हुट्हुटी (पृ. ६)

हिक्कहिक्क (पृ. ६)

लुगलुग (पृ. ७)

टुसुक्क (पृ. ९)

मुसुक्क (पृ. २९)

खङ्ग्रङ्ग (पृ. ३१)

कच्रक्क (पृ.८५)

मिलिक्क (पृ.८७)

चसक्क पृ.९०)

जुरुक्क (पृ.१००)

भल्याँस्स (पृ.१०५)

घुक्क (पृ. १२२)

हरहर (पृ. १०)

च्वाइँचाइँ (पृ. १२८)

ट्याउँट्याउँ (पृ. )

**उखानटुक्काहरू :**

*राजचित् दैवचित* (पृ. १४)

*चाल्नोमा भाग्य छानिनु* (पृ. १९)

*जाने तपाईंहरूको हातबाट दरबार नजाने तपाईंहरूको हातबाट तरवार* (पृ. १७)

*पखेटा काटिएकी चरी* (पृ. २३)

*गोरखा देशमा गम खानु* (पृ. २५)

*शङ्काले लङ्का डढाउनु* (पृ. ३४)

*कुचोले बढार्नु पर्ने हावाले लग्यो* (पृ. ३५)

*भित्ताको पनि कान हुनु* (पृ.३७)

*गोता खानु* (पृ.३८)

*लातको मान्छेलाई वात काम नलाग्ने* (पृ. ४०)

*अकबरी सुनलाई जति पोले ठोके पनि ऊ कसीमा उत्रन्छ* (पृ.४१)

*मान्छे बिग्रन्छ दुई मनले पशु बिग्रन्छ एक मनले* (पृ.५१)

*हीरालाई पारखी नहुनु* (पृ. ५४)

*बोकाले दाइँ गर्नु* (पृ.८०)

*नबिराउनु नडराउनु* (पृ. ८१)

*अगुल्टाले पोलेकोलाई विजुलीले दच्काउनु* (पृ. ८५)

*अड्को पड्को तेलको धूप* (पृ.९५)

*अरूलाई पर्दा वेदान्त आफूलाई पर्दा मर्मान्त* (पृ.१०४)

*हात लग्यो शून्य* (पृ. १०८)

*एक कान दुई कान मैदान* (पृ. १११)

*काग कराउँदैछ पिना सुक्दैछ* (पृ. १११)

*तासको घर झैं* (पृ. ११२)

*हिङ  नभए पनि हिङ बाँधेको टालो* (पृ. १५०)

*कुलकी छोरी मूलको पानी* (पृ. १५३)

*लेखेको हुन्छ देखेको हुँदैन* (पृ. १४८)

*लहरा तान्दा पहरा गर्जिन्छ* (पृ. १८०)

*कुरा गहिरो सुन्ने बहिरो* (पृ. १८८)

*न समाउने हागो न टेक्ने लौरो* (पृ. २०१)

*ईन्द्रको बाबु चन्द्र* (पृ. २२६)

*जस्तो गति उस्तै मति* (पृ. २२६)

**निपात प्रयोग भएका केही वाक्यको नमुनाः**

*आज राजकुमार बहादुर शाहबाट यस्तै मनसाय भएर त होला नि !* (पृ.९४)

*लौ कुरो अब चुलीमा पुगि सकेछ त !* (पृ. ९४)

*म अकेला त हो नि !* (पृ. १२१)

*माइला बाबालाई सोधेको थिए नि !* (पृ. १८६)

*नहुने कुरा मैले बिन्ति बिसाउँला त !* (पृ. १९०)

*आँसुको पनि त एउटा सीमा नै हुन्छ नि ! ?* (पृ. २०९)

*सम्झना गर्ने फुर्सद पो कहाँ !* (पृ. २११)

*ए म त टीका धारी राजा पो हुँ त !* (पृ. २१६)

निष्कर्षमा प्रस्तुत उपन्यासमा सरल सहज भाषाको प्रयोग गरिएको छ । सभ्य एवं कथ्य भाषाका साथै ठेट नेपाली भाषाको प्रयोग पाइन्छ । छोटा संवादको साथै तत्सम शब्द, आगन्तुक शब्द, निपातको प्रयोग एवं उखानटुक्काको प्रयोगले उपन्यासको भाषालाई जीवन्त तुल्याएको छ ।

## ४.२ उपन्यासमा कल्पनाको प्रयोग

साहित्य सिर्जनामा लेखकीय कल्पनाको भरमग्दुर प्रयोग भएको हुन्छ । लेखकले काल्पनिक विषयवस्तुलाई पनि यथार्थपरक बनाउन कल्पनाशक्तिको प्रयोग गर्दछ । बहादुर शाह उपन्यास ऐतिहासिक उपन्यास हो । त्यसैले यस उपन्यासको विषयवस्तु, पात्र, एवम् घटनाहरू ऐतिहासिक यथार्थमा आधारित छन् । नेपाल एकीकरणका सहनायक यवम् उपन्यास नायक बहादुर शाहको सिङ्गो २३ वर्से राजनैतिक जीवनकालमा घटेका घटनाहरू उपन्यासमा बर्णित छन् । यसका अलवा राजेन्द्रलक्ष्मी, प्रतापसिंह र रणबहादुर शाह आदिको जीवन्त आरोहअवरोह पनि वर्णन गरिएको छ । उपन्यासले व्यापक परिवेश समेटेको देखिन्छ । व्यापक परिवेश समेटिएको २३ वर्से समयावधिलाई उपन्यासकारले आफ्नो लेखकीय कल्पनाको माध्यमबाट करिब करिब ८-९ घण्टाको समयावधिमा कैद गरेका छन् । उपन्यासमा रोचकरोचक प्रसङ्गहरू थपेर लेखकले आफ्नो कल्पनाशक्तिको पनि प्रयोग गरेका छन् । लेखकले वर्तमानको धरातलमा उभिएर ऐतिहासिक यथार्थको आकलन गरेका छन् । त्यसैले यो उपन्यास ऐतिहासिक यथार्थवादी उपन्यास हो र यसमा उपन्यासकारको ग्राह्य किसिमको कल्पनाको प्रयोग पाइन्छ । इतिहासभित्र अप्रत्यक्ष रूपमा उपन्यासकारको कल्पनाले पनि स्थान ओगटेको छ ।

## ४.३ सुन्दरप्रसाद शाह 'दु:खी'को समग्र साहित्यिक मूल्याङ्कन

सुन्दरप्रसाद शाह 'दु:खी' नेपाली उपन्यास परम्परामा डायमनशमशेर राणाद्वारा **वसन्ती** (२००६) उपन्यास लेखेर आरम्भ गरेको ऐतिहासिक यथार्थवादी उपन्यास लेखन परम्पारालाई समसामयिक युगमा पनि जीवन्त राख्न निरन्तर साधनारत रहेका छन् । वि.सं. २००४ मा **पंक्षी** कविता गोरखापत्रमा प्रकाशित गराएर नेपाली साहित्य

जगत्मा सार्वजनिक भएका हुन् । उनले नेपाली साहित्यका कविता, कथा, नाटक एवम् उपन्यास विधामा कलम चलाएका छन् । कविता विधाबाट साहित्य आरम्भ गरे तापनि उनको साहित्य लेखनको उर्वर विधाका रूपमा उपन्यास नै रहेको छ । नाटक विधामा पनि उनको कलम उत्तिकै चलेको पाइन्छ । ऐतिहासिक तथा सामाजिक विषयवस्तुलाई रङ्गरोगन गरेर नाटकमा प्रस्तुत गरेका छन् । अन्य विधाका तुलनामा कविता विधाले त्यत्ति सशक्तता प्राप्त गर्न नसके पनि उनका कविताहरू मर्मस्पर्शी छन् ।

सुन्दरप्रसाद शाह 'दुःखी'लाई नेपाली साहित्य जगत्मा बहुचर्चित बनाउन सफल विधा उपन्यास हो । उनले **प्रतिवाद** (२०४०), **त्रिफट्** (२०४२), **बहादुर शाह** (२०५२), **कान्तवती** (२०५५) र **सानो हजुर** (२०६०) गरी पाँचओटा उपन्यास लेखेका छन् । उनका पाँचओटै उपन्यासमा ऐतिहासिक विषयवस्तु समेटिएको छ । इतिहासको गर्भमा छिपेर रहेको अनन्त घटनाहरूलाई उजागर गरेर पाठक वर्गलाई दिन उनको प्रमुख उद्देश्य हो । रुखो ऐतिहासिक विषयवस्तुलाई कलात्मक रूपमा औपन्यासिकता प्रदान गरेका छन् । इतिहासमा घटेका घटना तथा परिघटनाहरू यथार्थ रूपमा प्रस्तुत भएका छन् । उनका उपन्यासमा मानवजीवनका बाध्यता, विवशता, विकृति, विसङ्गतिका साथै कुण्ठा, निराशा, अपमान, दुष्चरित्र, असफलता र दुःखद् मृत्युको चित्रण गरिएको छ । उनका उपन्यासहरू ऐतिहासिक राजनैतिक परिवेशको ऐना नै मान्नु पर्दछ ।

निष्कर्षमा शाहले विशेषगरी नेपालको ऐतिहासिक घटना, परिवेश र पात्रलाई आधार बनाई साहित्य सिर्जना गरेका छन् । उनले तत्कालीन शासकहरू बीचको विकृत राजनीतिले निम्त्याएको दुर्घटनालाई प्रस्तुत गर्न सफल भएका छन् । हाल सरकारी जागिरबाट अवकाश प्राप्त जीवनलाई पनि लेखनमा नै समर्पण गरेका छन् । सरकारी उच्चपदमा समेत सेवा गरेका शाहको नेपाली साहित्य जगत्मा उच्चस्थान रहेको देखिन्छ ।

## ४.४ निष्कर्ष

**बहादरु शाह** उपन्यास 'दुःखी' को सम्पूर्णमा तेस्रो ऐतिहासिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा कथावस्तु र चरित्रचित्रण सशक्त देखिन्छन् । उपन्यासको प्रमुख चरित्र बहादुर शाहको सिङ्गो २३ वर्से राजनीतिक जीवनमा देखापरेका आरोहअवरोह समेटिएको यस उपन्यासको शीर्षक सार्थक देखिन्छ । शीार्षक उपन्यासको नायककै नामबाट राखिएको छ । नायक इतिहास प्रसिद्ध पात्र हुन् । यस उपन्यासमा पनि प्रमुख भूमिकाको रूपमा प्रस्तुत गर्दै  इतिहास प्रसिद्ध पात्रकै रूपमा देखाइएको छ । उपन्यासको कथावस्तु इतिहासबाट लिइएको छ । नेपालको ऐतिहासिक राजनैतिक परिवेशमा बहादुर शाहको जीवनमा आइपरेका आरोहअवरोहलाई उपन्यासले आपनो कथ्य बनाएको छ । तत्कालीन सामाजिक रीतिस्थिति र देशकालको सिर्जना गरी कथ्यमा स्वाभाविकाता देखाइएको छ । यस उपन्यासमा तत्कालीन राजदरबारमा भारदारहरूको बढी चलखेल, गुटबन्दी र षड्यन्त्रको महाजाल बिछ्याइने जसले भयङ्कर दुर्घटना निम्त्याउने विकृति र विसङ्गतिको घटनालाई उपन्यासले कथावस्तुका रूपमा चयन गरेको छ । पृथ्वीनारायण शाहको देहान्तपछि बहादुर शाह नुवाकोटमा थुनिनु, तनहुँमा शरणार्थी जीवन बिताउनु, वेतिया प्रवासमा बस्नु, फर्कनु, देवर भाउजू मिलेर शासन चलाउनु, भारदारी षड्यन्त्रका कारण बहादुर शाहलाई शासनबाट हटाउन राजधानी बाहिर जाने आदेश हुनु, यसैकारण महारानी राजेन्द्रलक्ष्मी थुनामा पर्नु, उनी रिहा हुनासाथ बहादुर शाह वेतिया प्रवासमा जानु, नेपाल एकीकरणका लागि बाइसी चौबीसी राज्यसँग लडनु  र एक बनाउनु, तिब्वतसँग युद्ध जित्नु, पुनः बहादुर शाह जेल पर्नु र जेलभित्रै पिटिएर मारिनु जस्ता घटनाहरू कथानकका रूपमा आएका छन् । कथानक भित्र बाह्य र आन्तरिक द्वन्द्व दुवैको प्रवलता पाइन्छ । कथानकको आङगिक विकासका दृष्टिले आदि, मध्य र अन्त्य भागमा आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास तथा उपसंहारजस्ता पाँच चरण पार गरी कथानकले विश्रान्ति लिएको छ ।

उपन्यासको प्रमुख पात्रहरू बहादुर शाह, राजेन्द्रलक्ष्मी, प्रतापसिंह शाह, रणबहादुर शाह, रहेका छन् । स्वरूपसिंह कार्की दलमर्दन शाह, दलजीत शाह, ब्रजानाथ पौडेल, जुरेली,

विद्यालक्ष्मी , सर्वजीत रानामगर, विष्णुरूप शाह, देवीदत्त पाठक, जीवशाह, विदुर शाह, शेरबहादुर शाह, चामु रोकाय, आदि अनुकूल तथा प्रतिकूल सहायक पात्रहरू हुन् । उपन्यासमा पृथ्वीनारायण शाह, केपुचिन पादरी जस्ता अन्य थुप्रै मञ्चीय तथा नेपथ्य गौण पात्रहरू पनि आएका छन् । यो उपन्यासमा बहुपात्र प्रयोग भएको छ साथै नारी पात्रको तुलनामा पुरुषपात्रको उपस्थिति ज्यादा छ ।

उपन्यासमा मूलतः नेपालको एकीकरणको परिवेश आएको छ । यसको केन्द्रविन्दु वसन्तपुर दरबार हो भने त्यसपछि पशुपतिनाथ, नुवाकोट दरबार, गोरखा दरबार, चेपे नदी, तनहुँ पाल्पा, रसुवा, भीमफेदी, गढवाल, कर्णाली प्रदेश तथा बाइसी, चौबीसी राज्यको परिवेश आएको छ । नेपाल बाहिर तिब्वत तथा वेतियाको परिवेश सूच्यरूपमा आएको छ ।

तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दु प्रयोग भएको **बहादुर शाह** उपन्यासमा सरल भाषाशैलीको प्रयोग भएको अत्यन्त सुसभ्य भाषा प्रयोग गरिएको यस उपन्यासमा तत्सम शब्द, ठेट नेपाली शब्द, कथ्य शब्द, अनुकरणात्मक अङ्ग्रेजी, हिन्दी, अरबी र फारसी जस्ता आगन्तुक शब्द उखान टुक्का एवं निपातको प्रयोग पाइन्छ । छोटा छोटा संवादहरूको पनि प्रयोग गरिएको यस उपन्यासमा संवादहरू पात्रानुकूल छन् । व्याकरणिक पदविचलन गरी वाक्यगठन गरिएको हुँदा उपन्यास पढदै जाँदा कतै काव्यन्यास त होइन भन्ने आभास हुन्छ । समग्रमा यस उपन्यासको भाषाशैली सरल, सहज, स्वभाविक एवं सवल देखिन्छ ।

ऐतिहासिक विषयवस्तुलाई समकालीन युगमा यथार्थपरक रूपमा प्रस्तुत गर्नु यस उपन्यासको सारवस्तु रहेको छ । आधुनिक नेपाली उपन्यास परम्परामा प्रभावकारी आख्यानीकरण सहित एउटा पुष्ट ऐतिहासिक यथार्थवादी उपन्यास लेखिनु यसको औपन्यासिक उपलब्धि हो । ऐतिहासिक तथ्यमा आधारित भएर उपन्यास लेखे तापनि बहादुर शाहको सिङ्गो २३ वर्षे समयावधिलाई करिब-करिब ८-९ घण्टाको समय अवधिमा कैद गर्न सक्नु लेखकको कल्पनाशक्ति हो । यस उपन्यासलाई व्यवहारमा भन्दा कथावस्तु प्रस्तुति र भाषाशैलीमा सफल मान्न सकिन्छ । अतः आधुनिक नेपाली उपन्यास परम्परामा **बहादुर शाह** उपन्यास एउटा सफल ऐतिहासिक यथार्थवादी उपन्यासका रूपमा स्थापित हुन सक्षम छ ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

प्रस्तुत '**बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन' शीर्षक शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजन र सङ्गठित गरिएको छ । यसको पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यसको दोस्रो परिच्छेदमा सुन्दरप्रसाद शाह 'दुःखी' को जीवनी, व्यक्तित्व र उपन्यास लेखनका बीच अन्तःसम्बन्ध देखाइएको छ । साहित्यिक रचनाधर्मिताको खोजी गरिएको छ । शोधपत्रको तेस्रो परिच्छेदमा उपन्यास विधासिद्धान्त तथा नेपाली ऐतिहासिक उपन्यास परम्पराको चर्चा गरिएको छ । यस शोधपत्रको चौथो परिच्छेदमा औपन्यासिक विधासिद्धान्तका आधारमा **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । शोधपत्रको पाँचौ परिच्छेदमा अध्ययनको उपसंहार एवं निष्कर्ष को प्रस्तुति छ ।

शोधपत्रको पहिलो परिच्छेद परिचय खण्ड हो । यसमा शोधपत्रका सबै अङ्गहरूको परिचय रहेको छ । यस परिच्छेदमा शोधशीर्षक, शोधपत्रको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, शोध्य विषयसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन र समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामाग्रीसङ्कलन विधि, शोध विधि र शोधपत्रको रूपरेखाको चर्चा गरिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेदमा सुन्दरप्रसाद शाह 'दुःखी' को साहित्यिक रचना धर्मिता अन्तर्गत, जीवनी, व्यक्तित्व, जीवनी र उपन्यास लेखनको अन्तः सम्बन्ध र औपन्यासिक यात्रालाई केलाइएको छ । सुन्दरप्रसाद शाह 'दुःखी' वि.सं. १९८८ भाद्र २० गतेका दिन राजेन्द्रप्रसाद शाह तथा पीताम्वरेश्वरी देवी शाहका तेस्रो पुत्रका रूपमा काठमाडौँको ज्ञानेश्वरमा जन्मेका हुन् । यिनको न्वारनको नाम वोधप्रसाद शाह भएपनि साहित्यिक नाम भने सुन्दरप्रसाद शाह 'दुःखी' रहन गयो । यिनले प्रारम्भिक शिक्षा घरमै प्राप्त गरेका थिए भने प्रवेशिका परीक्षा दरबार हाइस्कुलबाट द्वितीय श्रेणीमा उत्तीर्ण गरी एम्.ए.सम्मको अध्ययन पूरा नगर्दै सरकारी सेवामा जागीरेका रूपमा सेवा

गर्न पुग्छन् । बहुमुखी प्रतिभाका धनी 'दुःखी'को साहित्य लेखनको आरम्भ १४ वर्से विद्यार्थी जीवनमा **बालक** शीर्षकको कविता लेखेपछि हुन्छ । उनको प्रथम प्रकाशित रचना **पंक्षी** (२००४) शीर्षकको कविता हो । यसपछि उनले कविता, कथा, नाटक र उपन्यास विधामा कलम चलाएका छन् । यी सबैमध्ये उनको उर्वर विधा उपन्यास हो । उनका पाँचवटा ऐतिहासिक उपन्यासहरू **प्रतिवाद** (२०४०), **त्रिफट्** (२०४२), **बहादुर शाह** (२०५२), **कान्तवती** (२०५५) र **सानोहजुर** (२०६१) हुन् । नरहरि आचार्य, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र भीमनिधि तिवारीलाई आफ्नो प्रेरणाको स्रोत मानेका छन् । उनको जीवनी तथा उपन्यास लेखनका वीच अन्तः सम्बन्ध रहेको पाइन्छ । सिङ्गो उनको उपन्यास यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । पहिलो चरण २०४० देखि २०५२ सम्म र दोस्रो चरण २०५२ देखि हालसम्म मान्न सकिन्छ । उनको पहिलो चरणमा **प्रतिवाद** (२०४०) र **त्रिफट्** (२०४०) उपन्यासहरू पर्दछन् भने दोस्रो चरणमा **बहादुर शाह** (२०५२), **कान्तवती** (२०५५) र **सानो हजुर** (२०६१) पर्दछन् । यी सबै उपन्यासमध्ये विषयवस्तु, कथन र भाषाशैलीका रूपमा **बहादुर शाह** उपन्यास उत्कृष्ट देखिन्छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा उपन्यासको विधागत सैद्धान्तिक अध्ययन तथा नेपाली ऐतिहासिक उपन्यास परम्पराको अध्ययन गरिएको छ । आधुनिक साहित्यको नवीन विधा उपन्यासलाई पूर्व र पश्चिममा विभिन्न ढङ्गले चिनाउने प्रयास भएको पाइन्छ । नेपाली साहित्यमा प्रयुक्त उपन्यास शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्गका साथै 'घ्ञ' प्रत्येय लागेर बनेको हो तर साहित्यको विधागत प्रवृत्तिका आधारमा उपन्यास शब्द अङ्ग्रेजी साहित्यको 'नोवेल' (Novel) को पर्यायका रूपमा नै प्रयोग भएको छ । पाश्चात्य साहित्यबाट विकास हुँदै नेपाली साहित्यमा आइपुगेको उपन्यासलाई गद्य भाषामा लेखिएको काल्पनिक पात्रको कार्यव्यापारद्वारा कथावस्तुलाई व्यवस्थित र शृङ्खलित रूपमा प्रस्तुत गरिएको ठूलो परिवेश र आयाममा विस्तृत आख्यान समेटिएको जीवनजगत्को साङ्गोपाङ्गो यथार्थपरक चित्रण महाकाव्य समकक्षी नवीन र प्रचलित आख्यानात्मक साहित्यिक विधाका रूपमा प्रस्तुत गर्न सकिने निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ । उपन्यासको स्वरूप साहित्यका अन्य

विधा, कथा, नाटक र महाकाव्यसँग केही मेल खाएजस्तो देखिए पनि यसको आफ्नै मौलिक स्वरूप छ । उपन्यासमा कथानक, पात्र पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु र भाषा मूलतत्त्व मानिन्छन् र कौतुहल द्वन्द्व, कथोपकथन सहयोगी तत्त्व हुन् । नेपाली ऐतिहासिक उपन्यास परम्परालाई हेर्ने हो भने माध्यमिक कालमा लेखन आरम्भ भई विविध कालखण्ड पार गर्दै डायमन शमशेर राणाको **वसन्ती** (२००६) प्रकाशित भएपछि नेपाली उपन्यासको ऐतिहासिकताका क्षेत्रमा आधुनिक युग देखा पर्दछ । डायमन शमशेर राणाको **सेतो बाघ** (२०३०), सुन्दरप्रसाद शाह 'दु:खी' को **प्रतिवाद** ( २०४०), **त्रिफट्** (२०४२), **बहादुर शाह** (२०५२), **कान्तवती** (२०५५), **सानो हजुर** ( २०६१), दौलत विक्रम विष्टको **फाँसीको फन्दामा** (२०५३), आदि ऐतिहासिक यथार्थवादी उपन्यासहरू हुन् ।

शोधपत्रको चौथो परिच्छेदमा औपन्यासिक विधा सिद्धान्तका आधारमा **बहादुर शाह** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । **बहादुर शाह** परम्परागत ढाँचामा अङ्कविभाजन गरी लेखिएको उपन्यास हो । वर्णनात्मक शैलीमा लेखिएको यस उपन्यासलाई २२ परिच्छेदमा विभाजन गरिएको छ । जम्मा २३१ पृष्ठको आयाममा लेखिएको यो उपन्यास मध्यम आकारको छ । नेपालको ऐतिहासिक राजनैतिक परिवेशमा **बहादुर शाह**को जीवनमा आइपरेका आरोहअवरोहलाई उपन्यासले आफ्नो कथ्य बनाएको छ । तत्कालीन सामाजिक रीतिस्थिति र देशकालको सिर्जना गरी कथ्यको स्वाभाविकता देखाइएको छ । नेपालको इतिहासमा वीर, साहसी, देशप्रेमी भएर पनि षड्यन्त्रकारीहरूको सिकार बनेर मर्माहत भई जीवन यापन गर्न वाध्य **बहादुर शाह**को जीवनक्रममा घटेका घटनाहरूलाई विषयवस्तुका रूपमा समेटिएको छ । पृथ्वीनारायण शाहको देहान्त पछि **बहादुर शाह** नुवाकोटमा थुनिनु, तनहुँमा निर्वासित जीवन बिताउनु, वेतिया प्रवासमा वस्नु, प्रतापसिंह शाहको असामयिक निधन हुनु, वेतियाबाट फर्कनु , देवर भाउजू मिलेर द्वैध शासन चलाउनु, भारदारी चहलपहल बढ्नु, **बहादुर शाह**लाई राजकाजबाट पन्छाउनको लागि बाईसी र चौबीसी राज्यतिर जाने आदेशदिनु, यसैकारण राजेन्द्रलक्ष्मी थुनिनु, राजेन्द्रलक्ष्मीको रिहा हुनासाथ **बहादुर शाह** प्रवासमा जानु, राजेन्द्रलक्ष्मी राज्यक्ष्मा (टी.वी.) रोगले

च्यापेपछि पुनः **बहादुर शाह**लाई बोलाउनु, राजेन्द्रलक्ष्मीको मृत्यु हुनु, बाईसी चौबीसी राज्यमाथि विजय हातपानु, तिव्वतसँग युद्ध जित्नु, **बहादुर शाह** जेल परी जेलमै पिटिएर मारिनु जस्ता घटनाहरू कथानकका रूपमा आएका छन् । यी घटनावलीहरूलाई आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वको प्रवलतासहित आदि, मध्य र अन्त्यको क्रममा व्यवस्थित गरिएको छ ।

उपन्यासको प्रमुखपात्रहरू **बहादुर शाह** राजेन्द्र लक्ष्मी, प्रतापसिंह शाह, रण**बहादुर शाह** रहेका छन् । स्वरूपसिंह कार्की, दलमर्दन शाह, दलजित शाह, ब्रजनाथ पौडेल, जुरेली, विद्यालक्ष्मी, सर्वजित रानामगर, विष्णुरूप शाह, देवीदत्त पाठक, जीवशाह, विदुर शाह, चामु रोकाय, आदि अनुकूल तथा प्रतिकूल सहायक पात्रहरू हुन् । उपन्यासमा थुप्रै मञ्चीय तथा नेपथ्य गौण पात्रहरू पनि आएका छन् । यो उपन्यासमा बहुपात्रप्रयोग भएको छ । साथै नारी पात्रको तुलनामा पुरुष पात्रको उपस्थिति ज्यादा छ ।

उपन्यासमा नेपालको ऐतिहासिक राजनीतिक परिवेश आएको छ । यसको केन्द्रबिन्दु वसन्तपुर दरबार देखिन्छ भने नुवाकोट दरबार गोरखा दरबार, लमजुङ्ग, तनहुँ, पाल्पा, कर्णाली प्रदेश, गढवाल, भीमफेदी आदि स्थानको परिवेश आएको छ । तृतिय पुरुष सर्वदर्सी दृष्टिबिन्दु प्रयोग भएको **बहादुर शाह** उपन्यासमा ऐतिहासिक विषयहरूलाई समकालीन युगमा यथार्थपरक रूपमा प्रस्तुत गर्नु यस उपन्यासको सारवस्तु रहेको छ ।

अत्यन्त सरल सहज, भाषा प्रयोग गरिएको यस उपन्यासमा तत्सम शब्द ठेट नेपाली शब्द, कथ्य शब्द, अङ्ग्रेजी, हिन्दी, अरवी, र फारसी जस्ता आगन्तुक शब्द उखान टुक्का एवं निपातको प्रयोगले समग्र उपन्यासको भाषाशैलीमा मिठासपन ल्याएको छ । उपन्यासमा प्रयोग भएको छोटा छोटा संवादहरू पात्रअनुकूल छन । विषयवस्तु भाषाशैलीको प्रबलतामा इतिहासको रुखो घटनालाई सुकोमल बनाउन उपन्यासकार सफल भएका छन् । उपन्यासको विषयवस्तु ऐतिहासिक तथ्यमा आधारित हुँदाहुँदै पनि बहादुर शाहको सिङ्गो २३ वर्से समयअवधिलाई उपन्यासकारले

८-९ घण्टाको समयअवधिमा कैद गर्न सक्नुमा लेखकको ग्राह्य किसिमको कल्पना शक्तिको प्रयोग भएको पाइन्छ । यही  नै **बहादुर शाह** उपन्यासको प्राप्ति हो ।

## ५.२ निष्कर्ष

**बहादुर शाह** उपन्यासको उपर्युक्त प्रकारको मूल्याङ्कन र त्यसबाट सङ्केतित मोठ निष्कर्षलाई शोधसमस्यासँग सम्बन्धित प्रश्नहरूको उत्तरका सन्दर्भमा अन्ततः केही बुँदाहरूमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. शाह खान्दानमा जन्मिएका  सुन्दरप्रसाद शाह 'दुःखी' बहुमुखी प्रतिभाका धनी छन् । साहित्यका कविता, कथा, नाटक र उपन्यासजस्ता बहुविधामा कलम चलाउने शाह कुशल प्रशासक पनि हुन् । ऐतिहासिक यथार्थमा उपन्यास लेख्ने उपन्यासकार शाहको **बहादुर शाह** उपन्यास पनि ऐतिहासिक उपन्यास हो ।

२. औपन्यासिक विधातत्त्वको प्रयोगका आधारमा **बहादुर शाह** सफल र सबल ऐतिहासिक यथार्थवादी उपन्यास हो । नेपालको इतिहासबाट टिपिएको यसको कथावस्तु प्रमुख पात्र **बहादुर शाह**को सेरोफेरो केन्द्रित छ । यो वर्णनात्मक शैलीमा लेखिएको उपन्यास हो ।

३. उपन्यास मध्यम स्तरीय आयाममा संरचित छ र आयाम सुहाउँदो परिवेश, भाषाशैलीको प्रयोग यसमा गरिएको छ ।

४. एउटा पुष्ट उपन्यास पठनको आस्वादन पाठकलाई दिलाउनुका साथै अन्यायपूर्ण गरिएको निर्णयले महान् व्यक्तित्त्व पनि गुमाउन सकिन्छ भन्ने सन्देशसमेत दिन उपन्यास सफल र सक्षम रहेको छ ।

## ५.३ सम्भावित शोधशीर्षकहरू

५.३.१ सुन्दरप्रसाद शाह 'दुःखी'को उपन्यासकारिता

५.३.२ **बहादुर शाह** उपन्यासको शैलीवैज्ञानिक अध्ययन

# सन्दर्भसामग्री सूची


त्रिनेत्र, 'बहादुर शाह', **हिमशिखर,** वर्ष १, अङ्क २, काठमाडौं : फागुन २०५२ ।

पन्त, दिनेशराज, **गोरखाको इतिहास** (पहिलो भाग), काठमाडौं : निदेशराज पन्त, २०४७ ।

पाण्डे, हेमराज 'अभागी', बहादुर शाह एउटा इतिहाससम्बद्ध उपन्यास, **हिमालय टाइम्स,** १२ मंसीर, २०५३ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **बृहत् नेपाली शब्दकोश**, पाँचौ संस्करण, काठमाडौं : ने.रा.प्र.प्र., २०५८ ।

पौडेल, चेतनाथ, **सुन्दरप्रसाद शाह 'दुःखी'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** ( अप्रकाशित) स्नातकोत्तर शोधपत्र, काठमाडौं : रत्नराज्य क्याम्पस, २०५८ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६१ ।

प्रधान, भिक्टर, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौं : ने.रा.प्र.प्र., २०४४ ।

बन्धु, चूडामणि, **भाषाविज्ञान,** छैटौं संस्करण, ललितपुर : साझा प्रकाशन, २०५० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५८ ।

भट्टराई, घटराज, नेपाली लेखककोश, काठमाडौं : नेशनल रिसर्च एसोसियट्स, २०५१ ।

____________, 'ऐतिहासिक उपन्यास बहादुर शाह', काठमाडौं : **कान्तिपुर कोसेली,** २७ माघ, २०५३ ।

भट्टराई, चूडामणि, **सुन्दरप्रसाद शाह 'दुःखी'का उपन्यासको अध्ययन**, (अप्रकाशित) स्नातक शोधपत्रको, काठमाडौं : रत्नराज्य क्याम्पस, २०५८ ।

राई, ईन्द्रबहादुर, **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५२ ।

शर्मा, वसन्तकुमार 'नेपाल', **नेपाली शब्दसागर,** दोस्रो संस्करण, काठमाडौँ , भाभा पुस्तक भण्डार, २०५८ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौँ : ने.रा.प्र.प्र., २०५५ ।

____________, **शैलीविज्ञान,** दोस्रो संस्करण, काठमाडौँ : ने.रा.प्र.प्र., २०५९ ।

शाह, सुन्दरप्रसाद 'दुःखी', **बहादुर शाह,** काठमाडौँ : सुकसंक प्रकाशन, २०५२ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौथो, संस्करण, ललितपुर : साझा प्रकाशन, २०४९ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६० ।

सुवेदी, राजाराम, 'राष्ट्रप्रेम झल्काउने कृति', काठमाडौँ : **मधुपर्क**, साउन, २०५३ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

## अन्य भाषाका सन्दर्भसामग्री सूची

**इन्साइक्लोपेडिया इन्टरनेसनल,** भोल्युम २, लेक्सिकन पब्लिकेसन, सन् १९८१ ।

इ.एम.फेस्टर : **अक्सफोर्ड आफ नोवल,** इङ्गल्याण्ड : पेन्गइन बुक्स लि., सन् १९८५ ।

द्वारिकाप्रसाद र एस.चन्द्र, **हिन्दी हिन्दी शब्दकोश,** नयाँदिल्ली : एस्, चन्द्र एण्ड कम्पनी लिमिटेड, सन् १९८७ ।

वेबस्टर, **न्यु इन्टरनेसनल डिक्सनरी,** दोस्रो संस्करण एण्ड सी. मेरियम कम्पनी, सन् १९८४ ।

राल्फ फक्स, **द नोबल एण्ड द पिपल,** लण्डन : द कोब्लेट पब्लिसिङ, कम्पनी लिमिटेड, सन् १९९४ ।

हेनरी फिल्डिङ, **प्रोफाइल्स इन लिटरेचर,** दरियागञ्ज : दिल्ली विकास पब्लिकेसन, सन् १९६९ ।